**केन्द्रीय कार्यालय**
हरिहरभवन, ललितपुर
पोष्ट बक्स नं.: ९१८२, काठमाडौं
इमेलः nhrc@nhrcnepal.org
फोन नं.: ०१५०१००१५, १६, १७, १८
वेव साइटः www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५०१००००

**क्षेत्रीय कार्यालयहरूः**

विराटनगर, बरगाछी चोक
फोन नं.: ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ०२१-४६११००

जनकपुर, देवीमार्ग
फोन नं.: ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ०४१-५२७२५०

पोखरा जनप्रिय मार्ग
फोन नं.: ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन नं.: ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन नं.: ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ०९१-५२५६२३

**उप-क्षेत्रीय कार्यालयहरू**

खोटाङ, दिक्तेल
फोन/फ्याक्स नं.: ०३६-४२०२८४

रूपन्देही, बुटवल
फोन नं.: ०७१-५४६९११, फ्याक्सः ०७१-५४७७६२

जुम्ला, खलङ्गा
फोन/फ्याक्स नं.: ०८७-५२०२२२


## राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकार सम्बन्धी महत्वपूर्ण निर्णयहरु


वर्ष १ अङ्क २ २०७३ माघ


आयोगले बिनाआधार र कारण हचुवाको भरमा कसैका विरूद्ध मुद्दा चलाउन सिफारिस गर्ने पनि होइन । त्यसैले, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन । त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानुनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने ।

*–सर्वोच्च अदालत रिट नं. ०६८-WS-००६३ आदेश मिति २०६९/११/२३/४*


**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहर भवन, ललितपुर, नेपाल

## राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकार सम्बन्धी महत्वपूर्ण निर्णयहरू

वर्ष १ अङ्क २ २०७३ माघ

आयोगले बिनाआधार र कारण हचुवाको भरमा कसैका विरूद्ध मुद्दा चलाउन सिफारिस गर्ने पनि होइन । त्यसैले, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन । त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानुनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसाय अनुकूल हुन्छन् भनी अर्थ गर्न पनि नमिल्ने ।

*–सर्वोच्च अदालत रिट नं. ०६८-WS-००६३ आदेश मिति २०६९/११/२३/४*

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहर भवन, ललितपुर, नेपाल

**आयोगका पदाधिकारीहरू**

मा. अनूप राज शर्मा, अध्यक्ष

मा. प्रकाश वस्ती, सदस्य

मा. सुदिप पाठक, सदस्य

मा. मोहना अन्सारी, सदस्य

मा. गोविन्द शर्मा पौड्याल, सदस्य

**सचिव**

श्री वेदप्रसाद भट्टराई, सचिव

**संयोजन**
श्यामबाबु काफ्ले
नि. महाशाखा प्रमुख
कानुन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग ।

**सहयोग**
मानव अधिकार अधिकृतद्वय दिव्य कुमार झा, रञ्जिता साह र सहायक प्रथम मणिराम थापा
कानुन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग ।

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
कानुन महाशाखा
हरिहरभवन, ललितपुर ।

**प्रकाशन मिति :** २०७३ माघ

---

**प्रकाशन प्रति** : १०००

**प्रकाशन सङ्ख्या** : रा.मा.अ.आ. के.का. २०९

**मुद्रण : सिमोन प्रिन्टर्स एण्ड ट्रेडर्स**
फोन नं. ५२६००३०, ९८५१०६९५२०

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

आयोगको पूर्व-स्वीकृतिबिना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

## प्रकाशन सम्बन्धमा

१. राष्ट्रिय मानव अधिकार आयोगले २०७३ वैशाख महिनाबाट सुरु गरेको मासमनिको दोस्रो अङ्कको रूपमा आयोगबाट भएका थप १२ वटा महत्त्वपूर्ण निर्णयहरू यस अङ्कमा समावेश गरिएको छ ।

२. यस अङ्कमा मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनसँग सम्बन्धित आयोगबाट भएका महत्त्वपूर्ण निर्णयहरू समावेश गरिएको छ ।

३. यस प्रकाशनमा कतिपय स्थानमा आयोगको ठहर र कतिपयमा निर्णय उल्लेख भएको विषयलाई मानव अधिकार आयोग ऐन २०५३ बमोजिम भएका निर्णयहरूमा ठहर र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ बमोजिम भएका निर्णयहरूमा निर्णय भनी उल्लेख गरिएको छ ।

४. प्रकाशित सामग्रीलाई पठनीय र प्रयोगकर्ता मैत्री बनाउने प्रयोजनका लागि प्रत्येक परिच्छेदहरूमा नम्बरिङ गरिएको छ । तर, ठहर वा निर्णयमा उल्लेख भएको ब्यहोरालाई हुबहु रूपमा उल्लेख गर्दै व्याकरणीय रूपमा (विशेषतः ह्रस्वदीर्घ) मात्र हेरिएको छ ।

५. पीडित र साक्षीको अधिकार संरक्षणको दृष्टिकोणबाट यस प्रकाशनमा उनीहरूको नाम गोप्य राखिएको छ । तर, मृतक र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको नाम उल्लेख गरिएको छ ।

६. यस प्रकाशनमा छापिएका निर्णयहरूमा कुनै द्विविधा उत्पन्न भएमा सक्कल निर्णय मान्य हुनेछ ।

# विषयसूची


| उजुरी नं. | मानव अधिकार उल्लङ्घनको विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| २०६३ सालको ७९९ क्षे.का. | विस्थापित | १ |
| २०६४ सालको ४३९६/३५/०६९ | लुटपाट र विस्थापित | १० |
| | गैरन्यायिक हत्या | १६ |
| | बेपत्ता सम्बन्धमा | २४ |
| २०६२ सालको उजुरी दर्ता नं. २९६५ | हिरासतमा आत्महत्या | २९ |
| २०६२ सालको उजुरी नं ३४०० | गोली हानी हत्या गरिएको | ३४ |
| २०६३ सालको ७/१५१, क्षे.का. | बेपत्ता | ४१ |
| २०६३ सालका ९९१, क्षे.का. | गैरन्यायिक हत्या | ५२ |
| | क्षतिपूर्ति सम्बन्धमा | ५८ |
| | गैरन्यायिक हत्या | ६१ |
| | गैरन्यायिक हत्या | ७२ |
| | विद्युतीय धरापमा परी मृत्यु तथा घाइते | ८१ |

## राष्ट्रिय मानव अधिकार आयोगको

### निर्णय

माननीय अध्यक्ष, श्री केदारनाथ उपाध्याय
माननीय सदस्य, श्री रामनगिना सिंह
माननीय सदस्य, श्री गौरी प्रधान
मानीनीय सदस्य श्री डा. के.वि.रोकाय

**संवत् २०६३ सालको फाइल नं.:- ७९९ क्षे.का., जनकपुर ।**

**विषय : विस्थापित ।**

**सशस्त्र द्वन्द्वको कारण उत्पन्न आन्तरिक विस्थापितको उल्लिखित अवस्थाबाट नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ अन्तर्गत अधिराज्यभर आवतजावत गर्न पाउने, सम्पत्तिको प्राप्ति, उपभोग र स्वेच्छापूर्वक वासस्थान रोज्ने लगायतका मौलिक अधिकारको उल्लङ्घन भएको पाइयो। संविधानद्वारा प्रत्याभूत आवतजावत गर्ने स्वतन्त्रताको अधिकार समेत विस्थापितहरूले प्रयोग गर्न नपाउनु, आफ्नो सम्पत्ति उपभोग गर्न नपाउनु तथा आफ्नो मूल घरमा बसोवास गर्न नपाउनु समेतबाट उनीहरूको मौलिक हकमाथि नै कुठाराघात भएको प्रस्ट देखिन्छ। (प्रकरण नं. १६)**

**त्यस्तै विस्थापित व्यक्तिहरूको लागि कानुनद्वारा विशेष अधिकार प्रत्याभूत गरेको नभए पनि राज्यका अन्य नागरिकसरह नै आन्तरिक विस्थपित व्यक्तिहरूको आधार भूत मानव अधिकारहरूको प्रत्याभूति गर्ने मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९७९, सबै प्रकारका जातीय भेदभाव विरुद्धको अन्तर्राष्ट्रिय अनुबन्ध १९६५, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, सन् १९९४ का मानवीय कानुनसम्बन्धी ४ वटै जेनेभा महासन्धिहरू तथा तिनीहरूका प्रथम आलेखहरू १९७७ र सन् १९५१ को राष्ट्रसङ्घको शरणार्थीसम्बन्धी महासन्धि तथा १९६७ को आलेख समेतले विस्थापितहरूको अधिकारलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा स्थापित गरिदिएका**

**छन् । त्यसकारण, विस्थापित भएकै कारणले उनीहरूलाई अन्य नागरिकसरह अधिकारहरूको स्वतन्त्रपूर्वक उपभोग गर्नबाट वञ्चित गर्न सकिँदैन । (प्रकरण नं. १७)**

**आन्तरिक विस्थापितहरूको उचित व्यवस्थापनको पहिलो र अन्तिम जिम्मेवारी राज्यको हुने कुरामा विवाद छैन । अन्तर्राष्ट्रिय मानवीय सहयोग समस्याको तत्कालीन निराकरणका लागि अस्थायी उपायहरू मात्रै हुन् । अत: राज्यले विस्थापितहरूका आधारभूत मानव**

**अधिकारको प्रत्याभूति गर्नुपर्ने तथा उनीहरूको इच्छा विपरीत पुनः असुरक्षित स्थानमा नफर्काई उनीहरूको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने जिम्मेवारी राज्यको दायित्वअन्तर्गत पर्दछ । (प्रकरण नं. २१)**

**राज्यले प्रत्यक्ष मानव अधिकार उल्लङ्घन गरेको अवस्थामा मात्र होइन, गैरराज्य पक्षले ज्यादती गरेको अवस्थामा प्रभावकारी संरक्षण प्रदान गर्न नसकेको अवस्थामा पनि नागरिकलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ । (प्रकरण नं. २२)**

१. जिल्ला ... वडा नं. .. स्थायी घर भई हाल कामनपा वडा नं. ... बस्ने ... को घरमा २०५९ साल पुस महिनामा नेकपा (माओवादी) का कार्यकर्ताहरू आई घरमा रहेका मानिसहरूलाई बाँधेर चलअचल सम्पत्ति कब्जा गरी विस्थापित बनाएको र माछा पोखरीबाट वार्षिक रूपमा हुने आम्दानी रकम रु २५,००० पनि नेकपा (माओवादी) हरूले नै लाने गरेको हुँदा सम्पूर्ण नोक्सानीको क्षतिपूर्ति दिलाई शान्तिपूर्ण रूपले पुनःस्थापित गराई पाऊँ भनी मिति २०६३।४।३ गते यस आयोगमा दर्ता भएको उजुरी आयोगको निर्णयबमोजिम कार्यक्षेत्र सरी क्षेत्रीय कार्यालय जनकपुरबाट कारबाही अगाडि बढाइएको रहेछ ।

२. प्रस्तुत उजुरीका सम्बन्धमा आयोगबाट गरिएका काम कारबाहीहरू देहायबमोजिम रहेको देखियो :

३. माथि प्रकरण नं. १ मा उल्लेख गरिएको घटना सम्बन्धमा के कसो भएको हो ? उजुरीमा जिकिर गरेबमोजिमका कार्यहरू भएको हो वा होइन ? यदि हो भने त्यस्ता कार्यहरू मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरीत भएकाले शीघ्र सुरक्षित रूपमा घरमा फर्कन अनुकूल वातावरण सृजना गर्न, कब्जा गरिएको सम्पत्ति निजलाई हस्तान्तरण गर्न तथा सोको सम्पूर्ण विवरणहरू यथाशीघ्र आयोगमा उपलब्ध ... भन्ने समेत ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय विराटनगर बाट ... मार्फत जिल्ला जनसम्पर्क कार्यालय नेकपा (माओवादी) ... लाई पत्र लेखी क्षेत्रीय ब्युरो कार्यालयलाई बोधार्थ तथा कार्यार्थ दिइएको पत्र मिसिल संलग्न रहेको ।

४. ... जिल्लामा रहेका मानव अधिकार सम्बन्धी उजुरीको अनुगमन र अनुसन्धानका लागि खटिएको टोलीले सप्तरिका प्रजिअ शम्भु कोइराला र सप्तरी जिल्ला ... प्रतिनिधि ... सँग सम्पर्क राख्दा समस्या समाधान हुन नसकेको भन्ने ब्यहोरा उजुरीउपर गरिएको कारबाही वा प्रगतिको सङ्क्षिप्त विवरण फारममा मिति २०६३।१२।२२ मा उल्लेख गरिएको रहेछ ।

५. यसैगरी मानव अधिकार अनुगमन तथा अनुसन्धानको लागि ... जिल्लामा खटिई गएको टोलीले निजको घर जग्गामा गई अनुगमन गर्दा निज हाल घर छोडी काठमाडौंमा ... बस्दै गरेको र हाल कुनै पार्टीले घर जग्गामा रोक नलगाएको भन्ने ब्यहोरा मिति २०६४।५।२२ मा उजुरीउपर गरिएको

कारबाही वा प्रगतिको सङ्क्षिप्त विवरण फारममा उल्लेख भएको ।

६. निज ... को घरजग्गा हाल कोही पक्षबाट कब्जा नगरिएको र हाल निज काठमाडौँमा बसोवास गर्दै गरेको पाइएकाले अन्य क्षतिपूर्तिको माग दाबीको सम्बन्धमा सशस्त्र द्वन्द्वको समयमा नेकपा (माओवादी) बाट भएको व्यक्तिगत सम्पत्तिको क्षतिको सम्बन्धमा सरकारी तवरबाट निर्णय भई वा पछि आयोगबाट थप अनुसन्धान गरी क्षतिपूर्तिको लागि सिफारिस गर्न बाधा नपर्ने हुँदा हाललाई यो उजुरीलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम ६ बमोजिम टुङ्ग्याउन आवश्यक देखिएको हुँदा निर्णयार्थ पेस गर्दछु भन्ने ब्यहोरा उल्लेख गरी उजुरी हेर्ने अधिकृतबाट मिति २०६७।९।२१ गते आयोगसमक्ष टिप्पणी र आदेश पेस भएको ।

७. "यसमा ..., ..., ... ले २०६३ साउन महिनामा मा क्षे.का. विराटनगरमा उजुरी दर्ता गराएको । निजहरूले नै २०६२।५।७ मा जिल्ला प्रशासन कार्यालय ... मा उजुरी दर्ता गराएको प्रमाणित प्रतिलिपि मिसिल संलग्न रहेको देखियो । २०६३।४।१९ मा क्षे.का. विराटनगरबाट जिल्ला जन सम्पर्क कार्यालय नेकपा (माओवादी) ... लाई मिति २०६३।४।१९ मा ... पत्र लेखेको देखियो । २०६३।१२।२२ मा ... बाट अनुगमनमा खटी गएको टोलीले कारबाही गरेको बारे उल्लेख गरेको सङ्क्षिप्त प्रतिवेदनमा समस्या समाधान हुन नसकेको भनेको भन्ने उल्लेख भएको देखियो र २०६४।५।२२ मा अनुगमन गर्न गएको टोलीले सङ्क्षिप्त विवरणमा उजुरकर्ताहरू घर छाडी २।३ वर्षदेखि काठमाडौँ बस्दै आएको र कुनै पार्टीले घर जग्गामा रोक नलगाएको भन्ने ब्यहोरा उल्लेख गरेको देखियो । उल्लिखित सङ्क्षिप्त ब्यहोराबाट विभिन्न विषयमा अनुसन्धानकर्ताले ध्यान नपुर्‍याएको देखियो ।

(क) जिल्ला कार्यालय ...मा परेको उजुरीमा त्यस कार्यालयबाट के कस्तो कारबाही भयो र समस्या समाधान हुन नसकेको कारणबारे लिखित रूपमा पत्राचार गरी तथ्यगत जानकारी लिने प्रयास गरेको देखिएन ।

(ख) घरमा भएका सामानहरू लुटपिट गरी लगेको बारे पनि क्षति भएको रकमको यकिन जिल्ला प्रशासन कार्यालयबाट गराउनेतर्फ पनि मौकैमा कारबाही भएको देखिएन ।

(ग) अनुगमनकर्ताको अनुगमन केकस्तो Factual आधारमा आधारित छ उक्त तथ्यगत आधार देखिने गरी तथ्यगत डाटा मिसिल संलग्न रहेको देखिनुपर्नेमा सो देखिएन ।

(घ) अनुगमन, अनुसन्धान ढिलो र फितलो गरी भएको कारण के हो ? को, कसले आफ्नो जिम्मेवारी समयमा पूरा गर्न नसकेको ? यसबारे र माथि उल्लेख गरिएका विषयहरूमा समेत अविलम्ब

अनुगमन अनुसन्धान गरी गराई रिर्पोट पठाउनलाई क्षे.का. विराटनगरका नि. निर्देशक (कार्यालय प्रमुख) समक्ष मिसिल फिर्ता पठाउन सचिवसमक्ष मिसिल पेस गर्नु ।

(ङ) मिसिल प्राप्त भएको मितिले बढीमा १५ दिनभित्र अनुगमन अनुसन्धान पूरा गरी गराई रिर्पोट र आफ्नो रायसाथ मिसिल केन्द्रीय कार्यालयमा फिर्ता पठाउन निर्देशनसमेत दिनलाई सचिवसमक्ष मिसिल पेस गर्नु" भन्ने मिति २०६८।३।२३ को निर्देशन भएको रहेछ । सोबमोजिम आयोगको मिति ... गते, च.नं. ५४ मार्फत क्षेत्रीय निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय विराटनगरलाई प्रेषित पत्र मिसिल संलग्न रहेछ ।

८. आयोगको क्षेत्रीय कार्यालय विराटनगर बाट मिति २०६८।७।२८ गतेदेखि २०६८।८।१ गतेसम्म ... जिल्लाबाट आयोगमा दर्ता हुन आएका उजुरीउपर अनुसन्धान गर्ने निम्न तथ्यहरू प्राप्त हुन आएको रहेछ :-

९. २०५५ सालदेखि आफूहरूले ... को खेतीपाती हेर्ने गरेको (मेनेजरको रूपमा)। २०५३ सालदेखि नेकपा (माओवादी) हरूले घर जग्गा, पोखरीलगायत सम्पूर्ण सम्पत्ति कब्जा गरेपछि ... परिवार काठमाडौँ गएर बसेको । हालसम्म घर मा आएको छैन । ... मा पनि वहाँहरूको घर छ त्यहाँ कहिलेकाही आउने गर्छन् र हामी त्यही जान्छौं । २०६६ सालदेखि जमिन नेकपा (माओवादी) बाट फिर्ता लिई हामीले कमाउँदै आएको र जग्गाको उब्जनी ... परिवारहरूलाई कहिले हामी आफै गाडीमा हालेर काठमाडौं पठाइदिन्छौं कहिले उनीहरू नै ... को घरमा आएर बस्छन्, हामीले त्यही लगिदिने गरेका छौँ । नेकपा (माओवादी) ले घर जग्गालगायत सम्पत्ति कब्जा गरेपछि घरमा भएका सरसामान सबै लगे र जग्गा स्थानीयहरूलाई खेती गर्न दिएका थिए र उनीहरूबाट माओवादीले पनि आम्दानी खाने गर्दथे । विस्थापित हुनुभन्दा पहिला कहिले यहाँ ... र कहिले काठमाडौंमा बस्ने गर्नुहुन्थ्यो । त्यस वेलामा उहाँहरूको काठमाडौं र ... मा घर थियो भन्ने घटनाका सम्बन्धमा जानकार व्यक्तिको भनाइ रहेको ।

१०. मिति २०६६।७।९ गते प्रमुख जिल्ला अधिकारी तथा स्थानीय क्षति मूल्याङ्कन समितिका संयोजक श्री रामप्रसाद घिमिरेको अध्यक्षतामा बसेको बैठकले ... को माओवादीबाट भएको चल-अचल सम्पत्तिको क्षतिको रु १,५४,००० र घर मा भएको क्षतिको रु २४,९४,०५६ को मूल्याङ्कन गरी क्षतिपूर्तिको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय पठाउने निर्णय गरेको पाइएको ।

११. सो निर्णयबमोजिम हालसम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट कुनै र कम निकासा भई नआएकोले ... को परिवारले क्षतिपूर्ति नपाएको भन्ने जानकारी जिल्ला प्रशासन कार्यालय, ... का प्रशासकीय अधिकृत दिलिपरञ्जन बरालबाट प्राप्त भएको ।

१२. यसरी माथि प्राप्त तथ्यहरूका आधारमा उजुरवाला ... को परिवार हाल आफ्नो घर सम्पत्तिमा आई बसोवास गर्न कुनै पक्षबाट बाधा व्यवधान आएको नदेखिएको, माओवादीले कब्जा गरेको जग्गा जमीनहरू पनि उजीहरूबाट फिर्ता भई ... परिवारले काममा लगाएका मानिसहरूले खेती किसानी गर्दै आएको र खेतीको आयस्था उनीहरूले पनि खाँदै गरेको तथा सशस्त्र द्वन्द्वकालमा माओवादीबाट क्षति पुऱ्याएको चल-अचल सम्पत्तिको क्षतिपूर्ति हाल पाई नसकेको भए तापनि जिल्ला प्रशासन कार्यालय ... बाट भएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्तिको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइसकेको पाइएको हुँदा रकम निकासा भएपछि क्षतिपूर्ति पाउने नै देखिएकाले यो उजुरी तामेलीमा राख्न उपयुक्त देखिने भन्ने अनुसन्धान टोलीको विश्लेषण तथा निष्कर्ष रहेको देखिन्छ ।

१३. सशस्त्र द्वन्द्वको अवधिमा नेकपा (माओवादी) लगायत अन्य भूमिगत समूहका कारण आफ्नो चल-अचल सम्पत्ति उपभोग गर्नबाट वञ्चित हुनुका साथै आन्तरिक रूपमा विस्थापित भई धेरै व्यक्तिहरू बाँच्न बाध्य भएका छन् । माथि उल्लिखित तथ्यहरूको आधारमा विश्लेषण गर्दा नेकपा (माओवादी) ले सर्वसाधारण व्यक्ति ... को सम्पत्ति कब्जा गरी निजको परिवारलाई समेत आन्तरिक रूपमा विस्थापित गराएको पुष्टि हुन आयो ।

१४. विगतका प्राप्त तथ्याङ्क केलाउने हो भने नेकपा माओवादीहरूले २०५२ सालदेखि सुरु गरेको सशस्त्र द्वन्द्वको कारण आन्तरिक विस्थापनको समस्या देखा परी यो समस्याले बृहत् रूप लिएको कुरामा दुई मत हुनुपर्ने देखिँदैन । जनआन्दोलनपश्चात् नेपाल सरकार र नेकपा माओवादीबीच भएको २५ बुँदे आचारसंहिता, सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारी पत्र र ८ बुँदे सहमति तथा २०६३ साल मंसिर ५ मा भएको विस्तृत शान्ति सम्झौतामा उल्लेख भए तापनि विस्थापित व्यक्तिहरूलाई ससम्मान घर फर्किन दिने र कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने सवालमा नेकपा (माओवादी) पार्टी अझै उदासीन नै देखिन्छ भने कुनै पनि व्यक्तिको गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकतालगायत अन्य अपरिहार्य आवश्यकताको परिपूर्तिमा नै समस्या उत्पन्न भएको कारण आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई पुनः स्थापित गर्न नेपाल सरकारको भूमिका पनि फितलो नै रहेको देखिन्छ ।

१५. त्यस्तै विगतमा नेपाल सरकारबाट सशस्त्र द्वन्द्वका कारण विस्थापित भएका व्यक्ति तथा परिवारहरूका लागि केही कार्यक्रमहरू ल्याएको भए पनि ती कार्यक्रमहरू प्रभावकारी र दीर्घकालीन हुन नसक्दा पुनःस्थापन गराउनमा समस्या यथावत् नै रहेको देखिन्छ । विस्थापित व्यक्तिहरू वैदेशिक रोजगारीमा जान चाहेमा विशेष सहुलियत दिने भनी नेपाल सरकारले घोषणा

गरेको भए पनि उक्त सुविधा उपभोग गर्न पाएको देखिँदैन । यस्तै सरकारले २०५६ साल आसोज ३ गते गणेशमान सिंह शान्ति अभियान कार्यक्रममार्फत विस्थापित भएका व्यक्तिहरूलाई घर फर्कने वातावरण मिलाउने, आर्थिक, स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका सुविधा तथा व्यवसाय उपलब्ध गराउने भनिएकोमा सो कार्यक्रम प्रभावकारी रूपमा सफल नहुनुबाट पनि विस्थापितको समस्या यथावत् रहनुमा टेवा मिलेको देखिन्छ । साथै आन्तरिक विस्थापित सम्बन्धी राष्ट्रिय नीति २०६२ जारी गरिएको भए पनि सो नीतिबमोजिम कुनै ठोस कार्यक्रम भने ल्याइएको पाइएन ।

१६. सशस्त्र द्वन्द्वको कारण उत्पन्न आन्तरिक विस्थापितको उल्लिखित अवस्थाबाट नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ अन्तर्गत अधिराज्यभर आवतजावत गर्न पाउने, सम्पत्तिको प्राप्ति, उपभोग र स्वेच्छापूर्वक वासस्थान रोज्ने लगायतका मौलिक अधिकारको उल्लङ्घन भएको पाइयो । संविधानद्वारा प्रत्याभूत आवतजावत गर्ने स्वतन्त्रताको अधिकारसमेत विस्थापितहरूले प्रयोग गर्न नपाउनु, आफ्नो सम्पत्ति उपभोग गर्न नपाउनु तथा आफ्नो मूल घरमा बसोवास गर्न नपाउनु समेतबाट उनीहरूको मौलिक हकमाथि नै कुठाराघात भएको प्रस्ट देखिन्छ ।

१७. त्यस्तै विस्थापित व्यक्तिहरूका लागि कानुनद्वारा विशेष अधिकार प्रत्याभूत गरेको नभए पनि राज्यका अन्य नागरिकसरह नै आन्तरिक विस्थापित व्यक्तिहरूको आधारभूत मानव अधिकारहरूको प्रत्याभूति गर्न मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९७९, सबै प्रकारका जातीय भेदभाव विरुद्धको अन्तर्राष्ट्रिय अनुबन्ध १९६५, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, सन् १९९४ का मानवीय कानुनसम्बन्धी ४ वटै जेनेभा महासन्धिहरू तथा तिनीहरूका प्रथम आलेखहरू १९७७ र सन् १९५१ को राष्ट्रसङ्घको शरणार्थीसम्बन्धी महासन्धि तथा १९६७ को आलेखसमेतले विस्थापितहरूको अधिकारलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा स्थापित गरिदिएका छन् । त्यसकारण, विस्थापित भएकै कारणले उनीहरूलाई अन्य नागरिकसरह अधिकारहरूको स्वतन्त्रपूर्वक उपभोग गर्नबाट वञ्चित गर्न सकिँदैन ।

१८. यसैगरी संयुक्त राष्ट्रसङ्घद्वारा पारित United Nations Principles on Housing and property restitution for refugee and displaced persons, 2005 (The Pinheiro Principle) ले राज्य, संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू र अन्तर्राष्ट्रिय समुदायसमेतलाई शरणार्थी र विस्थापितको समस्यालाई

व्यावहारिक रूपमा सम्बोधन गर्न विश्वव्यापी र संहिताबद्ध अवधारणाको सुरुवात गरेको छ । विश्वभरिका प्रायः विस्थापित एवम् शरणार्थीहरूले विस्थापित भएकै कारणबाट आफ्नो जग्गा जमिन, घर र सम्पत्ति गुमाउनु परेको यथार्थलाई हृदयङ्गम गर्दै यस सिद्धान्तले घर तथा सम्पत्तिको परिपूरण (Restitution) गर्ने अवधारणालाई नै सर्वश्रेष्ठ समाधान ठानेको छ ।

१९. विशेषतः आन्तरिक विस्थापितहरूको सम्बन्धमा मात्रै केन्द्रित भएर जारी गरिएको हालसम्मको एक मात्र दस्तावेज भनेकै संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९९८ डिसेम्बर ९ मा पारित आन्तरिक विस्थापितहरूको निर्देशक सिद्धान्त (United Nations Guiding Priciples on Internally Displaced Persons, 1998) हो । जसले आन्तरिक विस्थापितको स्पष्ट परिभाषा गर्दै आन्तरिक विस्थापितसम्बन्धी सामान्य सिद्धान्तहरू, विस्थापित हुनबाट संरक्षणसम्बन्धी व्यवस्थाहरू, विस्थापित अवस्थामा उनीहरूको संरक्षणसम्बन्धी व्यवस्था र विस्थापितहरूलाई आवश्यक मानवीय राहत तथा सहयोग उपलब्ध गराई सुरक्षित पुनर्स्थापन र परिपूरणसम्बन्धी व्यवस्था गरेको छ भने राज्यपक्ष र गैरराज्यपक्ष दुबैलाई कर्तव्य निर्वाहकर्ताको रूपमा राखेको छ । यस सिद्धान्तले विस्थापितहरूको अधिकारको संरक्षण गर्न विशेष गरी निम्न प्रकारको व्यवस्था गरेको छ ।

- विस्थापित भएको आधारमा अधिकार र स्वतन्त्रताको उपपभोग गर्न भेदभाव नगरिने,
- यी सिद्धान्तहरू कुनै पनि भेदभावविना सबै विस्थापितहरूलाई समानरूपमा लागू हुने,
- आवश्यक परिस्थितिमा बाहेक विस्थापनको समय बढाउन नहुने,
- समाधानका लागि सम्पूर्ण वैकल्पिक उपायहरू अपनाउनुपर्ने,
- आवासको व्यवस्था, सुरक्षाको अनुभूति, खाद्यान्नको व्यवस्था, स्वास्थ्य सुविधाको उचित व्यवस्था गरिनुपर्ने,
- व्यक्तिको जीवनको, स्वतन्त्रताको, सुरक्षाको अधिकार एवम् मर्यादापूर्ण जीवनसम्बन्धी अधिकारहरूको सुनिश्चितता गरिनुपर्ने,
- परिवारका सदस्यलाई अलगअलग नगरि ने,
- बलात्कार, यातना, क्रूर अमानवीय व्यवहार, लैङ्गिक विभेदयुक्त हिंसाहरू तथा जबर्जस्ती वेश्यावृत्तिबाट संरक्षण गरिनुपर्ने,
- दासता, वैवाहिक बेचबिखन, यौनशोषण, अथवा जबर्जस्ती बालश्रमबाट संरक्षण गरिनुपर्ने,
- सैन्य सेवामा जबर्जस्ती भर्ती गराउन नपाइने, देश छाड्ने, देशको कुनै पनि भागमा सुरक्षाको खोजी गर्ने अधिकार, अन्य देशमा शरण खोज्ने अधिकार, बन्धक बन्न बाध्य नपारिने,

तथा शिक्षाको अधिकार आदिलाई यस सिद्धान्तले विशेष जोड दिएको छ ।

२०. आन्तरिक विस्थापितहरूको समस्या समाधान गर्न वास्तविक विस्थापित व्यक्तिहरूको पहिचाज गरी अभिलेखीकरण गर्नुपर्ने देखिन्छ । प्रस्तुत उजुरीमा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, धारा १७ र हालको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३ र १९ मा प्रत्येक नेपाली नागरिकको लागि व्यवस्था भएको मौलिक हकको विपरीत कार्य भएको देखियो ।

२१. आन्तरिक विस्थापितहरूको उचित व्यवस्थापनको पहिलो र अन्तिम जिम्मेवारी राज्यको हुने कुरामा विवाद छैन । अन्तर्राष्ट्रिय मानवीय सहयोग समस्याको तत्कालीन निराकरणका लागि अस्थायी उपायहरू मात्रै हुन् । अतः राज्यले विस्थापितहरूका आधार भूत मानव अधिकारको प्रत्याभूति गर्नुपर्ने तथा उनीहरूको इच्छा विपरीत पुनः असुरक्षित स्थानमा नफर्काई उनीहरूको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने जिम्मेवारी राज्यको दायित्वअन्तर्गत पर्दछ । विगत र वर्तमानका संविधानहरूले सबै नागरि कलाई सम्पत्ति आर्जन गर्ने, भोगचलन गर्ने, बेचविखन गर्ने आदि अधिकार प्रदान गरेको छ । राज्यले यी अधिकारहरूको संरक्षण गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्नुपर्दछ ।

२२. राज्यले प्रत्यक्ष मानव अधिकार उल्लङ्घन गरेको अवस्थामा मात्र होइन, गैर राज्यपक्षले ज्यादती गरेको अवस्थामा प्रभावकारी संरक्षण प्रदान गर्न नसकेको अवस्थामा पनि नागरिकलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ । तर पनि यस दायित्वलाई राज्यले गहन रूपमा नलिएको एवम् असक्षम भएको कारण विस्थापित समस्या अझैसम्म पनि समाधान हुन नसकेको अवस्था छ ।

२३. यसमा निर्णयतर्फ विचार गर्दा, ... जिल्ला ... निवासी ... को घरमा मिति २०५९ साल पुस महिनामा नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा रहेका मानिसहरूलाई बाँधी घरमा रहेको चल-अचल सम्पत्ति र खेतसमेत कब्जा गरेको कारण विस्थापित भएको हुँदा नोक्सानीको क्षतिपूर्ति र स्थापित हुन पाऊँ भनी मिति २०६३।४।३ गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो। यसमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदनअनुसार ... को सशस्त्र द्वन्द्वको अवधिमा ६ वर्षसम्म तत्कालीन नेकपा माओवादीबाट घर कब्जा गरी त्यसको आम्दानीसमेत जग्गा धनीहरूलाई उपलब्ध नगराएकाले निजको आफ्नो सम्पत्ति उपभोग गर्न पाउने मानव अधिकारको उल्लङ्घन भएको देखियो । उल्लिखित पीडित व्यक्तिले जिल्ला प्रशासन कार्यालय, ...मा उजुरी गरेकोमा हालसम्म क्षतिपूर्ति प्राप्त गर्न नसकेको देखिंदा निजको क्षति भएको सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

२४. प्रस्तुत उजुरीउपर भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाउनु । निर्णयको जानकारी उजुरीकर्तालाई दिनु । उजुरी फाइलको लगत कट्टा गरी नियमानुसार उजुरी फाइल आयोगको अभिलेख शाखामा बुझाइदिनु ।

**पेस गर्ने**

..................

मन्दिरा श्रेष्ठ

सहायक प्रथम

........... ........... ...........

सदस्य सदस्य सदस्य अध्यक्ष

इति संवत् २०७० साल असार ३० गते रोज १ शुभम् .........................

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष केदारनाथ उपाध्याय

माननीय सदस्य रामनगीना सिंह

माननीय सदस्य गौरी प्रधान

**संवत् २०६४ सालको उजुरी नं : ४३९६/३५/०६९**

**मानव अधिकार उल्लङ्घनको विषय:- लुटपाट र विस्थापित ।**

१. **आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति २०६३ को दफा ८.१ मा उल्लेख भएबमोजिम विस्थापितहरूको मानव अधिकार संरक्षण गर्न नसकेको, दफा ८.२ बमोजिम निजहरूलाई राहत उपलब्ध गराउन, दफा ९ बमोजिम निजहरूलाई विस्थापितको परिचय प्रदान गर्न समेत नसकेको देखियो । साथै नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०६८ को दफा ३.२ बमोजिम निजको क्षति भएको सम्पत्तिको क्षतिपूर्ति समेत दिएको पाइएन। यसबाट नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ विपरीत निजहरूको स्थायी रूपमा बसोबास गरिरहेका स्थानमा बसोबास गर्न पाउने धारा १९ विपरीत सम्पत्ति भोग गर्ने र सम्पत्तिको अन्य कारोबार गर्न पाउने मौलिक हकको हनन भएको देखियो ।** (प्रकरण नं. १२)

२. **आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशक सिद्धान्त १९९८ बमोजिम राज्यले विस्थापित भएको कुनै पनि विस्थापित व्यक्तिको सुरक्षा, स्वास्थलगायतका सुविधासहितको वैकल्पिक आवासको व्यवस्था गर्नुपर्ने, पर्याप्त क्षतिपूर्ति दिनुपर्ने तथा सिद्धान्तको भाग ४ मा उल्लिखित मानवीय सहयोग र भाग ५ मा उल्लिखित पुनर्गमन, पुनर्वास एवम् पुनर्मिलन लगायतका सिद्धान्तले निर्देशित गरेका कुनै पनि कार्य सरकारबाट भएको नदेखिँदा निजको मानव अधिकार हनन भएको हैन भनी भन्न सकिने अवस्था देखिएन ।** (प्रकरण नं. १३)

माथि उल्लिखित उजुरीको सङ्क्षिप्त विवरण र उजुरी संलग्न कागजात तथा उजुरीउपर भएको कारबाहीको विवरण ब्यहोरा यसप्रकार रहेछ ।

३. जि. ... वडा नं. ... स्थायी घर भई गाविस वडा नं. १ बस्ने ... सङ्घ नेपालका महासचिव ... को ... स्थित घरमा मिति २०५८ माघ २० गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले निजका आमा ... तथा बुबा ....लाई कुटपिट गरी घरमा रहेको करिब ५ लाख रूपियाँ बराबरको सम्पत्तिसमेत लुटपाट गरी बसोबास गरिरेको स्थानबाट धम्की दिई विस्थापित गराएकाले क्षतिपूर्ति उपलब्ध गराइदिनहुन र आफूले काम गर्न पाउने वातावरणका लागि आवश्यक पहल गरिपाऊँ भनी यस आयोगमा २०६४ चैत्र २४ गते उजुरी दर्ता गराउनुभएको रहेछ ।

४. उक्त उजुरी आयोगमा दर्ता हुन आएपछि आयोगले जिल्ला प्रशासन कार्यालय ... मा २०६५ वैशाख ९ र २०६७ भदौ २ गते फरक-फरक मितिमा दुईपटक पत्राचार गरी घटनाको बारेमा जानकारी माग गरेको रहेछ। २०६५ वैशाख ९ र २०६८ पुस ५ गते जिल्ला प्रहरी कार्यालय ... मा पत्राचार भएको रहेछ । तर, ती दुबै निकायबाट जबाफ प्राप्त नभएको रहेछ। आयोगको ताकेता (दोस्रो) पत्रपछि जिल्ला प्रशासन कार्यालय ... ले २०६७ भदौ २० गते जिल्ला प्रहरी कार्यालय ... लाई घटनाको बारेमा सम्पूर्ण ब्यहोरा खुलाई पठाइदिन भनी गरेको पत्राचार को बोधार्थ पत्र आयोगमा पनि प्राप्त हुन आएको रहेछ। तर, जिल्ला प्रशासन कार्यालयको पत्रको समेत जिल्ला प्रहरी कार्यालयले जवाफ नदिएको रहेछ । जवाफ प्राप्त नभएपछि आयोगका मानव अधिकार अधिकृतद्वय ... र ... ले प्रस्तुत उजुरीसमेतको बारेमा २०६७ पुस २९ गते जिल्ला प्रशासन कार्यालय ... र जिल्ला प्रहरी कार्यालयको स्थलगत अनुगमन गरी जानकारी माग गर्दा जिल्ला प्रशासन कार्यालयबाट आयोगको टोलीले भ्रमण गरेको मितिमा नै पुनः जिल्ला प्रहरी कार्यालयमा यस घटना सम्बन्धमा खुलाई पठाउन भनी पत्राचर गरेको रहेछ। तर, जिल्ला प्रहरी कार्यालयबाट आयोगको टोली स्थलगत भ्रमणमा रहेको अवधिमा कुनै जवाफ प्राप्त नभएकाले टोलीले सोही दिन प्रहरी नायव उपरीक्षक धिरजप्रताप सिंहलाई भेटी आयोगको पत्रको जवाफ नआएको विषयमा ध्यानाकर्षण गराएको मिसिल अध्ययनबाट देखिन आयो । टोलीको ध्यानाकर्षणपछि प्र.ना.उ. सिंहले एक हप्ताभित्रमा घटनाको बारेमा बुझी आयोगमा फ्याक्समार्फत जानकारी गराउने प्रतिबद्धता ऐ. २९ गते नै व्यक्त गरेका रहेछन् ।

५. तर, आयोगको टोली ... बाट फर्किई आयोगमा आइसकेपछि पनि लामो समयसम्म जिल्ला प्रहरी कार्यालयबाट जवाफ प्राप्त हुन नआएपछि मिति २०६८ पुस ०५ गते १० दिनभित्र जानकारी गराउन भनी पत्राचार भएपछि मात्र जिल्ला प्रहरी कार्यालय ... ले घटनाको सम्बन्धमा स्थलगत सर्जमिन गरी सर्जमिनको कागजात यस आयोगमा पठाएको रहेछ । सर्जमिनमा “२०५८ माघ २० गते निज...को घरमा नेकपा (माओवादी) बताउने व्यक्तिहरू आई लुटपाट गरेको हो । धनमाल केकति लगे सो यकिन गरी भन्न सक्दैनौं । ... निजको सपरिवार हाल घरजग्गा बेचबिखन गरी ... तर्फ बस्ने गरेका छन् । सो बखत लुटपाटमा संलग्न समूहले ...लाई खोजी गर्दा फेला नपारेपछि निजको बुबा आमालाई घरभित्र राखी ताला लगाई गएको कारण हामी स्थानीय बासिन्दाले ताला खोलिदिएका हौँ ...” भन्ने लगायतको ब्यहोरा उल्लेख भएको रहेछ ।

६. मिसिल अध्ययन गरी हेर्दा ... साल ... गते प्रकाशित राजधानी दैनिक, ऐ. ... गतेको कान्तिपुर दैनिक र ... बाट ... माघ २९ गते प्रकाशित

... साप्ताहिक पत्रिकामा पनि यस सम्बन्धमा समाचार प्रकाशित भएका रहेछन् । त्यसपछि यी उजुरवाला ... ले तत्कालै २०५८ माघ २२ गते जिल्ला प्रहरी कार्यालय ... मा दर्ता नं. ११४६ मा उजुरी दर्ता गराएका भए पनि प्रहरी कार्यालयबाट सो सम्बन्धमा तत्काल कुनै पनि कारबाही नगरेको देखियो ।

७. उल्लिखित अवस्थामा निज ... ले उजुरीमा उल्लेख गरेबमोजिम निज र निजको परिवार तत्कालीन नेकपा (माओवादी) ले दिएको धाक, धम्की र सम्पत्तिसमेत लुटपाट भएपछि निजका आमाबुबासमेत विस्थापित भएको देखियो । उक्त कार्यले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १२ र १३ आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १ (२), नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १(२) र ९ एवम् नेपालको अन्तरिम संविधान २०६३ को धारा १२, १३, १९ मा उल्लेख भएका मौलिक तथा ४ मा उल्लेख भएका संवैधानिक अधिकारहरूको उल्लङ्घन भएको देखिन्छ । साथै आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त १९९८ बमोजिम विस्थापित भएको कुनै पनि व्यक्तिको सुरक्षा, स्वास्थलगायतका सुविधासहितको वैकल्पिक आवासको व्यवस्था गर्ने, पर्याप्त क्षतिपूर्ति दिने लगायतका कार्य राज्यले गर्नुपर्नेमा सोतर्फ कुनै कार्य भएको नदेखिँदा विस्थापित परिवारको मानव अधिकार हनन भएको देखिने ।

८. अतः उल्लिखित अवस्थामा निज ...तत्कालीन नेकपा (माओवादी) को धाक धम्कीको कारण बसिरहेको स्थानबाट विस्थापित हुनुपरेको र निजको क्षतिपूर्ति सम्बन्धमा हालसम्म नेपाल सरकारबाट कुनै पहल भएको समेत नदेखिएको एवम् राहत तथा क्षतिपूर्ति प्राप्त गरेको भन्ने नदेखिँदा निजको मानव अधिकार र मानवीय कानुनले प्रदान गरेका अधिकारहरूको उल्लङ्घन हुन गएको देखिँदा मानव अधिकारको सिद्धान्त र प्रचलन एवम् नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०६८ को ३.२ बमोजिम निजको क्षतिपूर्ति भएको रकमको मूल्याङ्कन गरी क्षतिपूर्ति दिन र निजले चाहेको स्थानमा बसोबास गरी आफ्नो पेसा व्यावसाय गर्ने व्यवस्था गर्न, एवम् दोषी पहिचान गरी कारबाही गर्नको लागि नेपाल सरकार लाई लागि सिफारिस हुन उपयुक्त देखि निर्णयार्थ पेस गरेको छु ।

९. यसरी उल्लिखित तथ्यहरूको अध्ययनबाट उजुरीमा उल्लेख भएबमोजिम उजुरवाला ...(गौतम) तथा निजको परिबारका अन्य सदस्यहरूलाई उनीहरूको सम्पत्तिसमेत लुटपाट गरी बसोबास गरिरहेको स्थानबाट विस्थापित गराएको अवस्था हो, हैन ? र निज पीडितको मानव अधिकार रक्षार्थ आयोगबाट कुनै सिफारिस गर्नुपर्ने हो, होइन ? सो विषयमा निर्णय गर्नुपर्ने देखिन आयो ।

१०. यसमा निर्णयतर्फ बिचार गर्दा प्रस्तुत उजुरीमा निर्णय हुनुपर्ने पहिलो विषयको विश्लेषणबाट उजुर वालाले उजुरीमा उल्लेख गरेबमोजिम २०५८ साल माघ २० गते निजको घरमा गई निजका आमा र बाबुलाई कुटपिट गरी सम्पत्तिसमेत लुटपाट गरी माओवाद जिन्दावाद भन्दै हिँडेका भनी उल्लेख भएको ब्यहोरा र प्रस्तुत घटना भएको अवधिमा देशका अन्य स्थानमा भएका यसप्रकारका घटनाहरू, त्यस्ता अधिकांश घटनाहरूमा नेकपा (माओवादी) को संलग्नता, मौकामा नै पत्रपत्रिकाहरूमा निस्किएका समाचार हरू र जिल्ला प्रहरी कार्यालयबाट भएको २०६८ माघ ६ गते भएको सर्जमिन मुचुल्का तथा मुचुल्कामा उल्लेख भएको ब्यहोरासमेतका आधार मा उजुरवाला ... र निजको परिवार लाई तत्कालीन नेकपा (माओवादी) को समूहले सम्पत्ति लुटपाट गरी विस्थापित गराएको हैन भनी भन्न सकिने देखिएन । निज र निजका आमाबाबुलाई माथि विपक्षी खण्डमा नाम उल्लेख भएकामध्ये तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले घरमा आई सम्पत्ति लुटपाट गरी विस्थापित गराएको देखियो ।

११. निजको स्वतन्त्रतापूर्वक पेसा व्यवसाय गर्न पाउने र जीवनको अधिकारको स्थानीय प्रशासनबाट संरक्षण हुन सकेको हो, होइन ? भन्ने निर्णय गर्नुपर्ने विषयमा विश्लेषण गर्दा निज उजुरकर्ताको घर ...जिल्ला सदरमुकाम रहेको ... भित्रै भएको, निजको माओवादी कार्यकर्ताबाट खोजी भएको, परिवार मा रहेका आमाबाबुलाई समेत धाक-धम्की दिएको अवस्थामा पनि तत्काले स्थानीय प्रशासन तथा प्रहरीबाट निजहरूको शान्ति सुरक्षाको व्यवस्था मिलाउन सकेको देखिएन। साथै घटना भइसकेपछि उजुरवाला ... ले जिल्ला प्रहरी कार्यालयमा २०५८ माघ २२ गते दर्ता नं. ११४६ मा छानबिनको लागि उजुरी दर्ता गराउँदा २०६४ सालसम्म पनि कुनै कानुनी कारबाही अगाडि नबढिसकेपछि पुन: २०६४ चैत्र २२ गते सोही विषयमा उजुरी दर्ता गराउनुपर्ने अवस्था आएको देखिएको सन्दर्भमा निज र निजको परिवारको शान्ति सुरक्षाका लागि स्थानीय प्रहरी तथा प्रशासनबाट प्रभावकारी रूपमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन सकेको पनि देखिएन । यसबाट स्वत: ... र निजका परिवारका सदस्यहरू नेपाल सरकारको आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति २०६३ को दफा ३ को खण्ड क र ख मा उल्लेख भएबमोजिम क्रमश: "आन्तरिक रूपमा विस्थापित व्यक्ति" र "द्वन्द्वबाट विस्थापित व्यक्ति वा परिवारको" परिभाषाभित्र परेको देखियो ।

१२. माथि उल्लिखित तथ्य एवम् विश्लेषणबाट २०५८ माघ २० गते निज ... को घरमा पुगि तत्कालीन नेकपा (माओवदी) का

कार्यकर्ता भनिएका व्यक्तिहरूको समूहले गरेको लुटपाट र त्यसविरुद्ध स्थानीय प्रशासनबाट शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउन नसक्दा निज र निजको परिवार बसोबास गरिरहेको स्थान जि. .... वडा नं. ... छोडी विस्थापित हुनुपरेको देखियो । तर पनि, आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति २०६३ के दफा ८.१ मा उल्लेख भएबमोजिम विस्थापितहरूको मानव अधिकार संरक्षण गर्न नसकेको, दफा ८.२ बमोजिम निजहरूलाई राहत उपलब्ध गराउन, दफा ९ बमोजिम निजहरूलाई विस्थापितको परिचय प्रदान गर्न समेत नसकेको देखियो । साथै नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०६८ को दफा ३.२ बमोजिम निजको क्षति भएको सम्पत्तिको क्षतिपूर्तिसमेत दिएको पाइएन । यसबाट नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ विपरीत निजहरूको स्थायी रूपमा बसोबास गरिरहेका स्थानमा बसोबास गर्न पाउने धारा १९ विपरीत सम्पत्ति भोग गर्ने र सम्पत्तिको अन्य कारोबार गर्न पाउने मौलिक हकको हनन भएको देखियो ।

१३. यस्तै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १२ मा उल्लेख भएबमोजिम निजको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनी आक्रमण भएको र राज्यबाट त्यस विरुद्ध कानुनी संरक्षण हुन नसकेको, धारा १३ मा उल्लेख भएबमोजिम राष्ट्रको सिमानाभित्र आवत-जावत गर्ने तथा आवास रोज्न पाउने स्वतन्त्रताबाट वञ्चित गरिएको, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १(२) तथा नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १(२) विपरीत निजलाई आफ्नो र आफ्नो परिवारको जीवन धान्ने उपायबाट बञ्चित गरिएको पाइयो । यसै अनुबन्धको धारा ९ ले प्रत्याभूत गरेको स्वतन्त्रता र सुरक्षाको अधिकार बाट समेत बञ्चित गरी निजको मानव अधिकार हनन गरेको देखियो । आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निर्देशक सिद्धान्त १९९८ बमोजिम राज्यले विस्थापित भएको कुनै पनि विस्थापित व्यक्तिको सुरक्षा, स्वास्थलगायतका सुविधासहितको वैकल्पिक आवासको व्यवस्था गर्नुपर्ने, पर्याप्त क्षतिपूर्ति दिनुपर्ने तथा सिद्धान्तको भाग ४ मा उल्लिखित मानवीय सहयोग र भाग ५ मा उल्लिखित पुनर्गमन, पुनर्वास एवम् पुनर्मिलन लगायतका सिद्धान्तले निर्देशित गरेका कुनै पनि कार्य सर कारबाट भएको नदेखिँदा निजको मानव अधिकार हनन भएको हैन भनी भन्न सकिने अवस्था देखिएन ।

१४. उल्लिखित तथ्यगत तथा कानुनी विश्लेषणबाट "...जिल्ला ... वडा

नं. ... स्थायी घर भएका ... को घरमा २०५८ माघ २० गते नेकपा (माओवादी) का कार्यकर्ताहरू आई निजका आमाबाबुलाई कुटपिट गरी सम्पत्तिसमेत लुटेर निजलाई खोजी गरेको हुँदा विस्थापित भएकाले दोषीको पहिचान गरी उचित क्षतिपूर्तिका लागि आवश्यक पहल गरिपाऊँ भनी २०६४ चैत्र २४ गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज ...र निजका परिवार तत्कालीन नेकपा (माओवादी) का कारण विस्थापित तर हालसम्म कुनै क्षतिपूर्ति नपाएको देखिँदा जिल्लास्तरीय समितिबाट निजको भएको क्षति मूल्याङ्कन गर्न लगाई क्षतिपूर्तिबापत रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ठहर्छ ।

सो ठहर्नाले जिल्लास्तरीय समितिबाट निजको भएको क्षति मूल्याङ्कन गर्न लगाई क्षतिपूर्तिबापत रकम उपलब्ध गराउनु भनी नेपाल सरकारलाई सिफारिस गरी पठाउनु ।

**पेस गर्ने :**

....................

श्यामबाबु काफ्ले

मानव अधिकार अधिकृत

| ........ | .......... | .......... |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल भदौ ११ गते रोज २ शुभम्.........................................

## श्री राष्ट्रिय मानव अधिकार आयोगको ठहर

मानननीय अध्यक्ष नयनबहादुर खत्री
माननीय सदस्य सुशीला सिंह सिलु
माननीय सदस्य सुदिप पाठक
माननीय सदस्य गोकुल पोखरेल
माननीय सदस्य डा. राम दयाल राकेश

**विषय : गैरन्यायिक हत्या ।**

**नेकपा (माओवादी) ले सो कार्यक्रममा सर्वसाधारणलाई जबर्जस्ती लैजाने, सर्वसाधारणको भौतिक तथा आर्थिक क्षति हुन सक्ने सम्भावनातर्फ विचार नगरी घना बस्ती भएको स्थानमा कार्यक्रम आयोजना गर्नु तथा सर्वसाधारणलाई आफ्ना कार्यक्रममा उर्दी जारी गरी अनिवार्य श्रमदान गर्न बाध्य पार्ने जस्ता कार्यले मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सिद्धान्त विपरीत भै जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ को प्रतिकूलको कार्य भएको ।**

(प्रकरण नं. १७)

१. नेकपा (माओवादी) ले एकतर्फी रूपमा तीन महिने युद्धविराम घोषणा गरेको अवस्थामा २०६२ असोज ८ गते शनिबार साँझ नेकपा (माओवादी) र सुरक्षाफौजबीच पाल्पा जिल्लाको पूर्वी भेगमा पर्ने बहादुरपुरमा दोहोरो भिडन्त हुँदा नेकपा (माओवादी) का ५ जना कार्यकर्ताहरूसहित एक जना सर्वसाधारणको मृत्यु, दुई बालबालिका घाइते भनी राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएकाले घटनाको गाम्भीर्यतालाई मनन गरी आयोगले आफ्नै स्वविवेकमा घटनाको कारबाही, छानबिन तथा अनुसन्धान अगाडि बढाइएको रहेछ ।

२. जिल्ला प्रशासन कार्यालय पाल्पाको च.नं. ११५४ मिति २०६२।७।४ को पत्रानुसार “पाल्पा जिल्लाको पूर्वी पाल्पातर्फ नियमित गस्तीमा खटिई गएको संयुक्त सुरक्षाफौजले गस्ती गर्दै बहादुरपुर गाविसमा पुग्दा आतङ्ककारी र सुरक्षाफौजबीच दोहोरो भिडन्त भएको र सोहीक्रममा पक्राउमा परेका पाल्पा ... बस्ने ..., जिल्ला चितवन ...बस्ने ... तथा निजकी श्रीमती ... समेतलाई सुरक्षाफौजले नियन्त्रणमा लिई तत्काल लुम्बिनी अञ्चल अस्पताल बुटवलमा स्वास्थ्य परीक्षण गराइएको तथा आवश्यकताअनुसार निजको स्वास्थ्य परीक्षण भइरहेको तथा निजहरूलाई आतङ्ककारी तथा विध्वंसात्मक अध्यादेश २०६२ अन्तर्गत विशेष अदालत (पुनरावेदन अदालत बुटवल) को अनुमति लिई जिल्ला प्रहरी कार्यालय, पाल्पामा मुद्दा दर्ता भएको छ” भन्ने जानकारी पत्र ।

३. उक्त दिन करिव १:२० बजे बहादुरपुर गाउँमा विभिन्न स्थानमा बसेका नेकपा (माओवादी) का कार्यकर्ताहरू र संयुक्त सुरक्षाफौजको भिडन्तको क्रममा बहादुरपुर गाविस वडा नं. ९ बस्ने श्री

धारादेवी माविमा कक्षा ९ मा अध्ययनरत मिलन रखालको रहुखाल्टा भन्ने स्थानमा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको, ऐ. वडा नं. ७ बस्ने ... वर्ष ३ को ... लाई दाहिने कोखामुनि छाला खुइल्याएकोमा उपचारको लागि सुर क्षाकर्मीले भा.रु. २,०००। (दुई हजार) दिएको, ऐ. वडा नं. ७ बस्ने ... की छोरी ... लाई सुरक्षाकर्मीले चलाएको गोली दाहिने आँखा र कानमा लागी घाइते बनाएकोमा उपचारको लागि हेलिकप्टरमा लगिएको, ऐ. वडा नं. १ बस्ने ... को पाडीसमेत घाइते भएको तथा ऐ. वडा नं. ७ बस्ने ... को रु. ४,०००।– (चार हजार) पर्ने क्यामरा सुरक्षाकर्मीको लासको फोटो खिच्न लिएको तर फिर्ता नगरेको भन्ने समेत ब्यहोराको ... बहादुरपुरका ... समेत २६ जना स्थानीय व्यक्तिले गरिदिएको सर्जमिन मुचुल्का ।

४. २०६२ साल असोज ८ गते शनिबार दिउँसो १:३० बजेतिर दोकानटोल चोकमा नेकपा (माओवादी) का कार्यकर्ताहरू बसेका थिए । सेनाले पहिला सिभिल ड्रेसमा आई सम्पूर्ण वस्तुस्थिति बुझी हातहतियार छैन भन्ने यकिन भएपछि मात्र त्यहाँ कारबाही गरेका हुन् । सेनाको कारबाहीमा परी पाँच जना नेकपा माओवादी कार्यकर्ता तथा १ जना सर्वसाधारणको मृत्यु भएको छ । शाही नेपाली सेनाले कारबाही गर्नुपूर्व त्यहाँ कारबाही गर्न लागिएकाले सर्वसाधारण नागरिकहरूलाई घरबाट बाहिर ननिस्कनका लागि सार्वजनिक सूचना गरेका थिएनन् । मृत्यु हुने सर्वसाधारणमा बहादुरपुर गाविस वडा नं. ९ बस्ने वर्ष १७ का मिलन रखाल हुन् । हलो जोतिरहेका मिलन रखाल पानी परेकाले गोरु फुकाली घर आएका तथा श्रीमतीलाई गोरु बाँध्न भनी आफू पसलतर्फ जाँदा सेनाले करिव २५ मिटर परबाट चलाएको गोली लागी उनको मृत्यु भएको हो । त्यस घटनामा अरु सर्वसाधारणको मृत्यु भएको छैन । शाही नेपाली सेनाले चलाएको गोली लागी गम्भीर घाइते भएकी ... लाई शाही नेपाली सेनाले हेलिकप्टरमा राखी उपचारार्थ काठमाडौँ लगिएको तथा सामान्य घाइते भएका ... लाई सेनाले प्राथमिक उपचार गरी थप उपचारको लागि भनी भा.रु. २०००।– (दुई हजार) दिएका थिए भने ... लाई सोधपुछ गर्ने क्रममा हामी ...शिक्षक हौं भनी परिचयपत्र देखाउँदा देखाउँदै बाहिर निकाली लात्ती र बुटले कुटपिट गरी यातना दिएका थिए । गोली अकस्मात् शाही नेपाली सेनाको तर्फबाट चलेको हो । हामीले दोहोरो गोली चलेको वा बम पड्केको आवाज सुनेनौं । यो घटनामा कोही सैनिक घाइते भएको छैनन् भन्ने ब्यहोराको बहादुरपुर गाविस ... का समेत २९ जनाले गरिदिएको कागज ।

५. शनिबारको दिन भएकाले भाइ ..., ..., ... र म दोकानटोलमा रहेको हाम्रो टङ्कीमा (पसल) बसिरहेका थियौं । हाम्रो पसलबाहिर नेकपा (माओवादी) का

कार्यकर्ताहरू बसिरहेको थिए । हामी दोकानभित्र खेलिरहेका थियौँ । एक्कासि शाही नेपाली सेनाले गोली चलाउन थाल्यो । माओवादीहरू कराउँदै भाग्न थाले । यस्तैमा भाइ ... र ... लाई पसलभित्रै गोली लाग्यो । उनीहरूलाई गोली लागेको कुरा मैले शाही नेपाली सेनालाई भनेको र त्यसपछि म उनीहरूलाई लिएर ... अगाडि रहेको ... को घरभित्र गएँ । गोली सेनाले मात्र चलाएका हुन् । माओवादीहरू गोली नचलाई भागी गएका हुन् । त्योभन्दा बढी मलाई केही पनि थाहा छैन भन्ने व्यहोराको प्रत्यक्षदर्शीको बयान कागज ।

६. म पसल गएर दाल र मैदा किनेर आफ्नो घरतर्फ फर्कँदै गर्दा राहु खाल्टामा मैले मिलन रखाललाई भेटी कहाँ जान लागेको बाबु भनी सोध्दा छोरालाई बिस्कुट किन्न दोकानतिर जान्छु बाजे भनेर हामी छुट्टिएर ८–९ कदम हिडेका मात्र थियौँ । एक्कासि गोली चलेको आवाज आयो । गोली सेनाले ... को गोठबाट चलाएका थिए । सेनाले चलाएको गोली लागी मिलन रखालको घटनास्थलमा नै मृत्यु भयो । मिलन माओवादी नभएको तथा ऊ भागेको पनि थिएन । गोली चल्न छाडेपछि पनि सेनाले मिलनको लास भएको स्थानसम्म जान दिएन । मृतकको दाहिने हात र दाहिने छातीमा गोली लागेको थियो । सेनाले बिनासूचना गोली चलाउन हुने थिएन भन्ने व्यहोराको प्रत्यक्षदर्शीको बयान कागज ।

७. ... र ... टङ्की (पसल) मा खेलिरहेका थिए भने म त्यहीँ बाहिर बसिरहेको थिएँ । हुलाक अफिसबाट एक्कासि गोली चल्यो । म तत्काल टङ्की (पसल) भित्र गएँ । यत्तिकैमा ... र ... लाई गोली लागेकोले रुँदै अत्तालिदै टङ्कीभित्र आए । त्यसपछि पनि टङ्कीमा अन्धाधुन्ध फायरिङ गरियो । ... को घाउको बारेमा उसको आमा आएपछि मात्र थाहा भयो भने ... को घाउबाट रगत बगिरहेको थियो । मैले हातले रगत थुनिदिएँ । त्यहाँ ... पनि हुनुहुन्थ्यो । त्यसपछि हामी ... को घरमा गयौ र खाटमुनि लुक्यौँ । त्यहीँ ... बेहोस भई । फायरिङ स्टप भन्ने आवाजको साथसाथै गोली चल्न बन्द भएपछि सेनाको कमान्डरले हामी लुकेको कोठाको ढोका ढकढक्याएपछि हामी सबै बाहिर निस्कियौँ । सेनाले ... को आमा र मामालाई पनि आफूसँगै ... लिएर गएको एकैछिन पछि हेलिकप्टर को आवाज सुनिएको थियो । त्यसपछि केके भयो थाहा छैन भन्ने व्यहोराको अर्को प्रत्यदर्शीको बयान कागज ।

८. घटना घटेको दिन म पानी लिन धारामा गएकोमा त्यहाँ सैनिक भेट्दा उनीहरूले ज्यानको माया छ भने घर भित्र वस भनेकोले निजकै रहेको माइती घरमा नै बसेँ । मेरो श्रीमान् ... साउदी गएको ५ वर्ष भइसक्दा पनि कुनै पत्र वा पैसा पठाउनुभएको छैन, सबै घर व्यवहार ... ले नै चलाई आएको थियो । मेरो ... गोटी (क्यारिम्बोर्ड) खेल्न जान सक्छ, उसलाई गोली चलेको थाहा छैन ।

म उसलाई घरबाहिर नजान खबर गर्न जान्छु भनी शाही नेपाली सेनालाई भन्दा आउन दिएनन् । गोली चल्न बन्द भएपछि घर आउँदा घरमुनि बाटोमा मानिसहरू जम्मा भएको देखेर म पनि त्यहीँ पुगी हेर्दा रगताम्मे भई मेरो ... मिलन लडेको रहेछ । ऊ ताकातुङ्गमा कक्षा ९ मा पढ्दै गरेको थियो तथा २०६१ साल मंसिरमा विवाह भई हाल ६ महिनाको काखको छोरालाई बिस्कुट किन्न भनी पसल गएको निर्दोष ... लाई दोषी निर्दोषी केही नछुट्ट्याई गोली हान्न आदेश दिने तथा गोली हान्ने दुबैलाई कारबाही गर्न तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिका लागि पहल गरिदिनुहुन रा.मा.अ.आ.समक्ष अनुरोध छ । साथै त्यस समयमा दोहोरो गोली हानाहान भएको नभई शाही नेपाली सेनाले एकतर्फी रूपमा अन्धाधुन्ध गोली चलाएको थियो । नेकपा माओवादीका कार्यकर्ताहरू गोली फायरिङ नभई ज्यान जोगाउन भाग्दा गोली लागी ५ जनाको मृत्यु भएको हो भन्ने ब्यहोराको मृतक मिलन रखालको ... ले दिएको बयान ।

९. ... छ । दिउँसो १ बजेतिर बारी जोतेका मेरा ... मिलन रखाल ... मा आई हातखुट्टा धोएर मलाई पैसा देऊ, होटलमा नास्ता पनि खान्छु, बाबुलाई विस्कुट पनि किनेर ल्याइदिन्छु भनेकाले मैले उनलाई पैसा दिएँ र गोठमा बाँधिएको भैंसी लिएर घरभन्दा मुनि रहेको धारासम्म हामीसँगै पुगी हामी छुट्टियौं । त्यसको केही क्षणमा नै ... निर्दोष ... लाई शाही नेपाली सेनाले गोली हानी मारेका हुन् । त्यस समयमा माओवादीहरूको तर्फबाट कुनै प्रकार को गोली चलेको थिएन । उनीहरू ज्यान जोगाउन भागेको देखेको हुँ । शाही नेपाली सेनाले जथाभावी गोली चलाउँदा मेरो ... लाई लागी घटनास्थलमा नै मृत्यु भएको हुँदा दोषीलाई कारबाही तथा उचित क्षतिपूर्तिको पहल गरिदिनुहुनका लागि राष्ट्रिय मानव अधिकार आयोगले पहल गरिदेओस् भनी अनुरोध गर्दछु भन्ने ब्यहोराको मृतक मिलन रखालको ... ले गर्नुभएको बयान कागज ।

१०. घटना घटेको दिन करिव १ बजेतिर मेरो छोरा ... तथा बहिनी ... टङ्कीभित्र खेली बसिरहेको अवस्थामा शाही नेपाली सेनाले चलाएको गोली छोरा ... को दाहिने पेटमा लागी खोस्राएर गएको हो । पेटमा एक इन्च लामो एक इन्च गहिरो घाउ भएको छ । हाल सामान्य उपचार गराइराखेको छु । थप उपचारका लागि तानसेन लानुपर्नेमा आर्थिक अभावको कारण लान सकिएको छैन । सेनाले उपचारका लागि भनी भारतीय रुपियाँ २०००।– (दुई हजार) मात्र दिएको पनि सकियो । पूजाको घण्टी वजाउँदा पनि वच्चा तर्सन्छ जसले गर्दा परिवारका सदस्यहरूलाई मानसिक तनाव छ । थप उपचारका लागि आवश्यक खर्च तथा उचित क्षतिपूर्तिको लागि राष्ट्रिय मानव अधिकार आयोगले पहल गरिदिनुपर्‍यो

भन्ने ब्यहोराको घाइते ... को ... को बयान कागज ।

११. घटनामा नेकपा (माओवादी)को हतियार सहितको संलग्नता रहे नरहेको, यस्तो घटना घट्दा त्यसबाट सर्वसाधारणको जिउ तथा धनमा हुन सक्ने क्षति न्यूनीकरण गर्न पार्टीले कस्तो रणनीति अपनाएको छ भन्ने विषयवस्तुमा केन्द्रित हुँदै नेकपा (माओवादी) का जिल्लास्तरीय कार्यकर्तासँग छलफल गरिएको भने टोलीले नेकपा (माओवादी) हरूले बेला बखत गर्ने गरेका हत्या, अपहरण, यातना, बेपत्ताजस्ता ज्यादतीहरू नदोहोऱ्याउन, अन्तर्राष्ट्रिय सन्धी तथा सम्झौताको पालना गर्न अन्यथा त्यसबाट हुन सक्ने सम्भावित परिणामका बारेमा समेत सचेत गराएको थियो भन्ने नेकपा (माओवादी) पाल्पा कमिटीको भनाइ ।

१२. पूर्वी पाल्पाको दुर्गम क्षेत्र बहादुरपुरमा गत असोज ८ गते दिउँसो संयुक्त सुर क्षाफौज र नेकपा माओवादीहरूबीच दोहोरो भिडन्त भएको तथा त्यसमा छ जना आतङ्ककारीहरूको मृत्यु भएको र दुई जना बालबालिकाहरू घाइते भएको भन्ने जानकारी आएको छ । मृत्यु हुनेमध्ये एक जना सर्वसाधारण परेको भन्ने पनि सुन्नमा आएको छ । तर, त्यसको छानबिन भइरहेको छ । यदि साँच्चिकै सर्वसाधारण परेको भए पीडित परिवारलाई कानुनबमोजिमको राहत तथा क्षतिपूर्ति उपलब्ध गराइनेछ। पक्राउ परेकाहरूलाई आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०६१ बमोजिम मुद्दा चलाउनको लागि रूपन्देही जिल्ला अदालतको आदेशअनुसार इलाका प्रहरी कार्यालय बुटवलमा हिरासतमा राखिएको तथा घर परिवारलाई भेटघाट गर्न दिइएको छ । पक्राउ परेकामध्ये एक जना ... नाबालक रहेको हुँदा उसलाई छिट्टै नै घर, नभए बाल सुधार गृहमा फर्काउन पहल भइरहेको छ भन्ने पाल्पाका प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापाको भनाइ ।

१३. प्रस्तुत घटनाको सम्बन्धमा स्थलगत अनुसन्धानको लागि घटनास्थलमा मिति २०६२।६।१३ गते टोली खटाई उक्त टोलीले मिति २०६२।७।२१ मा प्रतिवेदन पेस गरेको रहेछ ।

१४. नेकपा माओवादीहरूले एकतर्फी रूपमा तीन महिने युद्धविराम घोषणा गरेको अवस्थामा २०६२ साल असोज ८ गते शनिबार साँझ नेकपा माओवादी र सुरक्षाफौजहरू बीच पाल्पा जिल्लाको पूर्वी भेग बहादुरपुरमा दोहोरो भिडन्त हुँदा नेकपा माओवादीको ५ जना कार्यकर्ताहरूसहित१ जना सर्वसाधारणको मृत्यु, २ बालबालिका घाइते भनी राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएकाले घटनाको गाम्भीर्यतालाई मनन गरी आयोगको आफ्नै स्वविवेकमा उजुरी लिई सो घटनामा छानबिन तथा अनुसन्धान अगाडि बढाइएको प्रस्तुत घटनाको सम्बन्धमा आयोगबाट खटिई गएको टोलीबाट सोधपुछ गरिएका मृतकका

आफन्त, प्रत्यक्षदर्शीहरू तथा सुरक्षा निकायको भनाइसमेतबाट बहादुर पुर गाविस वडा नं. ७ स्थित दोकान टोलमा २०६२।६।८ गते घटना घट्नुभन्दा अगाडिदेखि नै सो क्षेत्रमा नेकपा (माओवादी) हरूले कार्यक्रमको तयारी गरेकोमा कार्यक्रम सुरु भई नसकेको तर कार्यक्रममा सहभागीहरू आउने क्रम जारी रहेको तथा उक्त कार्यक्रमको जानकारी गाउँलेहरूलाई भएको र स्थानीय महिलाहरूलाई चामल केलाउने, तरकारी काट्ने जिम्मेवारी दिइएको रहेछ । नेकपा (माओवादी) का कार्यकर्ताहरूलाई पक्राउ गरी नमारिएको तर पक्राउ गर्न सक्ने सम्भावना हुँदाहुँदै पनि त्यस्तो पहल नगरिएको, ५ जना माओवादीका कार्यकर्ताहरू भाग्दाभाग्दै मारिएको तर एक जना सर्वसाधारण मिलन रखाल आफ्नो ६ महिनाको छोरालाई बिस्कुट किन्न भनी पसल आउँदा सबै किशोर किशोरीहरू माओवादी हुन् भन्ने मानसिकतामा रहेका शाही नेपाली सेनाले विनासूचना चलाएको गोलीको सिकार भई ज्यान गुमाउन पुगेको, गोली चलाउनुपूर्व सुरक्षाफौजले स्थानीय सर्वसाधारणलाई सुरक्षित स्थानमा जान कुनै पनि सूचना नदिई Indiscriminate रूपमा अन्धाधुन्ध गोली चलाएको कारणले गर्दा, सर्वसाधारणले अनाहकमा ज्यान गुमाउन तथा २ जना बालबालिकाहरू घाइते हुनुपरेको थियो भने कैयौँका जस्ताका छानाहरू गोलीले चाल्नो बनाएको थियो। साथै, गोली चल्न बन्द भएपछि पनि स्थानीय युवाहरूलाई तथा शिक्षक हौँ भनी परिचयपत्र देखाउदा देखाउदै पनि तिमीहरू माओवादी हौ भनी शारीरिक यातना दिइएको, पक्राउ गरी लगिएका पाँच जना माओवादी कार्यकर्ताहरूलाई सुरक्षाफौजले मानवीय व्यवहार नगरेको, उनीहरूलाई हिडाउँदा लात्तले हान्ने, खाना खान नदिने, पानी माग्दा पिसाव खा भन्ने, जथाभावी बोल्नेजस्ता कार्यहरू सुरक्षाफौजका जवानहरूले गरेको पाइयो भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदन ।

१५. आयोगको नियमति बैठकमा पेस हुन आएको प्रस्तुत गैरन्यायिक हत्यासम्बन्धी विषयमा नेकपा माओवादीहरूले एकतर्फी रूपमा तीन महिने युद्धविराम घोषणा गरेको अवस्थामा २०६२ साल असोज ८ गते शनिबार साँझ नेकपा (माओवादी) र सुरक्षाफौजहरूबीच पाल्पा जिल्लाको पूर्वी भेग बहादुर पुरमा दोहोरो भिडन्त हुँदा नेकपा माओवादीको ५ जना कार्यकर्ताहरूसहित एक जना सर्वसाधारणको मृत्यु, दुई बालबालिका घाइते भएको भनी राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएकाले घटनाको गाम्भीर्यतालाई मनन गरी आयोगको आफ्नै स्वविवेकमा घटनाको कारबाहीबाट मानव अधिकारको उल्लङ्घन भएको हो, होइन र भएको हो भने दोषी माथि केकस्तो कानुनी कारबाही हुनुपर्ने हो र पीडितका हकवालालाई केकति क्षतिपूर्ति

उपलब्ध गराउन उपयुक्त हुन्छ हेरी सोही कुराको निर्णय गर्नुपर्ने देखियो ।

१६. यसमा मिसिल संलग्न रहेका सम्पूर्ण प्रमाण कागजातहरूको अध्ययन विश्लेषण गर्दा पाल्पा जिल्ला बहादुरपुर मा मिति २०६२।६।८ गते सुरक्षाकर्मीले निशस्त्र माओवादी र सर्वसाधारणलाई समेत गोली प्रहार गरी हत्या गरेको भनी आयोगमा उजुरी पर्न आएपछि भएको अनुसन्धानबाट नेकपा (माओवादी) ले गाउँमा ठूलै कार्यक्रमको तयारी गर्दै गरेको, कार्यक्रममा सहभागी हुन आउने क्रम जारी रहेको र कार्यक्रममा महिलालाई चामल केलाउन अनिवार्य उपस्थिति भनी माओवादीले उर्दी जारी गरेको र कार्यक्रमको तयारी भइरहेको बेला २०६२।६।८ गते दिउँसो शाही नेपाली सेनाले सो गाउँलाई "सी" आकारमा घेरा हाली अन्धाधुन्ध गोली चलाएको, सेनाको गोलीबाट सर्वसाधारण र बालबालिकासमेत पीडित हुन पुगेको, प्रत्यक्षदर्शीका अनुसार सो समयमा दोहोरो गोली नचलेको, नेकपा (माओवादी) का कार्यकर्ताहरू मेसमा खाना खाइरहेको अवस्थामा गोली चलेकोले भाग्ने क्रममा पाँच जना जिल्लास्तरका कार्यकर्ता एक जना सर्वसाधारणको मृत्यु भएको तथा दुई जना बालबालिका घाइते भएको पाइयो । सुरक्षा निकायको उक्त कार्यबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२ र १४ द्वारा प्रदत्त अधिकार, नागरिक अधिकार ऐन २०१२ को दफा १२, नागरिक तथा राजनीतिक अधिकार सँग सम्बन्धित अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ र धारा २६, जेनेभा महासन्धिहरू १९४९ को साझा धारा ३ मा व्यवस्था भएबमोजिम मानवीय व्यवहार गर्नुपर्नेमा सो नगरी मारिएकाले उक्त महासन्धिको प्रावधान विपरीत हुन गएको साथै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३ मा उल्लिखित जीवनको अधिकार समेतको उल्लङ्घन भएको देखिएकाले मानव अधिकार आयोग ऐन, २०५३ को दफा १३ को उपदफा (१) र (२) तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १३ बमोजिम उक्त कारबाहीमा जिम्मेवार दोषीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र मृतकका आश्रित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम मृतक परिवारको भरणपोषणका लागि जनही रु. १,००,०००।– (एक लाख रूपियाँ) दरले क्षतिपूर्ति उपलब्ध गराउन श्री ५ को सरकारलाई लेखी पठाउने ठहर्छ ।

१७. साथै नेकपा (माओवादी) ले सो कार्यक्रममा सर्वसाधारणलाई जवर्जस्ती लैजाने, उनीहरूको भौतिक तथा आर्थिक क्षति हुन सक्ने संभावनातर्फ विचार नगरी घना बस्ती भएको स्थानमा कार्यक्रम आयोजना गर्नु तथा

सर्वसाधारणलाई आफ्ना कार्यक्रममा उर्दी जारी गरी अनिवार्य श्रमदान गर्न बाध्य पार्ने जस्ता कार्यले मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सिद्धान्त विपरीत भै जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ को प्रतिकूलको कार्य भएको पाइएकाले यस्ता कार्य नदोहोऱ्याउन नेकपा (माओवादी) लाई आह्वान गर्ने निर्णय गरियो ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने**

..................

यज्ञप्रसाद अधिकारी

प्रमुख,

संरक्षण तथा अनुगमन महाशाखा ।

........... ............. ...........

सदस्य सदस्य सदस्य

............... .............

सदस्य अध्यक्ष

इति संवत् २०६२ साल माघ ४ गते रोज ३ शुभम्

## श्री राष्ट्रिय मानव अधिकार आयोगको ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री

माननीय सदस्य सुशीला सिंह सिलु

माननीय सदस्य श्री सुदिप पाठक

माननीय सदस्य श्री गोकुल पोखरेल

माननीय सदस्य श्री डा.राम दयाल राकेश

विषय : बेपत्ता सम्बन्धमा ।

**प्रत्येक नागरिकको जीवन, स्वतन्त्रता, समानता र सम्मानको अधिकारहरू प्रत्याभूत गर्ने र त्यस्ता अधिकारहरूको कतैबाट उल्लङ्घन भएको अवस्थामा उपचारको उचित व्यवस्था गर्ने दायित्व राज्यको हुन्छ । यस्तो अवस्थामा सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका मानिसहरूको अवस्था सार्वजनिक गरी कानुनी दायरामा ल्याउनका लागि वर्तमान परिस्थितिजन्य अवस्थाको मूल्याङ्कन तथा अनुसन्धानको क्रममा प्राप्त साक्षी प्रमाणहरूको आधारमा निर्णयमा पुग्नुपर्ने हुन्छ । तसर्थ माथि उल्लिखित तथ्य, सबुद प्रमाण तथा परिस्थितिजन्य अवस्थाको विश्लेषण गर्दा जिल्ला धादिङ बेनीघाट गाविस वडा नं. ३ घर भई काठमाडौंमा बस्ने अमृत कँडेललाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी भैरवनाथ गण महाराजगञ्ज काठमाडौंमा तथा नेपाली सेना ६ नं वाहिनी बैरेनीमा हिरासतमा राखेको देखिन्छ ।**

(प्रकरण नं. १०)

१. जि. धादिङ बेनीघाट गाविस वडा नं. १ घर भई सरस्वती क्याम्पस काठमाडौंमा स्नातक तह प्रथम वर्षमा अध्ययनरत वर्ष २१ को अमृत कँडेललाई मिति २०६० असोज २४ गते काठमाडौको चावहिलबाट सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता पारेकोले जीवन रक्षाको लागि पहल गरिदिन पीडितका ... को निवेदन मिति २०६०।६।२८ मा, सोही विषयमा नेपाल मानव अधिकार सङ्गठनले पठाएको निवेदन मिति २०६०।६।२९ मा र नेपाल वार एसोसियसन मानव अधिकार परियोजनाको निवेदन मिति २०६०।८।१० मा प्राप्त हुन आएको रहेछ ।

२. सो सम्बन्धमा आयोगबाट मिति २०६०।०६।३० मा जानकारी माग गरी तत्कालीन शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखा तथा प्रहरी प्रधान कार्यालय, मानव अधिकार सेलमा पत्राचार गरी रक्षा तथा गृह मन्त्रालयलाई बोधार्थ दिइएकोमा प्रहरी प्रधान कार्यालय मानव अधिकार सेलको पत्र मिति २०६०।०९।१७ मा प्राप्त भई निजलाई सम्बन्धित जिल्लाबाट पक्राउ नगरिएको जानकारी गराइएको पाइन्छ। जिल्ला प्रशासन कार्यालय धादिङले मिति २०६२।१२।२५ मा आयोगमा पत्र पठाई निज अमृत कँडेललाई त्यस कार्यालय तथा मातहत प्रहरी कार्यालयहरूसमेतबाट पक्राउ नगरिएको जानकारी गराएको पाइन्छ । सो सम्बन्धमा नेपाली सेना नेपाली जङ्गी अड्डाबाट कुनै जानकारी प्राप्त हुन आएको देखिँदैन ।

३. आयोगबाट अनुसन्धानको क्रममा मिति २०६०।५।२७ गते काठमाडौंको ... बाट सुरक्षाकर्मीले पक्राउ गरी काठमाडौंको भैरवनाथ गणमा थुनामा राखी मिति ... गते रिहा गरिएका भनिएका जिल्ला ... गाविस वडा नं. ... घर भई ... काठमाडौँ बस्ने वर्ष .. का ... ले मिति २०६२।११।२३ मा आयोगमा दिएको निवेदनमा मिति २०६०।६।२३ गते देखि २०६०।७।७ गतेसम्म अमृत कँडेललाई पनि आफूसँगै थुनामा राखिएको र निज अमृत कँडेललाई रातो र कालो रङ भएको ज्याकेट, खैरो रङको पाइन्ट लगाएको अवस्थामा भैरवनाथ गणको मुख्य भवननिजक रहेको जस्ता लगाइएको गाडी ग्यारेजनिजकको टहरामा राखिएको भन्ने उल्लेख गरेको देखिन्छ ।

४. यसै सम्बन्धमा जिल्ला ... गाविस वडा नं. ... बस्ने ... वर्ष .... का ... ले आयोगका अधिकृतसमक्ष मिति २०६२।१२।२१ गते बयान गरी आफूलाई मिति २०६०।५।२६ गते ललितपुरको पाटन ढोकाबाट सेनाले पक्राउ गरी मिति २०६०।८।२४ गतेसम्म भैरवनाथ गणमा थुनामा राखी रिहा गरेको र आफूलाई थुनामा राखिएको अवस्थामा मिति २०६०।६।२३ गते अमृत कँडेललाई पनि सोही गणमा ल्याइएको र अमृतसँग पटक-पटक भेट भएको, आफूले भेट्दा सुरुका दिनमा अस्वस्था नाजुक रहेको र पछि बिस्तारै स्वास्थ्यमा सुधार हुँदै आएको, उक्त गणमा रहँदा कालो र रातो मिसिएको पछाडि Addidas लेखिएको ज्याकेट, लिको फोल्डिङ पेन्ट लगाएको, र आफूसँग ... छेउबाट पक्राउ परेको बताएको, निज अमृत कँडेललाई आफूसँगै जस्ताको छानो भएको टहरामा राखिएको, मोटरसाइकल, गाडी, एम्बुलेन्सको आवाज नियमित आइरहन्थ्यो, आफूहरूलाई राखिएको टहरोनिजक मन्दिर थियो, पुरानो खालका झ्याल थिए, बाथरुम जाँदा साथीहरूले आफूहरू भैरवनाथ गणमा रहेको बताएका तथा त्यहाँ राखिएका गाडी तथा कपडाहरू आर्मी कलरका भएका समेत कारणले आफूहरूलाई भैर वनाथ गणमा नै राखिएको थाहा भएको भन्ने जानकारी गराएको देखिन्छ ।

५. जिल्ला ... गाविस वडा नं. ... बस्ने ... वर्ष ... का ... ले मिति २०६३।२।१४ गते आयोगका अधिकृतसमक्ष बयान गरी निज अमृत कँडेललाई मिति २०६०।७।२४ गते दिउँसो १:०० बजेतिर काठमाडौँको ... मा रहेको आफ्नो कोठामा सादा पोसाकका सुरक्षाकर्मीले लिएर आएका, निज अमृतको लुगाफाटा हाम्रै कोठामा भएको हुँदा अमृत कँडेलले लुगा फेर्नुभयो, उक्त समयमा उक्त कोठामा म एक्लै थिएँ, निज अमृत कंडेल डराएको हुनुहुन्थ्यो । सुरक्षाकर्मी पनि साथमै भएको हुँदा केही पनि बोल्नु भएन, अमृतले लुगा खोल्दा शरीरमा घाउ चोटका निलडाम देखिन्थ्यो, मैले पनि डरले केही भन्न सकिनँ भन्ने जानकारी गराएको पाइन्छ ।

६. जिल्ला ... गाविस वडा नं. ... घर भई हाल कामनपा ... बसी ... मा स्नातकोत्तर तहमा अध्ययनरत ... ले आयोगका अधिकृतसमक्ष बयान गरी आफूलाई मिति २०६०।५।२६ गते काठमाडौँको ... बाट सुरक्षाकर्मीले पक्राउ गरी भैरवनाथ गण महाराजगञ्जमा यातना दिई ३ महिना राखेको, त्यसपछि बैरेनी ब्यारेक धादिङमा १ दिन र गजुरी ब्यारेक धादिङमा ... महिना राखेको, जिल्ला प्रहरी कार्यालय धादिङमा ... दिन राखी तारेखमा रिहा गरेको, आफूलाई भैरवनाथ गणमा थुनामा राख्दा अमृत कँडेल समेतलाई २ महिना १५ दिन जति सँगै थुनामा राखिएको, त्यसबेला निज अमृत कँडेललाई चरम यातना दिइएको, हातमा हत्कडी, आँखामा पट्टीसमेत लगाइएको, पानीमा राखेर करेन्ट लगाइएको, निज अमृत बोल्न, हिड्न र खाना खान पनि नसक्ने अवस्थामा रहेको र केही दिनपछि निजलाई सर्चमा लगिएको, निजको शरीरभरि यातना दिइएको नील डाम र खतहरू रहेका, कान आँखा र खुट्टामा धेरै असर परेको, निजलाई औषधी खान दिइएको, आफूसँग बाथरुममा भेट्दा आफू खतरामा परेको बताएको तथा मलाई सार्दासम्म निज अमृत भैरवनाथ गणमा नै रहेको भन्ने जानकारी गराएको देखिन्छ ।

७. काठमाडौँका विभिन्न स्थानहरूबाट विभिन्न मितिमा पक्राउ परी भैरवनाथ गण महाराजगञ्जमा राखिएका र पछि ... मा थुनामा रहेका ..., ... र ...ले आयोगका टोलीसँग बयान गरी निज अमृत कँडेलाई समेत आफूहरूसँगै भैरवनाथ गण महाराजगञ्जमा थुनामा राखिएको जानकारी गराएको पाइन्छ ।

८. मिति २०६३/०२/०९ गते ... ले निज अमृतलाई नेपाली सेनाको ६ नं. वाहिनी बैरनी धादिङमा थुनामा राखेको अवस्थामा भेटेको भनी सोही वाहिनीमा कार्यरत एक सिपाहीले जानकारी गराएकोले तुरुन्त उक्त वाहिनीको अनुगमन गरिपाऊँ भनी निवेदन दिनु भएकाले सो निवेदनको आधारमा मिति २०६३।२।१० गते आयोगको टोलीले निज सिपाहीलाई भेटी जानकारी लिंदा अमृत कँडेललाई आफूले २०६२ साल चैत्र महिनाको अन्तिम हप्ताबाट मिति २०६३ साल वैशाख १६ गतेसम्म उक्त गणमा नियमित रूपमा भेट गरेको भन्ने जानकारी गराएको, निजले उक्त वाहिनीमा अमृतसमेतलाई राखेको टहराको बारेमा जानकारी गराएकोले सोही दिन आयोगको टोलीले उक्त स्थानमा गई अनुगमन गर्न खोज्दा उक्त वाहिनीका वाहिनीपतिको आदेश भनी उक्त स्थानमा अनुगमन गर्न नदिइएको र उक्त वाहिनीमा कार्यरत एक सुरक्षाकर्मीको भनाइ र आयोगको टोलीले बन्दीलाई राखेको आशङ्का गरेको ठाँउमा अनुगमन गर्न नदिइनुले निज अमृत कँडेललाई उक्त वाहिनीमा थुनामा राखेको प्रशस्त सम्भावना देखिएको भन्ने अनुगमन प्रतिवेदन प्राप्त हुन आएको पाइन्छ ।

९. जिल्ला धादिङ बेनीघाट गाविस वडा नं.

१ घर भई कामनपा नयाँ बजार बस्ने वर्ष २१ को अमृत कँडेललाई मिति २०६०/०६/२४ गते काठमाडौँको चाबहिलबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भनी मिति २०६०/०६/२८ मा ... को निवेदन आयोगमा पर्न आएको, सो सम्बन्धमा सम्बन्धित निकायहरूमा लेखापढी गर्दा प्रहरी प्रधान कार्यालय मानव अधिकार शाखा तथा जिल्ला प्रशासन कार्यालय धादिङले त्यस कार्यालय तथा मातहत कार्यालयहरूबाट निजलाई पक्राउ गरिएको छैन भन्ने जबाफ पठाएको तर रक्षा मन्त्रालय तथा मातहतका निकायबाट कुनै जानकारी प्राप्त हुन नसकेको, आयोगबाट अनुसन्धानको क्रममा विभिन्न स्थानहरूबाट पक्राउमा परी भैरवनाथ गण महाराजगञ्जमा राखिएका ... जनाले निजहरूलाई आफूहरूसँगै भैरवनाथ गण महाराजगञ्जमा थुनामा राखेको अवस्थामा भेटेको भनी आयोगमा बयान गरेको तथा निजलाई पक्राउ गरिसकेपछि घुमाउन लगेको अवस्थामा भेट्ने ... जनाले सुरक्षाकर्मीले लिई आएको अवस्थामा भेटेको भनी आयोगमा बयान गरेको देखिन्छ । यसैगरी निजलाई नेपाली सेनाको ६ नं वाहिनी बैरेनी धादिङमा राखेको देखेको भन्ने सोही वाहिनीमा कार्यरत एक सुरक्षाकर्मीले आयोगको अनुगमन टोलीलाई दिएको जानकारीको आधारमा अनुगमन गर्न गएको आयोगको अनुगमन टोलीलाई निजलाई रखिएको भनिएको ठाउँको अवलोकन गर्नबाट वञ्चित गराएबाट पनि निजलाई नेपाली सेनाको नै नियन्त्रणमा राखिएको भन्न सकिने आधार प्राप्त भएको छ ।

१०. प्रत्येक नागरिकको जीवन, स्वतन्त्रता, समानता र सम्मानका अधिकारहरू प्रत्याभूत गर्ने र त्यस्ता अधिकारहरूको कतैबाट उल्लङ्घन भएको अवस्थामा उपचारको उचित व्यवस्था गर्ने दायित्व राज्यको हुन्छ । यस्तो अवस्थामा सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका मानिसहरूको अवस्था सार्वजनिक गरी कानुनी दायरामा ल्याउनको लागि वर्तमान परिस्थितिजन्य अवस्थाको मूल्याङ्कन तथा अनुसन्धानको क्रममा प्राप्त साक्षी प्रमाणहरूको आधारमा निर्णयमा पुग्नुपर्ने हुन्छ । तसर्थ माथि उल्लिखित तथ्य, सबुद प्रमाण तथा परिस्थितिजन्य अवस्थाको विश्लेषण गर्दा जिल्ला धादिङ बेनीघाट गाविस वडा नं. ३ घर भई काठमाडौँमा बस्ने अमृत कँडेललाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी भैरवनाथ गण महाराजगञ्ज काठमाडौँमा तथा नेपाली सेना ६ नं वाहिनी बैरेनीमा हिरासतमा राखेको देखिन्छ ।

११. उक्त कार्यबाट पीडितको नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा उल्लिखित कानुनवमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने हक, धारा १४(५) बमोजिम पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना दिनुपर्ने हक, त्यस्तो व्यक्तिलाई कानुन व्यवसायीसँग सल्लाह लिने र

निजद्वारा पुर्पक्ष गर्ने हक, धारा १४ (६) बमोजिम पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभित्र अधिकारप्राप्त अधिकारीसमक्ष पेस गर्नुपर्ने आदि मौलिक हकहरू र नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ९ (१) मा उल्लिखित प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा जीवनको सुरक्षाको अधिकार छ, कसैलाई पनि स्वेच्छाचारी पक्राउ अथवा थुनाइ भोग्न लगाइने छैन, कानुनद्वारा स्थापित आधार तथा कार्य विधिबाट बाहेक कसैलाई पनि आफ्नो स्वतन्त्रताबाट बञ्चित गरिने छैन तथा धारा ९(२) मा पक्राउ गर्ने समयमा समातेको कुनै पनि व्यक्तिलाई पक्राउमा परेको कारण अवगत गराइनेछ तथा तुरुन्तै तिनका विरुद्धका आरोपको जानकारी दिलाइनेछ भनी उल्लेख गरिएका हकहरूको समेत उल्लङ्घन भएको पाइन्छ, त्यसैगरी यस कार्यबाट २०६० चैत्र १३ गते जारी "मानव अधिकार तथा मानवीय कानुनको कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धताको नं. ३ मा उल्लिखित कसैलाई पनि विनाकारण पक्राउ वा नजरबन्दमा राखिने छैन, गैरकानुनी वा विनाकारण पक्राउ र जबर्जस्ती बेपत्तालाई रोक्न उपायहरू अवलम्बन गरिनेछन् भन्ने समेतका माथि उल्लिखित संवैधानिक व्यवस्था, कानुनी प्रावधानहरू तथा प्रतिबद्धता र मानव अधिकरका सिद्धान्तहरूको उल्लङ्घन हुन गएको देखिन्छ ।

१२. अतः जिल्ला धादिङ, बेनीघाट गाविस वडा नं. १ घर भई सरस्वती क्याम्पस काठमाडौँमा अध्ययनरत अमृत कँडेललाई २०६०।६।२४ गते चाबेल काठमाडौँबाट सुरक्षाकर्मीले बेपत्ता पारेको भनी आयोगमा उजुरी पर्न आएको, भैरवनाथ गण महाराजगञ्ज तथा ६ नं. वाहिनी बैरेनीमा समेत सैनिक हिरासतमा राखिएको भनी सँगै रहेका व्यक्तिले आयोगमा दिएको बयानसमेतका आधार मा निजलाई सैनिक हिरासतमा राखेको बुझिन आएकाले स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र दोषीलाई अनुसन्धान गरी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने ठहर्छ ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने :**

..........................
यज्ञप्रसाद अधिकारी
प्रमुख, संरक्षण महाशाखा

| ....... | ......... | ......... |
|---|---|---|
| सदस्य | सदस्य | सदस्य |

| ........ | ......... |
|---|---|
| सदस्य | अध्यक्ष |

इति संवत् २०६३ साल असार २० गते रोज ३ शुभम्

# श्री राष्ट्रिय मानव अधिकार आयोगको ठहर

मानवीय अध्यक्ष श्री केदारनाथ उपाध्याय

माननीय सदस्य श्री रामनगिना प्रसाद सिंह

माननीय सदस्य श्री गौरी प्रधान

माननीय सदस्य डा.लीला पाठक

माननीय सदस्य डा. के.बि. रोकाया

**संवत् २०६२ सालको उजुरी दर्ता नं.२९६५**

विषय: हिरासतमा आत्महत्या ।

१. **हिरासतमा राखिएका व्यक्तिहरूको सुरक्षाको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी हिरासतमा राख्ने सुरक्षा निकायकै हुने ।** (प्रकरण नं. १४)
२. **ब्यारेकभित्र नजरबन्दमा राखिएको व्यक्तिको ब्यारेकभित्र हिरासतमा नै मृत्यु हुनु सुरक्षा निकायको गम्भीर हेलचेक्र्याइँ, लापरबाही एवम् असावधानी देखिने ।** (प्रकरण नं. १५)
३. **डिउटीमा रहेका तीन जना सैनिक व्यक्तिहरूलाई कारबाही गरेको खुल्न आए पनि जिम्मेवार गणपतिलाई कुनै कारबाही भएको खुल्न नआउँदा आफ्नो गणभित्र रहेका व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्ने गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको नदेखिँदा गणपतिलाई समेत आवश्यक कारबाही गर्नक ।** (प्रकरण नं. १६)
४. **नेपाल सरकारअन्तर्गतका थुनुवा केन्द्र, कारागार, हिरासत आदिमा कसैको मृत्यु भएमा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई निष्पक्ष अनुसन्धानमा सहयोग पुर्‍याउन ।** (प्रकरण नं. १७)

१. सङ्खुवासभा जिल्ला सिद्धकाली गाविस वडा नं ५ निवासी दोर्जे शेर्पाले मिति २०६२।२।१३ गते शुक्रबार अपरान्ह १.१५ बजेको समयमा नेपाली सेनाको सिंहदरवारस्थित श्रीजङ्ग गणमा हिरासतमा रहेको अवस्थामा आफैले लगाएको जुत्ताको तुनाले पासो लगाई आत्महत्या गरेको भन्ने विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचारप्रति आयोगको ध्यानआकर्षण भई आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी प्रस्तुत घटनाको सम्बन्धमा छानबिन र अनुसन्धान गर्न मिति २०६२।२।२४ मा निर्णय भई कारबाही अगाडि बढाइएको ।

२. मिति २०६२।४।७ गते प्रस्तुत घटनाको सम्बन्धमा, अनुसन्धानसँग सम्बन्धित कागजातको प्रतिलिपिसमेत उपलब्ध गराइदिन भनी जिल्ला प्रहरी कार्यालय, हनुमानढोका, काठमाडौँ र नेपाली जङ्गी अड्डामा पत्राचार गरिएको ।

३. मिति २०६२।२।३० गते आयोगबाट प्रस्तुत घटनाका सम्बन्धमा छानबिन तथा अनुसन्धान गर्न टोली खटिई घटनास्थलसमेत गई अनुसन्धान गरी आयोगमा पेस गरेको प्रतिवेदन ।

४. सङ्कलित प्रमाणहरूका आधारमा दोर्जे शेर्पाको मृत्यु सैनिक हिरासतमा

आत्महत्या नै गरेको भन्ने रहेको देखिन्छ । फरेन्सिक डाक्टरले दिएको प्रतिवेदनअनुसार आत्महत्या गरेको भन्ने देखिन्छ । टोलीले पाएको जानकारीअनुसार, निज शेर्पालाई ठाउँको अभाव भएर नेपाली सेनाले प्रयोग गर्ने गरेको शौचालय तथा स्नानगृह (Bath Room) प्रयोग गर्न दिइएको भन्ने पाइयो । निजले आत्महत्या गर्नुभन्दा अघिल्लो दिन आफूलाई HIV Positive भएको र Vomiting को Problem रहेकोले अस्पताल लगिदिनुपर्ने माग राखेको र त्यसैअनुरूप अस्पताल जानुपूर्व नुहाएर जान्छु भनेकाले नुहाउने काम सम्पन्न गरेपछि निजले लुगा फेर्न र जुत्ता लगाउन मागेपछि छुट्टै राखिएको जुत्ता तत्काल लगाउन दिइएको भन्ने भनाइ सुरक्षाकर्मीबाट पाइयो । लुगा र जुत्ता लगाउन Bath Room मा पसेको केही समयसम्म पनि ननिस्केपछि के भयो भनी Bath Room को ढोका खोली हेर्दा जेठ १३ गते ३:३० बजे जुत्ताको तुना घाटीमा लगाई आत्महत्या गरेको अवस्थामा भेटिएको भन्ने सुरक्षा निकायको भनाइ देखिन्छ ।

५. कानुनबमोजिम हिरासतमा राखिएका व्यक्तिहरूको सुरक्षाको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी सुरक्षा निकायकै हुने देखिन्छ । टोलीले लासको अवस्थाबारे आफैँले जाँच गर्न नपाएको हुँदा सम्बद्ध सुरक्षा निकायले व्यक्त गरेका भनाइको आधारमा र देखाइएको घटनास्थल एवम् जिल्ला प्रहरी कार्यालय काठमाडौँबाट प्राप्त कागजातको आधारमा नै निष्कर्षमा पुग्नुपर्ने समेत देखिन्छ ।

६. आयोगले यसभन्दा पहिले गरेका सिफारिसअनुसार ब्यारेक, थुनुवा बन्दीहरूलाई राख्ने मानवोचित स्थल होइन भनी बारम्बार गरिएको सिफारिस कार्यान्वयन नभई सैनिक हिरासतमा निज दोर्जे शेर्पालाई राखिएको र सुरक्षा निकायले कानुनबमोजिम हिरासतमा राखिएका व्यक्तिहरूको सुरक्षाको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी सुरक्षा निकायकै हुन जाने हुँदा सो घटनामा सुरक्षा निकायले सुरक्षा व्यवस्थामा लापरवाही रहेको पाइएको र सो सम्बन्धमा केकस्तो सतर्कता अपनाउनुपर्ने हो, सो गरी सोको जानकारी आयोगलाई समेत उपलब्ध गराउन भनी सरकारलाई लेखी पठाउनुपर्ने भन्ने कुरासमेत मिसिल संलग्न कागजातबाट देखिन्छ भन्ने आयोग टोलीको प्रतिवेदन ।

७. आयोगबाट अनुसन्धानसँग सम्बन्धित कागजातहरूको प्रतिलिपिको लागि मिति २०६२।३।१ मा जिल्ला प्रहरी कार्यालय, काठमाडौँ साथै हिरासतमा लिएका व्यक्तिको जीवन रक्षा गर्ने कर्तव्य पनि हिरासतमा लिने अधिकारीको नै हुने हुँदा सो हुन नसकेको विषयमा पनि आवश्यक जानकारी उपलब्ध गराइदिनुहुन भनी तत्कालीन शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार सेलमा समेत सोही मितिमा पठाइएको पत्र मिसिल संलग्न रहेको ।

८. मिति २०६२।६।११ गते जिल्ला प्रहरी कार्यालय, काठमाडौँबाट घटनासँग सम्बन्धित घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का शव परीक्षण प्रतिवेदन र लास सद्गत गर्न दिइएको पुर्जीको प्रतिलिपिलगायत कागजातहरूको प्रतिलिपि प्राप्त ।

९. मिति २०६३।४।१७ गते तत्कालीन शाही नेपाली सेनाको मानव अधिकार सेलबाट देहायबमोजिमको प्रतिक्रिया प्राप्त भएको ।

- Incident On 25th May 2005, Dorje Sherpa committed suicide in military camp, Singh Darbar.
- Findings Investigation found that 3 RNA personal guilty for negligence. The sergeant was sentenced to 2 months in imprisonment, forfeited of promotion for 6 month. The soldier was sentence to 2 months in imprisonment and forfeited of grade for 2 years and waiter (third person-non combatant) was sentenced to 2 months imprisonment.

१०. त्यसैगरी आयोगबाट सङ्खुवासभा जिल्ला सिद्धिकाली गाविस वडा नं ५ निवासी दोर्जे शेर्पाले मिति २०६२।२।१३ गते शुक्रबार अपरान्ह १.१५ बजेको समयमा नेपाली सेनाको सिंहदरवारस्थित श्रीजङ्ग गणमा हिरासतमा रहेको अवस्थामा आफैले लगाएको जुत्ताको तुनाले पासो लगाई आत्महत्या गरेको भनिएको घटनाका सम्बन्धमा आयोगबाट अनुसन्धान हुने क्रममा Ref १४६४४/ ए/ ३/ HR/ ०६२/०६३/६२ मिति ६ मार्च २००६ मा नेपाली जङ्गीअड्डा मानव अधिकार सेलबाट प्राप्त पत्रको बुँदा नं ७५ मा सो घटनामा तीन जना सैनिक कर्मचारीको लापरवाहीका कारण घटना भएको भन्ने जानकारी प्राप्त ।

११. आयोगबाट पुन सो घटनाका सम्बन्धमा सम्बन्धित सैनिक कर्मचारीलाई कारबाही गरिएको बिश्वसनीयताका लागि निजहरूको नाम, दर्जा र कुन मितिदेखि कुन मितिसम्म कैदमा राखिएको हो भन्ने आवश्यक भएकाले सोसम्बन्धी सम्पूर्ण विवरण श्री नेपाली जङ्गी अड्डा मानव अधिकार निर्देशनालय, भद्रकाली, काठमाडौँसँग माग गर्ने भनी मिति २०६४।८।७ गते आयोगको बैठकमा निर्णय भएको र सोहीबमोजिम आयोगबाट मानव अधिकार निर्देशनालयमा सम्पूर्ण बिवरण माग भएपश्चात् मिति २०६४।८।२७ गते मानव अधिकार निर्देशनालयबाट दोर्जे शेर्पाको सम्बन्धमा डिउटीमा रहेका तीन जना सैनिक व्यक्तिहरूको देहायबमोजिमको बिवरण प्राप्त भएको ।

**क) नाम:** ओमबहादुर कार्की

**दर्जा:** हु.

**कारबाही:** मिति २०६२।२।१३ गतेबाट गणना हुने गरी ६० दिन कैद ।

ख) **नाम:** युवराज बोगटी

**दर्जा:** सि.

**कारबाही:** मिति २०६२।२।१३ गतेबाट गणना हुने गरी ६० दिन कैद ।

ग) **नाम**: कृष्णबहादुर बि.क.

**दर्जा:** मेत्तर

**कारबाही:** मिति २०६२।२।१३ गतेबाट गणना हुने गरी ६० दिन कैद ।

१२. सङ्खुवासभा जिल्ला सिद्धिकाली गाविस वडा नं ५ निवासी दोर्जे शेर्पाले मिति २०६२।२।१३ गते शुक्रबार अपरान्ह १.१५ बजेको समयमा तत्कालीन शाही नेपाली सेनाको सिंहदरबारस्थित श्रीजङ्ग गणमा हिरासतमा रहेको अवस्थामा आफैले लगाएको जुत्ताको तुनाले पासो लगाई आत्महत्या गरेको भन्ने विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचार प्रति आयोगको ध्यानाकर्षण भई स्वविवेकमा उजुरी ग्रहण गरी घटनाको सम्बन्धमा छानबिन र अनुसन्धान गर्नका लागि मिति २०६२।२।२४ मा निर्णय भई कारबाही अगाडि बढाइएको, अनुसन्धानको क्रममा आयोगको टोलीको प्रतिवेदन, फरेन्सिक डाक्टरले दिएको प्रतिवेदन र अन्य सङ्कलित प्रमाणहरूबाट मृतक दोर्जे शेर्पाको मृत्यु सैनिक हिरासतभित्र आत्महत्या गरेको कारणबाट भएको देखिन्छ ।

१३. आयोगले यसभन्दा पहिले गरेका सिफारिसअनुसार ब्यारेक थुनुवा बन्दीहरूलाई राख्ने मानवोचित स्थल होइन भनी बारम्बार गरिएको सिफारिस कार्यान्वयन नभई सैनिक हिरासतमा मृतकलाई राखिएको र सुरक्षा निकायले कानुनबमोजिम हिरासतमा राखिएका व्यक्तिहरूको सुरक्षाको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी सुरक्षा निकायकै हुन जाने हुँदा सुरक्षा निकायको सुरक्षा व्यवस्था लापरवाहीपूर्ण रहेकाले सो घटना भएको देखिन्छ ।

१४. यस्तै प्रकृतिको पहिले साधुराम देवकोटाको घटनामा पनि नेपाली सेनाले थुनुवाउपर निगरानी पुर्‍याउन नसक्ने पदिक १ लाई कडा चेतावनीसहित नसिहत दिएको र ब्यारेकमा हिरासतमा राखिएका व्यक्तिहरूलाई राम्ररी निगरानी गर्न परिपत्रसमेत गरिएको भनी आयोगलाई जानकारी गराइएको थियो । प्रस्तुत घटनामा पनि तीन कर्मचारीहरूलाई कारबाही गरिएको भनी जनाएको भए तापनि यस्ता प्रकृतिका घटनाहरू दोहोरिरहेको पाइयो । त्यसैगरी सुरक्षा निकायले कानुनबमोजिम हिरासतमा राखिएका व्यक्तिहरूको सुर क्षाको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी हिरासतमा राख्ने सुरक्षा निकायकै हुने हुँदा सुरक्षा निकायको सुरक्षा व्यवस्था लापरवाहीपूर्ण रहेकोले सो घटना भएको देखिन्छ ।

१५. अतः जिल्ला सङ्खुवासभा सिद्धिकाली गाविस वडा नं. ५ निवासी दोर्जे शेर्पाले मिति २०६२।२।१३ गते शुक्रबार अपरान्ह १.१५ बजेको समयमा नेपाली सेनाको श्रीजङ्ग गणमा हिरासतमा रहेको अवस्थामा आफैले लगाएको जुत्ताको तुनाले पासो लगाई आत्महत्या गरेको भनी विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा आयोगले आफ्नै सकृयतामा सुरु गरेको अनुसन्धान, अनुसन्धानको क्रममा प्राप्त डाक्टरको

प्रतिवेदनसमेतको आधारमा आयोगको टोलीले दिएको प्रतिवेदनबाट ब्यारेकभित्र नजरबन्दमा राखिएको व्यक्तिको ब्यारेकभित्र हिरासतमा नै मृत्यु हुने घटनाले सुरक्षा निकायको गम्भीर हेलचेक्र्याइँ, लापरबाही एवम् असावधानी देखिन आयो । सुरक्षा निकायले गम्भीर हेलचेक्र्याइँ, लापरबाही एवम् पर्याप्त सावधानी अपनाएको देखिएन ।

१६. घटनाको सम्बन्धमा नेपाली सेना कार्यरथी विभाग (मानव अधिकार निर्देशनालय) जङ्गी अड्डाको प्रतिक्रियामा श्रीजङ्ग गणमा आत्महत्या गरेको दोर्जे शेर्पाको सम्बन्धमा डिउटीमा रहेका तीन जना सैनिक व्यक्तिहरू दर्जा हु. ओमबहादुर कार्की, दर्जा सि.युवराज बोगटी, दर्जा मेत्तर कृष्णबहादुर वि.क.लाई २०६२।२।१३ गतेबाट गणना हुने गरी ६० दिन कैद गरेको भन्ने खुल्न आउँछ । तर, सो गणका जिम्मेवार गणपतिलाई कुनै कारबाही भएको देखिएन । डिउटीमा रहेका तीन जना सैनिक व्यक्तिहरूलाई कारबाही गरेको खुल्न आए पनि जिम्मेवार गणपतिलाई कुनै कारबाही भएको खुल्न नआउँदा आफ्नो गणभित्र रहेका व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्ने गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको नदेखिँदा गणपतिलाई समेत आवश्यक कारबाही गर्नपर्ने देखिन्छ ।

१७. अत: आफ्नो गणभित्र रहेका व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्ने गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको भन्ने नदेखिँदा निजलाई समेत आवश्यक कारबाही गर्न र सैनिक हिरासतमा सुरक्षा निकायको असावधानीका कारण मृत्यु हुन पुगेको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति) निर्धारण नियमावली, २०५७ को नियम १७ बमोजिम पीडित परिवारको भरणपोषणका लागि रू. १,००,०००।- (एक लाख) क्षतिपूर्ति उपलब्ध गराउन र अबउप्रान्त नेपाल सरकारअन्तर्गतका थुनुवा केन्द्र, कारागार, हिरासत आदिमा कसैको मृत्यु भएमा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई निष्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहतका निकायमा परिपत्र गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने :**

.........................

यज्ञप्रसाद अधिकारी

प्रमुख, संरक्षण तथा अनुगमन महाशाखा

............ ............ ............

सदस्य सदस्य सदस्य

............ ............

सदस्य अध्यक्ष

इति संवत् २०६४ साल पौष २६ गते रोज

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय

माननीय सदस्य श्री रामनगिना सिंह

माननीय सदस्य श्री गौरी प्रधान

माननीय सदस्य श्री डा.के.वि. रोकाया

**संवत् २०६२ सालको उजुरी नं. ३४००**
**के.का.पुल्चोक, ललितपुर ।**

**विषय: गोली हानी हत्या गरिएको ।**

**नेपाल जेनेभा महासन्धि, १९४९ को पक्ष राष्ट्र हो । यस सन्धिमा भएका प्रावधानहरू लागू हुने अवस्थाहरूमा, विशेष गरी साझा धारा ३ ले सम्बन्धित पक्ष राष्ट्रहरूको हकमा सन्धिका प्रावधान प्रयोग हुने क्षेत्रलाई अप्रत्यक्ष रूपमा मात्र परिभाषित गरेको छ । कुनै पक्ष राष्ट्रको भूभागभित्र सम्बन्धित गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र सङ्घर्षसम्बन्धी अवधारणाको लागि प्रत्यक्ष रूपमा लागू हुने आधारहरू तय गर्ने जिम्मा राष्ट्रको अभ्यास र कानुनी व्यवस्थालाई नै छाडिदिएको पाइन्छ । तर, एउटा राष्ट्रको उक्त सङ्घर्ष एउटा स्तरमा पुगेपछि सो विषय अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु बन्दछ । यसैले माओवादी कार्यकर्ताहरूको उक्त काम कारबाहीसमेत अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको तथ्यमा विवाद देखिँदैन । यसको अर्थ जेनेभा महासन्धिको प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व सो समूहको समेत हुन जाने ।**
(प्रकरण नं. १६)

**१. युद्धमा सहभागी नभएको वा आफ्नो नियन्त्रणमा आएका कुनै व्यक्ति वा लडाकुलाई कुनै आरोपमा यातना दिन तथा ज्यान मार्न कुनै कानुनले पनि र कसैलाई पनि कुनै अधिकार नै दिएको हुँदैन । राज्यको कानुनलाई हातमा लिएर जघन्य अपराध गर्नेलाई राज्यले कारबाही गर्न नसक्नु पनि मानव अधिकार संरक्षण गर्न नसक्नुकै रूपमा लिनु पर्दछ।**
(प्रकरण नं. १७)

२. लमजुङ जिल्ला धमिलिकुवा-२ स्थायी घर भई कामनपा-५ गणेशस्थान, काठमाडौं बस्ने माओवादी पीडित सङ्घका अध्यक्ष गणेशदत्त चिलुवालको मिति २०६०।११।३ गते अन्दाजी ५.०० बजे कार्यालयमा बसिरहेको समयमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले गोली हानी हत्या गरेको र सो सम्बन्धमा दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति र बालबच्चाको शिक्षादीक्षाका लागि गृह मन्त्रालयमा निवेदन गर्न जाँदा सुरक्षाकर्मीको परिवारले पाउने सरह आर्थिक सहायता दिलाइने आश्वासन पाए पनि रु.५०,०००। मात्र उपलब्ध गराइएकोले मृतकका छोराछोरीलाई उचित शिक्षा र परिवार लाई दैनिक जीविकोपार्जनका लागि उचित व्यवस्था गर्न आवश्यक पहल गरिपाऊँ भन्ने समेतको ब्यहोरा उल्लेख गरी २०६२।९।२० मा आयोगमा उजुरी दर्ता हुन आएको ।

३. आयोगबाट च.नं.३४०० मिति २०६२।९।२४ गते गृह मन्त्रालय

सिंहदरबार, काठमाडौंलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा प्रस्तुत घटनाको सम्बन्धमा केकसो भएको हो ? घटनाको सम्बन्धमा तँहा कार्यालयमा समेत उजुरी दिएको भन्ने निवेदनबाट देखिन आएको हुँदा तँहाबाट केकस्तो कारबाही अगाडि बढाइएको छ ? मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने तर्फ केकस्तो नीति रहेको छ ? सो सम्बन्धमा तँहा प्राप्त भएका सम्पूर्ण यथार्थ विवरणहरू यथाशीघ्र आयोगमा उपलब्ध गराइदिनु भन्ने समेतको ब्यहोरा उल्लेख भएको ।

४. च.नं.१२७६ मिति २०६२।१०।४ गते गृह मन्त्रालयबाट आयोगमा पठाएको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा मृतक गणेशदत्त चिलुवालका आश्रित परिवारलाई श्री ५ को सरकारको निर्णयानुसार राहत स्वरूप आर्थिक सहायता २,००,००० (दुई लाख) उपलब्ध गराइएको र मृतकका बालबच्चाहरूको लागि वार्षिक रूपमा छात्रवृत्तिसमेत उपलब्ध गराइसकिएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको ।

५. यसैगरी आयोगबाट च.नं.३४०० मिति २०६२।१२।३ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा प्रस्तुत घटनाको सम्बन्धमा दोषीलाई कारबाही गर्नेतर्फ तँहाबाट केकस्तो कारबाही अगाडि बढाइएको छ ? साथै प्रस्तुत घटनाको सम्बन्धमा तयार पारिएका घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का तथा प्रहरी प्रतिवेदनसमेतका सम्पूर्ण कागजातहरूको प्रमाणित छायाप्रतिसमेत संलग्न राखी यथाशीघ्र आयोगमा उपलब्ध गराइदिनु भन्ने समेतको ब्यहोरा उल्लेख भएको ।

६. अनुहारमा पूरै रगत लागी लतपतिएको, दुबै आँखा खुला रहेको, नाकबाट रगत निस्किएको, मुख बन्द अवस्थामा रहेको, छातीको दायाँ भागमा गोली लागेको प्वाल देखिएको, बायाँ छातीमा अर्को गोली लागेको प्वाल देखिएको, करङमा गोली लागेको प्वाल देखिएको, दायाँ तिघ्रामा गोली लागेको प्वाल देखिएको, पछाडि टाउकोमा गोलीको प्वाल देखिएको भन्ने समेत लास जाँच प्रकृति मुचुल्कामा उल्लेख भएको ।

७. ... गङ्गा बचत तथा ऋण सरकारी संस्थाको ढोकामा मृतक लास घोप्टो अवस्थामा रहेको, मृतक लासभन्दा २५ मिटर उत्तरतर्फ ९८।३११ लेखिएको गोलीको खोका रहेको देखिएको, त्योदेखि २ मिटर पूर्वतर्फ अर्को गोलीको खोका रहेको देखिएको, उक्त खोकामा ७,६२ लेखिएको, ... बचत तथा ऋण सहकारी संस्थाको ढोका खुल्ला रहेको, भित्र काउन्टरहरू खुल्ला रहेको, मृतक लास घोप्टो परी रगतमा भिजेको अवस्थामा रहेको, अन्य घटनास्थलमा केही नदेखिएको, सोदेखि २ मिटर पूर्वतर्फ ८,५ लेखिएको गोलीको खोका १, सोसँगै अर्को ९८, ३११ लेखिएको गोलीको खोका थान २ फेला परेको भन्ने समेतको ब्यहोरा घटनास्थल प्रकृति मुचुल्कामा उल्लेख भएको ।

८. मृत्युको कारण Rifled Firearm Injuries to the Head, Chest and Abdomen भनी पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएको ।

९. प्रस्तुत घटनामा माओवादी पीडित सङ्घका अध्यक्षसमेत रहेका गणेशदत्त चिलुवाललाई कार्यालयमा बसिरहेको समयमा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले गोली हानी हत्या गरेको विभिन्न कागजातहरू र पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएबाट स्पष्ट देखियो । माओवादी कार्यकर्ताहरूको यस्तो कार्यबाट निज गणेशदत्त चिलुवालको के कस्ता मानव अधिकार उल्लङ्घन भएको हो भन्ने विषयमा निर्णय गर्नुपर्ने देखियो ।

१०. वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् बनेको नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा नै नागरिक स्वतन्त्रता र आधारभूत मौलिक अधिकारलाई सुरक्षित गरेको छ । नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानुनी राज्यको अवधारणालाई संविधानमार्फत प्रतिबद्धता जनाइएको छ । यसर्थ, संविधान प्रदत्त मौलिकहरूको उपभोग गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो । यसैगरी कुनै राजनैतिक पार्टीको समर्थन गर्नु वा कुनै सिद्धान्तको समर्थन जनाई कुनै सिद्धान्तको विरोध गर्न पाउनु पनि हरेक नागरिकको अधिकार हो । नेपालमा मात्र होइन बहुदलीय व्यवस्था भएका कैयौँ विश्वका अन्य मुलुकहरूमा पनि राजनैतिक स्वतन्त्रता दिइएको पाइन्छ ।

११. सामान्य अवस्थामा व्यक्तिको मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षकको रूपमा राज्य नै रहेको हुन्छ । अर्थात्, हरेक नागरिकका मौलिक अधिकार संरक्षण, प्रवर्द्धन, परिपूरण गर्ने अर्थात् Protection, Promotion and Fulfillment गर्नु राज्यको दायित्व हो । यसकारण राज्यलाई जनताले विश्वास गर्दछन् र अभिभावक मान्दछन् । सशस्त्र द्वन्द्वको अवस्थामा व्यक्तिका मौलिकहरू र विशेष गरी बाँच्न पाउने अधिकारहरू ज्यादै नै जोखिममा पर्दछन् । नेपालको विगतको अनुभवले पनि यो कुरा सिद्ध गरेको छ । यस्तो विषम परिस्थितिमा राज्यको दायित्व झन् संवेदनशील र जोखिमपूर्ण हुन्छन् । विभिन्न अन्तर्राष्ट्रिय सशस्त्र युद्धहरूमा मानव अधिकारको संरक्षण र मानवीय कानुनको परि पालनाको प्रश्न चुनौतीकै रूपमा रही आएको पाइन्छ। आधुनिक राजनीतिशास्त्र र प्रजातान्त्रिक संविधानहरूले राज्यलाई नागरिकहरूको मौलिक अधिकार संरक्षणकर्ताको रूपमा स्वीकार गरेको छ ।

१२. माओवादी कार्यकर्ताहरूले सशस्त्र द्वन्द्वको नाममा, पार्टीको विरुद्ध लागेको लगायतका आरोप लगाई युद्धको नाममा सयौं व्यक्तिहरूको हत्या गर्ने, यातना दिने, बेपत्ता बनाउने लगायतका कार्यहरू हुँदै आएको र राष्ट्रिय मानव अधिकार आयोगमा समेत विभिन्न समयमा कैयौं उजुरीहरू दर्ता

हुन आएका छन् । केही उजुरीहरूमा आयोगले अनुसन्धानपश्चात् निर्णय पनि गरिसकेको छ भने केही उजुरीहरू अनुसन्धानकै क्रममा रहेको छ । यसैक्रममा माओवादीका कार्यकर्ताहरूले गणेशदत्त चिलुवाललाई गोली हानी हत्या गरेको देखियो । यसमा माओवादी कार्यकर्ताहरूको यस्तो कारबाहीले गणेशदत्त चिलुवालको तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको मौलिक हक, प्रचलित नेपाल कानुन तथा अन्तर्राष्ट्रिय कानुनहरूद्वारा प्रदत्त हक अधिकारको ठाडो उल्लङ्घन भएको देखिने । साथै, माओवादी कार्यकर्ताहरूको यस्तो काम कारबाहीहरूलाई मानव अधिकारको वर्तमान शास्त्रहरू र मानवीय कानुनहरूबाट पनि अपराध मानिन्छ ।

१३. संयुक्त राष्ट्रसङ्घीय बडापत्रमा उल्लेख भएका सिद्धान्तहरू, बडापत्रको धारा ५५ ले औंल्याएका मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूप्रति आमरूपमा सम्मान, संरक्षण, सम्बर्द्धन र परिपालना गर्ने दायित्व सबैको रहने कुरालाई अङ्गीकार गरेको पाइन्छ । यस्ता सिद्धान्तहरूमध्ये विश्वव्यापी रूपमा मानव समाजका सबै सदस्यहरूको अन्तरनिहीत मानसम्मान अर्थात् प्रतिष्ठा एवम् अहरणीय अधिकार रहेको कुरालाई नै मानव अधिकारका अन्य दस्तावेज र सन्धिहरूले अनुसरण गरेको पाइन्छ ।

१४. प्रस्तुत घटनामा मृत्यु भएका गणेशदत्त चिलुवालको बाँच्न पाउने अधिकारको ठाडो उल्लङ्घन भएको देखिएको र नेकपा (माओवादी) का कार्यकर्ताहरूको यस्तो कार्यले व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन गर्न नहुने अन्तर्राष्ट्रिय मानवीय कानुनको उपहास भएको देखियो । अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा निर्देशित तथा नियमन गर्दछ । यस महासन्धिअनुसार अशक्त भएर लडाइँबाट अलग भएका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभावविना उनीहरूको सुरक्षालगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग भएका व्यक्तिहरूलाई मार्न तथा क्षति पुर्‍याउन प्रतिबन्ध लगाएको पाइन्छ ।

१५. यसैगरी पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरू विरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ। कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक

क्षति गर्ने प्रकृतिका युद्धको तरिका र हात हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ । जसबाट के स्पष्ट हुन्छ भने युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित नभई कुनै पनि भेदभावविना आफ्नो कब्जामा रहेका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ । उनीहरूको ज्यान लिने अथवा चोट पुर्‍याउने कुनै पनि उद्योगमाथि जेनेभा महासन्धिद्वारा कडा प्रतिबन्ध लगाइएको छ ।

१६. नेपाल जेनेभा महासन्धि, १९४९ को पक्ष राष्ट्र हो । यस सन्धिमा भएका प्रावधानहरू लागू हुने अवस्थाहरूमा, विशेष गरी साझा धारा ३ ले सम्बन्धित पक्ष राष्ट्रहरूको हकमा सन्धिका प्रावधान प्रयोग हुने क्षेत्रलाई अप्रत्यक्ष रूपमा मात्र परिभाषित गरेको छ । कुनै पक्ष राष्ट्रको भूभागभित्र सम्बन्धित गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र सङ्घर्षसम्बन्धी अवधारणाका लागि प्रत्यक्षरूपमा लागू हुने आधारहरू तय गर्ने जिम्मा राष्ट्रको अभ्यास र कानुनी व्यवस्थालाई नै छाडिदिएको पाइन्छ । तर, एउटा राष्ट्रको उक्त सङ्घर्ष एउटा स्तरमा पुगेपछि सो विषय अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु बन्दछ । यसैले माओवादी कार्यकर्ताहरूको उक्त काम कारबाहीसमेत अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको तथ्यमा विवाद देखिँदैन । यसको अर्थ जेनेभा महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व सो समूहको समेत हुन जाने । तत्कालीन परिस्थितिमा नेकपा (माओवादी) ले जेनेभा महासन्धिको पालना गर्ने प्रतिबद्धता जाहेर गरेको अवस्थालाई समेत मध्यनजर गर्दा नेकपा (माओवादी) का कार्यकर्ताहरूले निज गणेशदत्त चिलवाललाई आक्रमणको निशाना बनाउन नहुने दायित्व पालना नगरी निजको हत्या गरेको देखिएकोले उक्त कार्य गैरकानुनी र युद्धको नियमविपरीत भएको देखिने ।

१७. युद्धमा सहभागी नभएको वा आफ्नो नियन्त्रणमा आएका कुनै व्यक्ति वा लडाकुलाई कुनै आरोपमा यातना दिन तथा ज्यान मार्न कुनै कानुनले पनि र कसैलाई पनि कुनै अधिकार नै दिएको हुँदैन । राज्यको कानुनलाई हातमा लिएर जघन्य अपराध गर्नेलाई राज्यले कारबाही गर्न नसक्नु पनि मानव अधिकार संरक्षण गर्न नसक्नुकै रूपमा लिनु पर्दछ ।

१८. माथि नै उल्लेख भएझैं राज्य हरेक नागरिकको अभिभावकको रूपमा रहेको हुन्छ । नागरिकको मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपूरण गर्नु राज्यको प्रमुख दायित्वको रूपमा रहेको हुन्छ । सशस्त्र द्वन्द्वको समयमा राज्य नागरिकहरूको आधारभूत अधिकारको संरक्षणका लागि अझै संवेदनशील हुनुपर्दछ । राज्यको सुरक्षा व्यवस्था फितलो भएकै कारण राजधानीकै केन्द्रमा रहेको स्थानमा समेत निजले ज्यान गुमाउनुपरेको अवस्था एकातर्फ देखियो भने अर्कोतर्फ घटनापश्चात् अपराधमा संलग्न

व्यक्तिहरूको तदारुकताका साथ खोजी नगरिनुले राज्य संवेदनशील नभएको देखिने । यसबाट राज्यले नागरिकको मौलिक अधिकार संरक्षण, सवर्द्धन र परिपूरणकर्ताको भूमिका निभाउन नसकेको ।

१९. दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न प्रहरीको प्रभावकारी अनुसन्धान अपरिहार्य हुन्छ । प्रहरीले राजनैतिक दलको लागि काम गर्ने नभई स्वतन्त्र ढङ्गले शान्ति, सुरक्षा, अपराधको तहकिकात गर्नुपर्दछ । प्रहरीले यसतर्फ संवेदनशील हुनुपर्दछ । प्रहरी सङ्गठन राज्य र जनताको हो, कुनै राजनैतिक दलको होइन भन्ने भावनाले प्रहरीले काम गर्नुपर्दछ । अतः प्रभावकारी अनुसन्धान गरी अपराध गर्ने व्यक्तिहरूलाई कानुनी कठघरामा ल्याउने दायित्व पनि राज्य र प्रहरी प्रशासनकै हो ।

२०. मृतकका तर्फबाट आयोगमा दर्ता हुन आएको उजुरीमा पाउनुपर्ने क्षतिपूर्ति र कम नपाएको भन्ने उल्लेख भएको छ । यसतर्फ पनि आयोगले विचार गर्नुपर्दछ। वार्षिकरूपमा मृतकका छोराछोरीहरूलाई शैक्षिक छात्रवृत्ति उपलब्ध गराइँदै आएको र मृतकका परिवारले रु. २ लाख आर्थिक सहायता गरेको भनी गृह मन्त्रालयको पत्रमा खुलाइएको छ ।

२१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको छ। नागरिक तथा राजनैतिक अधिकार विषयक महासन्धि १९६६ को धारा ६.१ मा उल्लिखित प्रत्येक मानिसको बाँच्न पाउने नैसर्गिक अधिकार हुन्छ । यस अधिकारलाई कानुनद्वारा संरक्षण गरिनेछ । कसैलाई पनि निजको बाँच्न पाउने अधिकारबाट स्वेच्छाचारी रूपमा वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ ।

२२. यसमा निर्णयतर्फ विचार गर्दा माओवादी पीडित सङ्घका अध्यक्ष गणेशदत्त चिलुवालको मिति २०६०।११।३ गते अन्दाजी ५:०० बजे कार्यालयमा बसिरहेको समयमा तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले गोली हानी हत्या गरेकाले घटनाको छानबिन गरी दोषीलाई कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउन पहल गरिपाऊँ भनी मिति २०६२।९।२० गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो । गृह मन्त्रालयको मिति २०६२।१०।४ गतेको पत्रानुसार मृतक गणेशदत्त चिलुवालका आश्रित परिवारलाई तत्कालीन श्री ५ को सरकारको निर्णयानुसार राहतस्वरूप आर्थिक सहायता रू. दुई लाख उपलब्ध गराइएको र मृतकको बालबच्चाहरूका लागि वार्षिक रूपमा छात्रवृत्तिसमेत उपलब्ध गराइसकिएको भनी आयोगमा जानकारी गराइएको । त्यसैगरी जिल्ला प्रहरी कार्यालय, काठमाडौँको मिति २०६२।१२।७ गतेको पत्रसाथ उपलब्ध गराइएको घटनास्थल लास जाँच प्रकृति मुचुल्काअनुसार अनुहारमा पूरै रगत लागी लतपतिएको,

दुबै आँखा खुला रहेको, नाकबाट रगत निस्किएको, मुख बन्द अवस्थामा रहेको, छातीको दायाँ भागमा गोली लागेको प्वाल देखिएको, बाँया छातीमा अर्को गोली लागेको प्वाल देखिएको, करङमा गोली लागेको प्वाल देखिएको, दायाँ तिघ्रामा गोली लागेको प्वाल देखिएको, पछाडि टाउकोमा गोलीको प्वाल देखिएको भनी उल्लेख भएको । मृत्युको कारण Rifled Firearm Injuries to the Head, Chest and Abdomen भनी पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएको देखिएबाट तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट निज गणेशदत्त चिलुवालको गोली हानी हत्या गरेको स्पष्ट भएकाले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन भएको देखियो । अतः घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न साथै मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

२३. प्रस्तुत उजुरीमा आयोगबाट भएको निर्णय नेपाल सरकारलाई लेखी पठाउनु । उजुरीकर्तालाई निर्णयको जानकारी दिई उजुरी फाइल अभिलेख शाखामा नियमानुसार बुझाइदिनु ।

**पेस गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ........... | ........... | ........... |
|---|---|---|
| सदस्य | सदस्य | सदस्य |

...........

अध्यक्ष

इति संवत् २०७० साल असार १३ गते रोज ५ शुभम् ।

## श्री राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष,श्री केदारनाथ उपाध्याय

माननीय सदस्य,श्री रामनगिना सिंह

माननीय सदस्य,श्री गौरी प्रधान

माननीय सदस्य डा. के.वि.रोकाय

**संवत् २०६३ सालको ७/१५१, क्षे.का., पोखरा ।**

**विषय : बेपत्ता**

**बेपत्ता भएको आफ्नो परिवारको सदस्यको सास या लास पाउनु पीडित परिवारको अधिकार हो। पक्राउ परेका निज चन्द्रप्रसाद खनाल सरकारी जवाफअनुसार मारिएको भनिए पनि उनको लास आफन्तले नपाएको, जसले गर्दा आफ्नो धर्म संस्कृतिअनुसार गर्नुपर्ने दाहसंस्कार, काजकिरिया पनि गर्न नपाएको एकातिर छ भने, अर्कोतर्फ आफ्ना प्रत्येक नागरिकको व्यक्तिगत घटनाहरू दर्ता गरी अद्यावधिक राख्नुपर्ने दायित्व रहेको सरकारी निकायले मारिएको भनिएको घटनापछि तयार गर्नुपर्ने कागजातहरूसहितको अभिलेख सरकारी निकायमा राख्नुपर्नेमा सो भएको पनि पाइएन । तसर्थ पीडित मारिएको भनी आधिकारिक रूपमा परिवारले जानकारी पाई निजको लास रितपूर्वक दाहासंस्कार गरी काजकिरिया गर्न नपाएको यस अवस्थालाई पीडितको मृत्यु भएको मान्न मिल्ने देखिएन। निज पीडितलाई हालसम्म पनि बेपत्ताको सूचीमा नै राख्न उपयुक्त देखियो ।** (प्रकरण नं. २० )

१. गोरखा जिल्ला हंशपुर गाविस वडा नं. २ बस्ने चन्द्रप्रसाद खनाललाई घर निजकैको खेतमा दाइँ गरिरहेको अवस्थामा मिति २०५८/८/१६ गते करिब दिनको ३:०० बजे गोरखा जिल्लाको भच्चेक इलाका प्रहरी कार्यालयबाट खटिई आएको संयुक्त सुरक्षाफौजको टोलीले विनाजानकारी विनापुर्जी केही सोधपुछ गर्नु छ भनी लगेको। पीडितका ... लाई पनि पक्राउ गरी लगेकोमा निजलाई भालिपल्टै छोडियो भने चन्द्रप्रसाद खनाललाई भेट्न समेत नदिई सार्वजनिक नै गरिएन । सोही बेला पक्रउ परी रिहा भएका विभिन्न व्यक्तिहरूसँग बुझ्दा चन्द्रप्रसाद खनाललाई मिति २०५८/११/२० गतेसम्म त्यहीँ चौकीमा राखिएको अप्रत्यक्ष जानकारी पाइएको तर बुझ्न खोज्दा कुनै खबर दिइएन। उहाँको अवस्था हालसम्म पनि अज्ञात रहेकाले जीवन रक्षाका लागि पहल गरिपाऊँ भनी नेपाल मानव अधिकार सङ्गठन काठमाडौंमा पीडित पक्षले निवेदन दिएपछि सो सङ्गठनबाट राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयमा मिति २०६०/२/१ मा उजुरी पठाई दर्ता भएको र क्षेत्रीय कार्यालय, पोखरामा क्षेत्राधिकार सरी सो कार्यालयबाट सम्पूर्ण कारबाही भई निर्णयार्थ आयोगको वैठकमा पेस भएको देखिन्छ ।

२. प्रकरण (१) मा उल्लिखित घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट गृह मन्त्रालय, जिल्ला

प्रशासन कार्यालय गोरखा समेतलाई मिति २०६१/२/१ मा पत्राचार गरी जवाफ माग गरिएको मिसिल संलग्न कागजातबाट देखिन्छ । जिल्ला प्रशासन कार्यालयले मिति २०६०/२/१४ गते ... उल्लिखित गोरखा हंशपुर गाविस वडा नं.२ बस्ने चन्द्रप्रसाद खनाललाई यस कार्यालयबाट कुनै पनि ऐनअन्तर्गत पक्राउ गर्ने हिरासतमा लिने र थुनामा राख्ने समेतका कार्य नभएको ब्यहोरा अनुरोध छ भन्ने ब्यहोरा उल्लेख भएको पत्र आयोगमा प्राप्त भइ मिसिल संलग्न गरिएको रहेको छ ।

३. त्यसपछि आयोगबाट पुनः गृह मन्त्रालयलाई ताकेता गर्दै रक्षा मन्त्रालय, नेपाली सेना पश्चिम पृतना हे.क्वा. पोखरा, गोरखा जिल्लास्थित विभिन्न राजनीतिक दलहरू, मानव अधिकार संस्थाहरू, सम्बन्धित गाउँ विकास समितिको कार्यालयसमेतमा पत्राचार गरी घटनाका बारेमा जानकारी माग गरिएको रहेछ ।

४. गृह मन्त्रालयद्वारा बेपत्ता भएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न गठित छानबिन समितिको प्रतिवेदनमा उल्लेख भएको ब्यहोरा (मिति २०६१ आश्विन २५ गतेको प्रतिवेदन यस कार्यालयमा अनौपचारिक (unofficial) प्रति प्राप्त भई मिसिलमा रहेकोमा चन्दप्रसाद खनाल, हंशपुर गोरखाको बारेमा जानकारी सार्वजनिक हुन नेपाल मानव अधिकार सङ्गठनबाट अनुरोध भइ आएकोमा निजले गोरखाको श्रीनाथकोट गाविस नयाँगाउँ भन्ने स्थानमा संयुक्त सुरक्षाफौजको गस्ती टोलीलाई एक्कासि आक्रमण गर्दा भएको जवाफी गोली फायरमा घटनास्थलमा नै मृत्यु भएको भन्ने जिल्ला प्रशासन कार्यालय, गोरखाको मिति २०६१/५/२४ को पत्रबाट जानकारी हुन आएको भन्ने उल्लेख भएको पाइयो । साथै, वामनप्रसाद न्यौपानेको संयोजकत्वमा गठित समितिको २०६३ को प्रतिवेदनमा मिति २०५८/११/१५ गते गोरखा जिल्लाको श्रीनाथकोट गाविसको नयाँसाँघु भन्ने स्थानमा संयुक्त सुरक्षाफौजद्वारा सर्च कारबाही गर्दा २ जना अपरिचित माओवादीहरूको मृत्यु भएको सो सम्बन्धमा विभिन्न माध्यमहरूबाट खुल्न आएअनुसार सो कारबाहीमा जिल्ला गोरखा हंशपुर ३ बस्ने चन्द्रकान्त खनाल नभई ऐ.ऐ. २ बस्ने चन्द्रप्रसाद खनालको मृत्यु भएको भनी प्रहरी प्रधान कार्यालयको च.नं.५३० मिति २०६३/३/२० को पत्रबाट जानकारी प्राप्त भएको भनी उल्लेख भएको रहेछ ।

५. जिल्ला प्रहरी कार्यालय, गोरखाले मिति २०६८/७/१ गते यस कार्यालयलाई पठाएको जवाफमा गोरखा हंशपुर गाविस वडा नं. २ बस्ने चन्द्रप्रसाद खनाललाई मिति २०५८/८/१६ गते दिउँसो ३:०० बजेतिर घर निजकै खेतमा दाइँ गरिरहेको अवस्थामा सुरक्षाफौजले गिरफ्तार गरी हालसम्म बेपत्ता पारेको भन्ने सम्बन्धमा उल्लिखित मितिमा चन्द्रकान्त खनाललाई पक्राउ गरिएको यस कार्यालयको अभिलेखबाट

नदेखिएको, मिति २०५८/११/१५ गते श्रीनाथकोट गाविस वडा नं. ५ नयाँसाघुँ भन्ने स्थानमा सुरक्षाफौजले गरेको सर्च कारबाहीमा परी निज चन्द्रप्रसाद खनालको मृत्यु भएको यस कार्यालयको अभिलेखमा देखिएको सोबाहेक अन्य कागजातहरू केही नभएको भनी उल्लेख भएको पाइयो ।

६. घटनाको सम्बन्धमा चन्द्रप्रसाद खनाल ... हो । म, ... र अन्य खेतालाहरूसहित त्यस दिन हाम्रो घरनिजकैको खेतमा धानको दाइं गरिरहेका थियौं । दिउँसो ३ बजेको समयतिर दिलीप थापाको कमान्डमा आएको शाही नेपाली सेनाको टोलीले चन्द्रप्रसाद र ... लाई पक्राउ गरी सँगै डोरीले हात बाँधी भच्चेकस्थित सेनाको क्याम्पमा लग्यो । चन्द्रप्रसादलाई र मलाई भच्चेक प्रहरी चौकीमा पुऱ्याएपश्चात् भिन्नाभिन्नै ठाउँमा आँखामा पट्टिबाँधेर राखिएको थियो । मलाई ... दिनसम्म गहिरो खाल्डो खनिएको बङ्करमा लगी सो बङ्करको चिसो छिँडीमा राखे, चन्द्रप्रसादलाई अर्कैतिर राखे, हाम्रो भेट भएन तर खोक्दा खेरि चन्द्रप्रसादको आवाज सुनेको थिएँ । मलाई भने ... दिनपश्चात् ... भन्ने व्यक्तिको रोहबरमा छोडियो तर चन्द्रप्रसादलाई छोडेन र भेट गर्न पनि दिएन । मलाई ... दिनसम्म बङ्करको चिसो छिँडीमा राखिएका कारण म घरमा आएपश्चात् बिरामी भई इन्डिया गई औषधी उपचार गरी ठिक भएको हुँ । त्यसबखत हामीबाहेक गाउँका अन्य मान्छेहरूलाई पनि पक्राउ गरी त्यो क्याम्पमा राखेको थियो, केहीलाई तारेखमा छोड्यो र केही बेपत्ता भए । यसै गाउँका बुद्धिवल वि.क, शारदा अधिकारी, माधव अधिकारी पनि अझैसम्म बेपत्ता छन् भन्ने ... को भनाइ ।

७. मलाई १.५ वर्षसम्म सेनाले तारेख दिएको कारण म भच्छेकस्थित संयुक्त सुरक्षाफौजकहाँ हाजिर हुन दैनिकजसो जाने गर्दथेँ । हाम्रो घरपरिवारमा ... गरी जम्मा ७ जनाको परिवार छ । हामीले राहतस्वरूप जिल्ला प्रशासन कार्यालय गोरखावाट रु १ लाख पायौँ, मलाई ... भनेर ... मा ... तहको जागिर दिलाइदिएका छन् तर त्यो पनि दैनिक ज्यालादारीमा हो । चन्द्रप्रसादलाई सेनाले लगेपश्चात् निजकी श्रीमती मानसिक यातनाको कारण बिरामी भई अहिले पनि औषधी खानुपर्ने अवस्था छ । मलाई पनि सेनाले ... दिनसम्म चिसो बङ्करमा राखेको कारण अहिले पनि जिउका नलीहरू, ढाड दुख्ने गरेको छ, उपचार गराउने पैसा छैन भन्ने समेत ब्यहोराको ... को बयान ।

८. चन्द्रप्रसाद खनाललाई तत्कालीन सुरक्षाकर्मीहरूले पक्राउ गरी भच्छेकस्थित सुरक्षकर्मीहरूको संयुक्त सुरक्षापोस्टमा राखिँदा म पनि चन्द्रसँगै पक्राउ परेको थिएँ । चन्द्रप्रसाद खना र मलाई सँगै २२ दिनसम्म गहिरो खाल्डो खनिएको सेनाको बङ्करमा राखिएको थियो । २२ दिनपश्चात् म तारेखमा रिहा भएँ भने चन्द्रप्रसाद खनाललाई भने सेना तथा प्रहरीहरूले रिहा गरेनन् । त्यसै

पोस्टबाट यस गाउँका बुद्धिबल वि.क., माधव अधिकारी र शारदा अधिकारी पनि बेपत्ता पारिए । अहिलेसम्म परिवारले न सास पाए न लास भन्ने ... को बयान ।

९. चन्द्रप्रसाद खनाललाई भच्छेकस्थित सुरक्षापोस्टवाट आएका सुरक्षाकर्मीहरूले पक्राउ गरी लाँदा हामी ... को खेतमा धानको दाइँ गरिरहेका थियौं । धानको खेतमा हामी ... जना ... सँगै थियौ । हाम्रै अगाडिवाट नै चन्द्रप्रसाद खनाल र ... लाई पक्राउ गरी हातमा डोरीले बाँधेर सुरक्षाकर्मीहरूले लगेका थिए । सुरक्षाकर्मीहरूले पक्राउ गरी लगेको २२ दिन पछि ... भने छुटनुभयो तर चन्द्रप्रसाद खनालको अवस्था भने बेपत्ता नै रह्यो । सुरक्षाकर्मीहरूले उहालाई कहाँ कुन ठाउँमा लगी हत्या गरे त्यो भने हामीलाई थाहा भएन । त्यसैबेला यस गाउँका माधव अधिकारी, शारदा अधिकारी (भरत भनी गाउँमा बोलाउने नाम), र बुद्धिबल वि.क. पनि सोही पोस्टबाट बेपत्ता पारिए । सङ्कट कालको सुरुमा त्यहाँ पोस्टमा डिके थापा (दिलिपकुमार थापा) भन्ने क्याप्टेन/लप्टन थियो । उसैले पक्राउ गरेको हो । केही समयपछि राजीव थापा भन्ने कमान्डर आएको थियो । त्यो पनि साह्रै बदमास थियो । सायद त्यही राजीव थापाको समयमा ती व्यक्तिहरू बेपत्ता भएका हुन् । त्यस बेला गाउँका धेरैले दुःख पाए । घरघरमा आएर समात्दै लैजाँदै पिट्दै चिसोमा राख्दै, सोधपुछ गरी तारेखमा छोड्थ्यो । छोडेपछि माओवादी कहाँ छन् समाचार लिएर आइज भनेर बेलुकी दैनिक हाजिर गराउँथ्यो । ती सेनालाई कारबाही हुनुपर्छ भनी चन्द्रप्रसाद खनाललाई सुरक्षाकर्मीहरूले पक्राउ गरी लाँदाको अवस्थामा देख्ने ... जना प्रत्यक्षदर्शीहरूको संयुक्त भनाइ ।

१०. म ... को कान्छो छोरा हुँ । ... वहिनीको क्याम्पस भर्ना हुँने कागजपत्र पुर्याउन भनी भच्छेक बसपार्कमा जान भनी हिँड्नुभएको अवस्थामा ... लाई सूर्योदय प्राविवाट सेना तथा प्रहरीको संयुक्त सुरक्षाफौजले भेटी तँ यहाँवाट फर्की भनी फर्काएर घरसम्म ल्याई घर घेरा हाली मलाई गालामा एक थप्पड हानी ... लाई पक्राउ गरी लिएर गएका हुन् । मेरो ... हालसम्म बेपत्ता हुनुहुन्छ । सोही बेला यस गाउँका चन्द्रपप्रसाद खनालाई पनि सोही सेनाले बेपत्ता पारेको हो । पक्राउ गर्दाका बखत दिलिप थापा भन्ने कमान्डर थियो पछि त्यो कता गयो राजीव थापा भन्ने आयो । धेरै दिनसम्म ब्यारेकमा राखी पछि कता लगे थाहा भएन । पक्रेर लिएर जाँदा र थुनामा रहँदा पनि देख्ने भेट्ने मान्छे छन् । निजहरूलाई बुझ्दा पनि त्यो क्याम्पले बेपत्ता पारेको पुष्टि हुन्छ भन्ने समेत ब्यहोरा ... को ... को भनाइ रहेको देखिन्छ ।

११. म, चन्द्रप्रसाद खनाल, बुद्धिवल वि.क, शारदाप्रसाद अधिकारी र माधव अधिकारी सबैलाई एकै दिनमा वा एकदुई दिन अघिपछि गरी पक्राउ गरिएको हो । घटना धेरै पुरानो भएकाले मैले अलि

विसँ तर हामीहरू भच्छेकस्थित प्रहरीको पोस्टमा सँगै थियौँ । मलाई ... महिनासम्म भच्छेकको सुरक्षा क्याम्पमा राखियो । मलाई सेनाले खनेको बङ्करमा राखिएको थियो भने अरुलाई छुट्टै अर्को कोठामा राखेको रहेछ, मैले उहाहरूले बोलेको सुनेर उहाँहरूलाई अर्को कोठामा राखिएको रहेछ भन्ने थाहा पाएँ । म ... महिनापछि रिहा भएँ तर उहाँहरू भने छुट्नु भएन । क्याप्टेन डि.के. थापाको कमान्डमा आएका सेनाको फौजले उहालाई लिएर गएको हो । डि.के.थापाको सरुवा भएपश्चात् राजीव थापाको कमान्डमा भच्छेकको संयुक्त सुरक्षाफौजले कारबाही गरेको हो । निज राजीव थापा लप्टन वा क्याप्टेन के हुन् पोस्ट भने थाहा भएन । त्यसपछि उहाँहरूलाई कहाँ लगियो त्यो भन्ने मलाई थाहा जानकारी भएन भनी पीडित खनालसँगै पक्राउ परी थुना मुक्त भएका ... ले आयोगको टोलीसमक्ष गरेको बयान ।

१२. हंशपुर २ का चन्द्रप्रसाद खनाललाई पक्राउ गरेको १५ दिनपश्चात् ... मा ल्याएका थिए । रातको समयमा ... सुतिरहेको मान्छेलाई उठाए अनि चन्द्रप्रसादलाई चेक जाँच गर्न लगाए । ... ले हेर्दा उहाँको पिसाब वन्द भएर सेनाहरूले ल्याएका रहेछन् । उनले त्यसवेला “म अब बाँच्दिन” भन्दै रोएका थिए । ... ले उहाँको पिसाब सके जति ... पाइप लगाएर झिकियो । ... ले सुरक्षाकर्मीहरूलाई उहाँको प्रोस्टेटको अपरेसन गर्नपर्ने रहेछ भन्ने सल्लाह दिएको । तर ... ले गर्न सक्ने उपचार पनि राम्रोसँग गर्न नपाई फेरि सेनाले उनलाई ब्यारेकभित्र लगिहाले । त्यसपछिबाट निज चन्द्र खनाललाई देखिएको छैन, बेपत्ता छन् भन्ने ... को भनाइ ।

१३. अनुसन्धानबाट प्राप्त सम्पूर्ण तथ्यहरूको विश्लेषण गर्दा गोरखा जिल्ला हंशपुर गाविस वडा नं. २ बस्ने चन्द्रप्रसाद खनाललाई भच्चेकस्थित तत्कालीन शाही नेपाली सेना र प्रहरीको संयुक्त टोलीले मिति २०५८/८/१६ गते पक्राउ गरी सूचनाविहीन थुना (incommunicado detention) मा राखी मिति २०५८/११/१५ गते श्रीनाथकोट गाविसको नयाँ साँघु भन्ने स्थानमा लगी हत्या गरेको भन्ने देखिन्छ । जसले राज्यपक्षबाट अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी/संवैधानिक व्यवस्थासमेतको उल्लङ्घन गरेको देखियो । यस घटनामा प्रत्यक्षरूपमा तत्कालीन शाही नेपाली सेना भच्चेकका सुरक्षाफौजका तत्कालीन कमान्डर लप्टन/क्याप्टेन दिलिपकुमार थापा र राजीव थापाको संलग्नता रहेको पाइँदा आरोपित सैनिकहरूलाई सुनुवाइको मौकासमेत दिई घटनाको थप अनुसन्धान आवश्यक भए सोसमेत गरी कानुनबमोजिम कारबाही गर्न र पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न मानव अधिकार आयोग ऐन २०५३ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ बमोजिम नेपाल सरकारलाई लेखी पठाउनुपर्ने देखियो ।

१४. प्रस्तुत उजुरीको सम्बन्धमा अनुसन्धान कार्य पूरा भई सो प्रतिवेदनको निष्कर्षसहित टिप्पणीका लागि नेपाली सेना, पश्चिम पृतना, पोखरा, जिल्ला प्रशासन कार्यालय, गोरखासमेतलाई पत्राचार गरिएकोमा नेपाली सेना पश्चिम पृतना हे.क्वा.बाट पठाइएको जवाफ यसप्रकार रहेको मिसिल संलग्न कागजातबाट देखियो- "...उक्त पत्रमा उल्लिखित गोरखा जिल्ला हंशपुर गाविस वडा नं.२ बस्ने चन्द्रप्रसाद खनाललाई मिति २०५८/८/१६ गते घरनिजकैको खेतमा दाइँ गरिरहेको अवस्थामा करिब दिनको ३ बजे गोरखा जिल्लाको भच्चेक इलाका प्रहरी कार्यालयबाट खट्टिई आएको संयुक्त सुरक्षाफौजको टोलीले पक्राउ गरेको भन्ने सम्बन्धमा यस महाशाखाको अभिलेखमा नदेखिएको ।"

१५. यसरी, अनुसन्धान सम्पन्न गरी मिसिल निर्णयार्थ आयोगको मिति २०६९/११/२८ को बैठकमा पेस हुँदा पीडित परिवारले पाएको राहतको जानकारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट बुझ्ने र घटनामा संलग्न देखिएका नाम र पद यकिन नभएका तत्कालीन भच्चेक सुरक्षा बेसक्याम्पका शाही नेपाली सेनाका कमान्डरहरू दिलिपकुमार थापा (डि.के.थापा) र राजीव थापा र प्रहरी कार्यालयका इन्चार्जको सम्बन्धमा थप जानकारी लिई निजहरूको बयान लिई मिसिल आयोगमा पुनः पेस गर्नु भन्ने आयोगको आदेशबमोजिम पत्राचार हुँदा पीडितलाइ रु ३ लाख राहत प्रदान गरिएको भनी उल्लिखित मन्त्रालयबाट जवाफ प्राप्त भएको पाइयो ।

१६. यस्तै, रक्षा मन्त्रालयबाट प्राप्त जवाफमा "....नेपाली सेनामा जानकारी माग गरी पठाइएकोमा श्री कार्यरथी विभाग, मानव अधिकार निर्देशनालय जंगी अड्डाको प.सं. ....मिति......को पत्रमार्फत भच्चेक सुरक्षा बेस क्याम्प गोरखामा कार्यरत शाही नेपाली सेनाका सैनिकहरू डि.के. (दिलिपकुमार) थापा र राजीव थापाको संलग्नता रहेको भनी उल्लेख भए तापनि निजहरूको पद नखुलेको हुँदा द्विविधा उत्पन्न भएकाले निजहरूको नाम तथा दर्जा स्पष्ट खुलाई पठाइदिनु भनी लेखिआएकाले सोही ब्यहोरा जानकारीको लागि अनुरोध छ" भन्ने समेत ब्यहोरा उल्लेख भएको देखियो ।

१७. यसमा, गोरखा जिल्ला हंशपुर गाविस वडा नं. २ निवासी वर्ष ५६ को चन्द्रप्रसाद खनाललाई मिति २०५८/८/१६ गते हंशपुर गाविस भच्चेकस्थित संयुक्त सुरक्षाफौजको टोलीले पक्राउ गरी लगेर बेपत्ता बनाएकाले खोजविन गरिपाऊँ भन्ने समेत ब्यहोराको उजुरी यस आयोगमा दर्ता भई सो सम्बन्धमा अनुसन्धान गर्दा निज खनाललाई पक्राउ गरेर लिएर गएको बखत देख्ने साक्षीहरू, थुनामा राख्दा भेट्ने थुनुवाहरू एवम् अन्य जानकार व्यक्तिहरूको बयानबाट उजुरीमा उल्लेख भएबमोजिम मिति २०५८/८/१६ गते भच्चेकस्थित तत्कालीन शाही नेपाली सेनाको पोस्टबाट खटिएको क्याप्टेन/लप्टन

डि.के. थापा (दिलिपकुमार थापा) को नेतृत्वको टोलीले खनाललाई घरछेउको खेतबाट पक्राउ गरी लिएर गएको र पछि बेपत्ता बनाएको भन्ने पाइयो ।

१८. यसै घटनाको बारेमा सरोकारवाला सरकारी निकायहरू गृह मन्त्रालय, रक्षा मन्त्रालय, जिल्ला प्रशासन कार्यालय गोरखा, नेपाली सेनालगायतलाई पत्राचार गरिएकोमा जिल्ला प्रशासन कार्यालय गोरखाले ... निज चन्द्रप्रसाद खनाललाई यस कार्यालयबाट कुनै पनि ऐनअन्तर्गत पक्राउ गर्ने, हिरासतमा लिने र थुनामा राख्ने समेतका कार्य नभएको ... भन्ने मिति २०६०/२/१४ को पत्र प्राप्त भएको, राज्यद्वारा बेपत्ता नागरिक खोजविन समितिको २०६१ सालको प्रतिवेदनमा निज चन्द्रप्रसाद खनाल गोरखा जिल्लाको श्रीनाथकोट गाविस नयाँ गाउँ भन्ने स्थानमा संयुक्त सुरक्षाफौजको गस्ती टोलीलाई एक्कासि आक्रमण गर्दा भएको जवाफी गोली फायरमा निजको घटनास्थलमा नै मृत्यु भएको भन्ने उल्लेख भएको, यस्तैगरी बेपत्ता भएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न गठित समितिको २०६३ को प्रतिवेदनमा गोरखा जिल्लाको श्रीनाथकोट गाविसको नयाँ साघुँ भन्ने स्थनमा संयुक्त सुरक्षाफौजद्वारा सर्च कारबाही गर्दा २ जना अपरिचित माओवादीहरूको मृत्यु भएको सोमध्ये एक जना निज चन्द्रप्रसाद खनाल रहेको भन्ने समेत उल्लेख भएको र जिल्ला प्रशासन कार्यालय गोरखाले मिति २०६८/७/१ मा यस कार्यालयलाई पठाएको पत्रमा ..निज चन्द्रप्रसाद खनाललाई पक्राउ गरेको यस कार्यालयको अभिलेखबाट नदेखिएको, मिति २०५८/११/१५ गतेका दिन श्रीनाथकोट गाविस ५ नयाँसाँघु भन्ने स्थानमा सुरक्षाफौजले गरेको सर्च कारबाहीमा परी निज खनालको मृत्यु भएको अभिलेखमा देखिएको सोबाहेक कागजपात्रहरू केही नभएको भन्ने ब्यहोरा उल्लेख भएको पाइयो ।

१९. मिसिल संलग्न तथ्यहरूलाई विश्लेषण गर्दा आयोगको टोलीले स्थलगत अनुसन्धान गरी प्राप्त जानकारीअनुसार निज चन्द्रप्रसाद खनाललाई भच्चेकस्थित संयुक्त सुरक्षाफौजको टोलीले मिति २०५८/८/१६ गते खेत खलियानबाटै पक्रेर लिएर गएको र सोपछि निज खनाल घर फर्की नआएको भनी चस्मदिद गवाहले लेखाइदिएको । थुनामा परेको केही दिनपछि पिसाबसम्बन्धी समस्या भई चन्द्र खनाललाई ... को क्लिनिकमा लगी उपचार गराएको समेत खुल्न आएको पाइयो । सोही अवधिमा थुनामा परी थुनामुक्त भएका व्यक्तिहरूले सुरक्षापोस्टमा खनाललाई राखेको थियो भनी किटानी साथ भनेकाले सो कुरालाई काट्ने अन्य तथ्य तथा प्रमाण पनि सुरक्षा निकायसँग रहे भएको पाइएन । मिति २०५८/११/१५ गते सुरक्षाफौजको कारबाहीमा मृत्यु भएको भन्ने सुरक्षा निकायको जवाफले पीडितलाई त्यसअघि पक्राउ गरेको होइन भन्ने किटानी गर्दैन । साथै जिल्ला प्रशासन कार्यालय गोरखाले पहिलो

पटकको जवाफमा पक्राउ नै नगरेको नगराएको, थुनामा नराखेको भन्ने उल्लेख छ जब कि यो जबाफ पठाएको मितिभन्दा पहिला नै निज खनाल मारिएको भन्ने जिल्ला प्रशासन कार्यालयको दोस्रो जवाफ र बेपत्ता छानबिन आयोगका प्रतिवेदनहरूमा उल्लेख छ । यसबाट जिम्मेवार निकायबाट नै घटनालाई गलत दिशा दिई मिति २०५८/११/१५ मा सुरक्षा कारबाही (?) (संदिग्ध शब्दको प्रयोग : पक्राउ गर्ने क्रममा पनि होइन, उम्कने क्रममा पनि होइन तथा दोहोरो भिडन्तमा पनि होइन) मारिएको पुष्टि गर्न खोजिएको पाइयो । ... ।

२०. अतः निज चन्द्रप्रसाद खनाललाई मिति २०५८/८/१६ गते निजको खेतबाटै भच्चेकस्थित संयुक्त सुरक्षाफौजले पक्राउ गरी करिव ३ महिनाभन्दा बढी थुनामा राखी मिति २०५८/११/१५ गते श्रीनाथकोट गाविस नयाँसाघु भन्ने स्थानमा लगी हत्या गरी सो मितिमा "सुरक्षा कारबाही" (?) मा मारिएको भनी अभिलेख तयार गरेको देखिन आयो । बेपत्ता भएको आफ्नो परिवारको सदस्यको सास या लास पाउनु पीडित परिवारको अधिकार हो । पक्राउ परेका निज चन्द्रप्रसाद खनाल सरकारी जबाफअनुसार मारिएको भनिए पनि उनको लास आफन्तले नपाएको, जसले गर्दा आफ्नो धर्म संस्कृतिअनुसार गर्नुपर्ने दाहसंस्कार, काजकिरिया पनि गर्न नपाएको एकातिर छ भने, अर्कोतर्फ आफ्ना प्रत्येक नागरिकको व्यक्तिगत घटनाहरू दर्ता गरी अद्यावधिक राख्नुपर्ने दायित्व रहेको सरकारी निकायले मारिएको भनिएको घटनापछि तयार गर्नुपर्ने कागजातहरूसहितको अभिलेख सरकारी निकायमा राख्नुपर्नेमा सो भएको पनि पाइएन । तसर्थ, पीडित मारिएको भनी आधिकारिक रूपमा परिवारले जानकारी पाई निजको लास रितपूर्वक दाहासंस्कार गरी काजकिरिया गर्न नपाएको यस अवस्थालाई पीडितको मृत्यु भएको मान्न मिल्ने देखिएन । निज पीडितलाई हालसम्म पनि बेपत्ताको सूचीमा नै राख्न उपयुक्त देखियो ।

२१. यसरी निजचन्द्र प्रसाद खनाललाई भच्चेकस्थित सुरक्षा बेसक्याम्पका संयुक्त सुरक्षाफौजको टोलीले पक्राउ गरी बेपत्ता पारेको आयोगको अनुसन्धानबाट पुष्टि भएकाले सो बेपत्ता पार्नमा संलग्न सो सुरक्षा बेसक्याम्पका तत्कालीन प्रमुख सुरक्षाहरूको नाम, पद, हाल कार्यरत ठेगानासहित पठाइदिनु भनी आयोगको आदेशबमोजिम पठाइएको पत्रको जवाफमा रक्षा मन्त्रालयबाट उल्टै आरोपित व्यक्तिहरूको नाम, पद खुलाई पठाइदिनु भनी अत्यन्तै गैर जिम्मेवारपूर्ण कुरा उल्लेख गरी जवाफ पठाइएको पाइयो ।

२२. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ६ ले प्रत्येक व्यक्तिलाई नैसर्गिक अधिकारको रूपमा जीबनको अधिकार

हुने र सो अधिकार कानुनद्वारा संरक्षण भएको प्रत्याभूति हुने उल्लेख गरेको छ । सोही अनुबन्धले पक्ष राष्ट्रहरूलाई नागरिकका निम्न अधिकारको संरक्षण गर्ने दायित्वसमेत सुम्पेको छः-

- प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन । कानुनबाट निर्धारित आधारमा वा कार्यविधिबमोजिम बाहेक कसैको बैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको समयमा निजलाई पक्राउ गरिएको कारणको सूचना दिइनेछ तथा निज बिरुद्ध लगाइएको आरोपको तुरुन्त जाकारी दिइनेछ ।
- कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकारप्राप्त अधिकारीसमक्ष तुरुन्त ल्याइनेछ तथा त्यस्तो व्यक्तिलाई न्यायोचित समयावधिभित्र सुनुवाइ गरी पाउने वा छुटकारा पाउने अधिकार हुनेछ ।
- पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालतसमक्ष कारबाही थालनी गर्न पाउने छ ता कि सो अदालतले विलम्ब नगरी निजको थुनाको बैधताको सम्बन्धमा निर्णय गर्न तथा थुना कानुनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सक्नेछ ।
- गैर कानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिको कार्यान्बयन गर्न सकिने अधिकार हुनेछ ।

२३. नेपाल सन्धी ऐन २०४७ को धारा ९ ले नेपालले अनुमोदन गरेको यस्ता सन्धी सम्झौताको ब्यवस्था नेपाल कानुनसरह लागू हुने ब्यवस्था गरेकाले नेपालले स्वीकार गरिसकेको यी दस्ताबेजहरूले निर्धारण गरेको दायित्वबाट राज्यले उन्मुक्ति पाउन सक्ने अवस्था रहँदैन । सामान्य अवस्थामा वा द्वन्द्वको अवस्थामा राज्यको नागरिकहरूप्रति केकस्तो दायित्व हुन्छ भन्ने सम्बन्धमा विश्लेषण गर्दा नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नै नागरिकको आधारभूत मानव अधिकारको प्रत्याभूति गरी कानुनी राज्यको अवधारणलाई साकार पार्ने प्रतिबद्धता व्यक्त गरिएको पाइन्छ । सोही संविधानको धारा १२ (१) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने प्रावधान छ । धारा १४ (५) ले पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना यथाशीघ्र चांडो नदिई थुनामा नराखीने र उपधारा (६) मा पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्यादबाहेक २४ (चौविस) घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको

आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन भन्ने व्यवस्था गरेको थियो ।

२४. नेपालको अन्तरिम संविधान, २०६३ ले पनि २०४७ सालको संविधानले प्रत्याभूत गरेको आधारभूत मौलिक अधिकारलाई थप सुरक्षित गरेको छ । संविधानको प्रस्तावनामा नै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानुनी राज्यको अवधारणाप्रति पूर्ण प्रतिवद्धतासमेत व्यक्त गरेको छ । तसर्थ, यस घटनामा राज्यपक्षले नेपालको संविधान अन्य नेपाल कानुनको उल्लङ्घन गर्दै निहत्था व्यक्तिलाई कब्जामा लिई महिनौंसम्म थुनामा राखी हत्या गरेर पनि कानुनबमोजिम अनिवार्य रूपमा गरिनुपर्ने लास जाँच, सर्जमिन नगरिएको, घाउ, चोट, नीलडामसमेत परी मरेको व्यक्तिको सबै विवरण खोली अभिलेख राख्नुपर्ने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ तथा मुलुकी ऐन २०२० ज्यानसम्बन्धी महलले गरेको कानुनी व्यवस्थाको पालना पनि नभएको पाइयो ।

२५. यसमा निर्णयतर्फ विचार गर्दा गोरखा जिल्ला हंशपुर गाविस वडा नं २ का चन्द्रप्रसाद खनाललाई मिति २०५८/८/१६ गते घरनिजकको खेतमा दाइँ गरिरहेको अवस्थामा करिब दिनको ३.०० बजे शाही नेपाली सेना तथा इलाका प्रहरी कार्यालय भच्चेक, गोरखाका प्रहरीसहितको संयुक्त टोलीले गिरफ्तार गरी लगेर बेपत्ता बनाएकोले निजको तत्काल खोजतलास गरी जीवनको सुरक्षा गरी अवस्था सार्वजनिक गरिपाऊँ भनी मिति २०६०।२।१ गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो । यसमा पश्चिम पृतना मानव अधिकार महाशाखा विजयपुर ब्यारेक, पोखराको मिति २०६८।१०।१८ को पत्रानुसार निजलाई पक्राउ गरी बेपत्ता बनाएको भन्ने अभिलेखमा नदेखिएको भनी आयोगलाई जानकारी गराएको भए पनि जिल्ला प्रहरी कार्यालय गोरखाको मिति २०६८।७।१ र राज्यद्वारा बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको छानबिन समिति, २०६१ को प्रतिवेदनअनुसार सुरक्षाफौजको गस्ती टोलीलाई एक्कासि आक्रमण गर्दा भएको जबाफी फायरमा निजको मृत्यु भएको भनी आयोगलाई जानकारी पत्र उपलव्ध गराएको । त्यसैगरी आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट निज खनाललाई सुरक्षाकर्मीले पक्राउ गरी ३ महिनाभन्दा बढी थुनामा राखी मिति २०५८।११।१५ गते श्रीनाथकोट गाविस नयाँसाघु भन्ने स्थानमा लगी हत्या गरेको भन्ने देखिए पनि यसमा मृतकको कानुनबमोजिम रितपूर्वकको लास जाँचलगायतको कानुनी प्रक्रिया पूरा गर्नुपर्नेमा उक्त कार्य गरेको नदेखिँदा निजको अवस्था हालसम्म बेपत्ता नै देखिएकाले निजको हकमा अनुसन्धान जारी राखी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

को दफा ९ बमोजिम पीडितका कानुनबमोजिमको हकवालालाई रू. १ लाख अन्तरिम राहतस्वरूप रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने**

....................
बद्रीप्रसाद सुवेदी
मानव अधिकार अधिकृत

.................... ......................
डा. के.वि. रोकाय — गौरी प्रधान
सदस्य — सदस्य

........................ .......................
रामनगिना सिंह — केदारनाथ उपाध्याय
सदस्य — अध्यक्ष

इति संवत् २०७० साल आषाढ ३० गते रोज १ शुभम्

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय

माननीय सदस्य श्री रामनगिना सिंह

माननीय सदस्य श्री गौरी प्रधान

माननीय सदस्य डा.के.बि. रोकाय

**संवत् २०६३ सालका ९९१, क्षेत्रीय कार्यालय, विराटनगर ।**

**विषय: गैरन्यायिक हत्या**

**एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) जिल्ला समन्वय समिति, झापाले निजलाई सुराकीको आरोपमा नियन्त्रणमा लिई सफाया गरेको भनी लिखित जानकारी गराएकोले निजलाई एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का कार्यकर्ताहरूले अपहरणपश्चात् गोली हानी ... हत्या गरेको पुष्टि हुन आएको छ । यस्तो गैर कानुनी कार्यले सशस्त्र द्वन्द्वको समयमा युद्धमा संलग्न नभएका व्यक्तिलाई तत्कालीन नेपाल नेकपा (माओवादी) का मानिसहरूले कब्जामा लिई पार्टीका विरुद्ध सुराकी गरेको आरोपमा गोली हानी हत्यासमेत गरिएको पुष्टि भएकाले नेकपा (माओवादी) बाट जेनेभा महासन्धि, १९४८ को साझा धारा ३ को उल्लङ्घन भएको देखियो ।** (प्रकरण नं. १२)

१. जिल्ला झापा, शरणामती गाविस वडा नं ८ की कक्षा १० मा अध्ययनरत विमला पाठकलाई सुराकीको आरोमा मिति २०६१ साल माघ महिना ७ गते राती माओवादीले घरबाट अपहरण गरी सोही राति हत्या गरेकोले घटनाको छानबिन गरी दोषीलाई कारबाही तथा उचित क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भन्ने ब्यहोराको उजुरी मिति २०६३/११/२४ गते आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा दायर भएको देखिन्छ ।

२. माथि उल्लिखित उजुरीका सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय विराटनगर ले, मिति २०६३/१२/०४ गते च.नं ९९१ संरक्षण ७० को पत्रमार्फत श्री जिल्ला प्रशासन कार्यालय, झापालाई जानकारी उपलब्ध गराइदिने सम्बन्धमा गरेको पत्राचार मिसिल संलग्न देखिन्छ ।

३. जिल्ला प्रशासन कार्यालय, झापाले चलानी नं ११८९३ को मिति २०६४/०१/१६ गते जिल्ला प्रहरी कार्यालय, झपालाई लेखेको पत्रको बोधार्थ पत्र आयोगलाई प्राप्त भएअनुसार "जिल्ला झापा शरणामती गाविस वडा नं ८ निवासी बिमला पाठकलाई मिति २०६१/१०/१७ गते नेकपा माओवादीका कार्यकर्ताहरूले सुराकी गरेको आरोपमा आफ्नै घरबाट अपहरण गरी सोही हत्या गरेको भन्ने उजुरी परेको भनी राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरको च.नं.९९१ संरक्षण ७० मिति २०६३/१२/०४ गतेको पत्रबाट लेखी आएकोले सो सम्बन्धमा केकसो भएको हो ? निजको हत्या माओवादीका कार्यकर्ताहरूले गरेको हो वा होइन ? हो भने निजको परिवारले कुनै क्षतिपूर्ति

पाएका छन् वा छैनन् ? सोको सम्पूर्ण विवरण यथाशीघ्र यस कार्यालयमा उपलब्ध गारइदिनहुन अनुरोध गरिन्छ।" भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न रहेछ ।

४. जिल्ला प्रशासन कार्यालय, झापाको मिति २०६४/०२/१७ गतेको च.नं. १३०१३ को पत्रानुसार "... । उक्त सम्बन्धमा जिल्ला झापा शरणामती गाविस वार्ड नं ८ निवासी विमला पाठकलाई मिति २०६१/१०/१७ गते नेकपा माओवादी कार्यकर्ताहरूले सुराकी गरेको आरोपमा घरबाट अपहरण गरी सुरुङा र डाँगीबारीको बीचमा कब्जे पुलमा गोली हानी हत्या गरेको भन्ने अभिलेखबाट देखिएको र निजको परि वारले क्षतिपूर्ति पाएको वा नपाएको भन्ने यस कार्यालयको अभिलेखबाट नदेखिएको हुँदा सोही ब्यहोरा अनुरोध छ, भनी जिल्ला प्रहरी कार्यालय भद्रपुर झापाको च.नं. ७९४ मिति २०६४/०१/१७ गतेको पत्रबाट लेखी आएको हुदाँ सोही ब्यहोरा आदेशानुसार अनुरोध छ ... ।" भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न रहेछ ।

५. आयोगको अनुसन्धान टोलीले मिति २०६६/०९/२३ गते एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) झापालाई जानकारी उपलब्ध गराइदिने सम्बन्धमा गरिएको पत्राचार मिसिल संलग्न पत्रबाट देखिन्छ ।

६. एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) जिल्ला समन्वय समिति झापाको पत्रअनुसार "आयोगको मिति २०६६/०९/२३ को पत्रबाट जनयुद्धको समयमा तपसिलका व्यक्तिहरूका सम्बन्धमा घटेका घटनाहरूसम्बन्धी विवरणको सत्य तथ्य जानकारी माग भई आएको हुदाँ सोसम्बन्धी विवरण तल उल्लेख गरी पाठाइएको छ।" भनी क्रम सङ्ख्या १ मा "जिल्ला झापा शरणामती गाविस वडा नं ८ निवासी विमला पाठकलाई पार्टी र क्रान्तिको विरुद्धमा सुराकी गरेको तथ्यका आधारमा मिति २०६१/१०/१७ गते नियन्त्रणमा लिई सफाया गरिएको छ।" भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न देखिन्छ ।

७. आयोगको क्षेत्रीय कार्यालय विराटनगरको अनुसन्धान टोलीले मिति २०६६/०९/२१ गते श्री जिल्ला प्रहरी कार्यालय, झापालाई आवश्यक कागजात उपलब्ध गराइदिने सम्बन्धमा गरिएको पत्राचार मिसिल संलग्न देखिन्छ । ... मिति २०६६/११/०६ गते जिल्ला प्रहरी कार्यालय, झापालाई आवश्यक कागजात उपलब्ध गराइदिने सम्बन्धमा पुनः पत्राचार गरी ताकेता गरिएको पत्र पनि मिसिल संलग्न देखिन्छ ।

८. श्री जिल्ला प्रहरी कार्यालय झापाको मिति २०६६/०९/२१ गतेको पत्र सङ्ख्या ०६६/०६७ च.नं. ९६७ को पत्रानुसार "प्रस्तुत विषयमा तहाँको

आयोगको मिति २०६६/०९/२१ गतेको प्राप्त पत्रानुसार मिति २०६१/१०/१७ गते नेकपा माओवादीका कार्यकर्ताले सुराकी गरेको आरोपमा जिल्ला झापा शरणमती गाविस-८ निवासी विमला पाठकलाई गोली हानी कर्तब्य गरी मारेको बार्दात सम्बन्धमा मृतक विमला पाठकको निम्नानुसार कागजात यसै पत्रसाथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध गरिएको छ ।" भन्ने जानकारीसहित जाहेरी दरखास्तको प्रतिलिपी, घटनास्थल लास/जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदन ... प्राप्त भई मिसिल संलग्न रहेछ ।

९. उजुरीको सम्बन्धमा ... घटना भएको केही दिनअगाडि सेनाले पहिला ... लाई समाएर विभिन्न कुरा सोध्यो । विमलाको बारेमा सोद्धा मैले ... विद्यार्थी हुन् भनेपछि उनीहरूले मलाई त्यहाँबाट जानुस् भनी पठाई निज विमला पाठकलाई सोधपुछ गर्न लागे । म त्यहाँबाट फर्कें । त्यसपछि सेनाले विमललाई चारआली ब्यारेकमा लगेछन्। त्यहाँ केही कुटपिट भए नभएको बुझ्न सकिएन । त्यसपछि सेनाको तारिख लिएर घर फर्किइन् । त्यसपछि केही दिन आफन्तसँग काठमाडौँ फर्किइन् । फर्केको दुई दिनपछि शरणामतीस्थित आफ्नै घरको कोठामा सुतेको अवस्थामा केही व्यक्तिहरू आई तिमीसँग केही सोधपुछ गर्नु छ भनी घरबाट पश्चिमतर्फ लगेर खेतैखेत लगेर केही माथि पुऱ्याएपछि पूर्व तर्फ रहेको बिरिङ खोलको धार (किनारा) हुँदै सुरुङ्गा खोलाको पुलमा लगी कुटपिटपश्चात् कञ्चटमा गोली प्रहार गरी हत्या गरेछन् । सो कुरा त्यहाँका छरछिमेक र विद्यालयका शिक्षकहरूले थाहा पाई घटनाको सम्बन्धमा जानकारी दिए । त्यसपछि उनको ... र ... घटनास्थल गयौँ । त्यहाँ ठूलो जनसमुदायको उपस्थिति थियो । त्यसपछि डिएसपी कार्यालयमा सम्पर्क गर्दा गोप्य तरिकाले लास ल्याउन भनेपछि पोर्स्टमार्टमको लागी डिएसपी कार्यालय लगी भद्रपुर अस्पतालको डाक्टरले मुर्दा घरमा लगी पोस्टमार्टम गरी लगभग राती ८ बजे ... आयौँ । २०६१/१०/१९ गते परम्परागत तरिकाले नदीमा दाहसंस्कार भयो । केकसरी घटना भएको रहेछ भनेर बुझ्दा सुराकीको कारणले माओवादीले मारेको रहेछ । निज मृतकले कहीँकतै सुराकी गरे जस्तो लाग्दैन । मृतक विमला पाठकको घरपरिवारको आर्थिक सामन्य रहेको तथा ऐलानी र मोहियानी जग्गा कमाई जिविकोपार्जन गर्ने गरेका थिए । दुबै जनालाई लिएर सेनाहरू मेरो घर तलतिर रहेको ... को घरमा गए । दुबै जनालाई लिएर गएको एक घण्टा जतिपछि गोली पड्केको आवाज सुनेँ । सेनाहरू थुप्रै मेरो घरको आगनभरि थिए । भोलिपल्ट नानीहरूले त्यहाँ एक जनाको लास छ भन्थे । म हेर्न गइनँ । सेनाहरू भोलिपल्ट श्री रानी प्राविमा गएर बसे । केही सेनाहरू भोलिपल्ट लास भएको ठाउँमा गएर लासलाई उत्तानो बनाएर गएछन् । २ दिनपछि मृतकका आफन्तहरू आएर लासलाई लिएर गएर सद्गत गरे ।" भन्ने ब्यहोराको

झापा जिल्ला शरणामती गाविस ... का घटनाका जानकार व्यक्तिहरूको सामूहिक बयान मिसिल संलग्न रहेछ ।

१०. मिति २०६१/१०/१७ गते बेलुका ७.३० बजेतिर २ जना पुरुष र २ जना महिला ... को घरमा आएका ... ले देख्नुभएको रहेछ । उहाँ अहिले बितिसक्नुभएको छ । ती माओवादीका कार्यकर्ता रहेछन् । तिनीहरूले शरणामती-८, कै ... लाई विमलाको घर देखाइदिन भनी ल्याएका रहेछन् । बिमला सो समयमा आफ्नो कोठामा सुतिरहेकी थिइन् । उनीहरूले उठाएर लिएर गए । भोलिपल्ट बिहान ५.०० बजेतिर विमला नआएपछि सोधखोज गरियो । सोधखोज गर्दै जाँदा केहीले माओवादीले अपहरण गरेर लगे भने । ... ले घरमा आई बिमलालाई त माथि सुरुङ्ग पुलमा मारेर फालिदिएछन् भन्यो । गाउँलेहरूले सबै जना घटनास्थलमा पुगे । त्यही दिन उतैबाट पोस्टमार्टम गर्न जिल्ला लगे र त्यही दिन बेलुका ७ बजे शव घर लिएर आए । १९ गते आफ्नो रीतिस्थितिअनुसार दाहसंस्कार भयो । सुराकीको बारेमा मलाई केही थाहा छैन । त्यो बिचरीले के सुराकी गर्थी । तर, उसलाई दिनेश पौडेल र एक जना रिजाल थरको माओवादीहरूलाई सुराकी गरेर मार्न लगाई भन्ने आरोप लगाएका रहेछन् तर ऊ सुराकी गर्दैनथी । ऊ खाली पढ्ने काम गर्थी । सेनाले उसलाई दुईपटक लगेर कुटपिट गरेर पठाएछन् भन्ने ब्यहोराको ... को बयान मिसिल संलग्न रहेछ ।

११. अनुसन्धानपश्चात् टिप्पणी उठाई माननीय सदस्यसमक्ष मिसिल पेस हुँदा "यसमा अनुसन्धान पूरा भई पेस हुन आएको मिसिल अध्ययन गर्दा सुराकीको आरोप लगाई वर्ष १९ की बिमला पाठकलाई माओवादीका कार्यकर्ताहरूले मिति २०६१/१०/१७ मा निजकै घरबाट अपहरण गरी लगेको र गोली हानी गैरन्यायिक हत्या गरेको कुरा निजको शव परीक्षण प्रनिवेदबाट पुष्टि भएको छ साथै एकीकृत नेपाल कम्युनिस्ट पार्ट (माओवादी) झापा जिल्ला समितिका सेक्रेटरी राजु आचार्य (अग्नि) ले २०६६/०९/२३ मा आयोगको क्षेत्रीय कार्यालय विराटनगर लाई जानकारी गराएको पत्रमा "जिल्ला झापा शरणामती गाविस वडा नं ८ निवासी विमला पाठकलाई पार्टी र क्रान्तिको विरुद्धमा सुराकी गरेको तथ्यका आधारमा मिति २०६१/१०/१७ मा नियन्त्रणमा लिई सफाया गरियो ।" भन्ने उल्लेख भएकाले निर्णयका लागि मिसल आयोगमा पेस गर्नु" भन्ने मिति २०६७/११/२३ गतेको आदेश मिसिल संलग्न रहेछ ।

१२. जिल्ला झापा, शरणामती गाविस वडा नं. ८ की कक्षा १० मा अध्ययनरत विमला पाठकलाई सुराकीको आरोमा मिति २०६१ साल माघ महिना ७ गते राती माओवादीले घरबाट अपहरण गरी सोही रात हत्या गरेकोले घटनाको छानबिन गरी दोषीलाई कारबाही तथा गरी उचित क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भन्ने ब्यहोराको उजुरी मिति

२०६३/११/२४ गते आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा दायर भएको उजुरीको सम्बन्धमा, जिल्ला प्रशासन कार्यालय झापा, जिल्ला प्रहरी कार्यालय झापाबाट प्राप्त हुन आएका जवाफ तथा शव परीक्षण प्रतिवेदन, घटनास्थल /लास जाँच मुचुल्का, घटनाको सम्बन्धमा साक्षीहरूले दिएको बयान तथा स्वयम् एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) जिल्ला समन्वय समिति, झापाले निजलाई सुराकीको आरोपमा नियन्त्रणमा लिई सफाया गरेको भनी लिखित जानकारी गराएकाले निजलाई एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का कार्यकर्ताहरूले अपहरणपश्चात् गोली हानी गैरन्यायिक हत्या गरेको पुष्टि हुन आएको छ । गैरकानुनी कार्यले यसरी सशस्त्र द्वन्द्वको समयमा युद्धमा संलग्न नभएका व्यक्तिलाई तत्कालीन नेपाल नेकपा (माओवादी) का मानिसहरूले कब्जामा लिई पार्टीको विरुद्ध सुराकी गरेको आरोपमा गोली हानी हत्यासमेत गरिएको पुष्टि भएकाले नेकपा (माओवादी) बाट जेनेभा महासन्धि, १९४८ को साझा धारा ३ को उल्लङ्घन भएको देखिन्छ भन्ने अनुसन्धान प्रतिवेदन पाइयो ।

१३. यसमा निर्णयतर्फ विचार गर्दा “झापा जिल्ला, शरणामती गाविस वडा नं ८ बस्ने कक्षा १० मा अध्ययनरत विमला पाठकलाई मिति २०६१/१०/१७ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घरमा सुतिरहेको अवस्थामा अपहरण गरी हत्या गरेकोले घटनाको छानबिन गरी दोषीलाई कारबाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भनी मिति २०६३/११/२१ गते आयोगमा उजुरी दर्ता भएको देखियो । आयोगको अनुसन्धाबाट सुराकीको आरोप लगाई वर्ष १९ को विमला पाठकलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले मिति २०६१/१०/१७ गते निजकै घरबाट अपहरण गरी लगेको र गोली हानी गैरन्यायिक हत्या गरेको निजको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । साथै एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) झापा जिल्ला समितिका सेक्रेटरी राजु आचार्य (अग्नि) ले मिति २०६६/०९/२३ मा यस आयोगको क्षेत्रीय कार्यालय विराटनगरलाई जानकारी गरेको पत्रमा “जिल्ला झापा शरणामती गाविस वडा नं ८ निवासी विमला पाठकलाई पार्टी र क्रान्तिको विरुद्धमा सुराकी गरेको तथ्यका आधारमा मिति २०६१/१०/१७ मा नियन्त्रणमा लिई सफाया गरिएको" भनी उल्लेख भएकाले निज विमला पाठकको तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ता हत्या गरी निजको जीवनको अधिकार समाप्त भएको देखियो । अतः घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादी पार्टीका कार्यकर्ताको पहिचान गरी कानुनबमोजिम कारबाही हुनुपर्ने देखिँदा पहिचान गरी कारबाही गर्न र मृतकको कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६

(३) बमोजिम रु. ३०००००। क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने :**

...........................
नीतु गर्तौला
मानव अधिकार अधिकृत

................ .....................
सदस्य सदस्य

................ .....................
सदस्य अध्यक्ष

................ .....................
सदस्य सदस्य

................ .....................
सदस्य अध्यक्ष

इति संवत् २०६९ साल चैत्र महिना ११ गते रोज १ शुभम्

## श्री राष्ट्रिय मानव अधिकार आयोग

## ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री

माननीय सदस्य सुशीला सिंह शिलु

माननीय सदस्य सुदीप पाठक

माननीय सदस्य गोकुल पोखरेल

माननीय सदस्य डा. राम दयाल राकेश

**विषयः क्षतिपूर्ति सम्बन्धमा ।**

**सर्वसाधारण नागरिकको धन सम्पत्ति नष्ट गरी आफ्नो घर ठेगानाबाट विस्थापित समेत गराएको राज्यपक्षको कार्यबाट मानव अधिकारको विश्वब्यापी घोषणापत्र १९४८ को धारा १७ मा उल्लिखित सम्पत्तिसम्बन्धी अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा १ , नेपाल अधिराज्यको संविधान २०४७ को धारा १७ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी अधिकार लगायत जेनेभा कन्भेन्सनको धारा ३ को समेत विपरीतको** कार्य हुने । (प्रकरण नं. ९)

१. जिल्ला ... गाविस ९ ... बस्ने ... को घर तथा गोठसमेतमा मिति २०५९।१।३ गते सुरक्षाकर्मीले बम तथा गोली प्रहार गरी धन, सम्पत्ति नष्ट गराई आफ्नो घरबाट निर्वासित समेत बनाई दिएकाले क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने समेत ब्योहराको उजुरी मिति २०६०।११।१८ मा आयोगमा प्राप्त हुन आएको ।

२. उक्त उजुरी सम्बन्धमा केकसरी उक्त घटना घट्न गएको हो भनी जिल्ला प्रशासन कार्यालय ...लाई पत्र पठाएकोमा निज ... ले आफ्नो पीडामर्काको सम्बन्धमा त्यस कार्यालयमा निवेदन नदिएको र बुझ्ने कार्य भइरहेको भन्ने ब्योहराको पत्र आयोगलाई मिति ०६०।१२।२० मा प्राप्त हुन आएको ।

३. मिति २०६०।१२।२३ मा संयुक्त सुरक्षाफौजको टोली ... को घरमा गई घर, गोठमा बम तथा आगो लगाई घर भित्र रहेको सम्पूर्ण धनमाल नष्ट गरि दिएको हो भन्ने ब्यहोराको ... को मिति ०६०।१२।२५ को बयान ।

४. सो सम्बन्धमा संयुक्त सुरक्षाफौजले ... को घरमा गई बम विष्फोट गराएको तथा गोठमा आगो लगाई धनमालको हानी नोक्सानी पुरयाईदिएको हुन भनी ...ले आयोगसमक्ष मिति ०६०।१२।२५ मा गरेको बयान ।

५. जिल्ला शिक्षा कार्यालय ... र जिल्ला शिक्षा कार्यालय ... सँग समेत परामर्श गरी ... जिल्लास्थित सुरक्षित स्थानमा मेरो शिक्षक पद सरुवा गरिदिनुहुन भनी आयोगमा मिति २०६१।३।१ मा उजुरवालाबाट थप निवेदन पर्न आएको रहेछ ।

६. निज ... को क्षतिको विवरण पठाई क्षतिपूर्ति दिनेतर्फ पहल गरिदिनुहुन भनी यस आयोगबाट जिल्ला प्रशासन कार्यालय, ... पठाइएकोमा निज ... माओवादी पार्टीका गतिविधिमा संलग्न रहेको र गाउमा चन्दा उठाउने गरेको

साथै निजले एक भारतीय सैनिकलाई अपहरण गरी निजको घरमा राखेको खबर ... पोस्टमा प्राप्त भएकाले निज सैनिकलाई उद्धार गर्न गएको सुरक्षाफौजले निज सैनिकलाई उद्धार गरेको तर निज ... भने फरार रहेकोले फौज फर्किएको र निजको सम्पत्तिमा कुनै हानी नोक्सानी नपुरयाएको साथै उनी हाल ... मा बस्दै आएको भन्ने बुझिएको भन्ने समेत ब्यहोराको जिल्ला प्रशासन कार्यालय ... को मिति ०६२।४।३ को पत्र आयोगलाई प्राप्त हुन आएको रहेछ ।

७. उजुरीउपर अनुसन्धान गरी फर्केको आयोगको अनुसन्धान टोलीले घटनास्थलको स्थलगत अवलोकन, गाउले तथा आफन्तले गरेको बयान, तथा अन्य व्यक्तिहरूको भनाइसमेतका आधारमा निज ... को घर गोठ तथा अन्य सामानको हानी नोक्सानी भएको तथा सुरक्षकर्मीको टोलीले निजको घरमा बम प्रहार गरी गोठमा रहेको भैँसीलाई समेत गोली हानी गोठमा आगो लगाएको भन्ने देखिन्छ भन्ने मिति २०६२।८।१६ को आयोगको अनुसन्धान टोलीको अनुसन्धान प्रतिवेदन ।

८. जिल्ला ... गाविस ... बस्ने ... को घर तथा गोठ समेतमा मिति २०५९।१।३ गते सुरक्षाकर्मीले बम तथा गोली प्रहार गरी धन, सम्पत्ति नष्ट गराई आफ्नो घरबाट निर्वासित समेत बनाइदिएकाले क्षतिपूर्ति समेत दिलाइपाऊँ भन्ने समेत ब्योहराको उजुरी मिति २०६०।११।१८ मा आयोगमा प्राप्त हुन आएको रहेछ ।

९. निज ... को घर तथा धनसम्पत्ति सुरक्षाफौजले मिति ०५९।१।३ मा नष्ट गरिदिएको सम्बन्धमा ... पोस्टबाट सुरक्षफौजको गस्ती उजुरवालाको घरमा पुगेको कुरा सरकार पक्षबाटै पुष्टि भएको छ । सोही दिन सुरक्षाफौजबाटै घटना घटाइएको कुरा स्थानीय वासिन्दा, प्रत्यक्षदर्शीहरूले आफ्नो बयानमा आयोगसमक्ष दिनुका साथै आयोगको टोली घटनास्थलमा गई अनुसन्धान गर्दा समेत घरमा क्षति गराई ध्वस्त गराएको र धनमालसमेत नष्ट भएको साथै गोठमा आगो लगाई ब्याउने भैँसीलाई समेत गोली हानी मारिदिएको देखिन्छ । आयोगको अनुसन्धानबाट उजुरवालाको दाबीअनुसारको रु. चार लाख त्रियानब्बे हजार दुई सय पचास क्षति भएको कुरा भने पुष्टाइँ हुन सकेको अवस्था देखिदैन तापनि सर्वसाधारण नागरिकको धन सम्पत्ति नष्ट गरी आफ्नो घर ठेगानाबाट विस्थापित समेत गराएको राज्यपक्षको कार्यबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १७ मा उल्लिखित सम्पत्तिसम्बन्धी अधिकार, आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को धारा १, नेपाल अधिराज्यको संविधान २०४७ को धारा १७ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी अधिकारलगायत जेनेभा कन्भेन्सनको धारा ३ को समेत विपरीतको कार्य हुन गएकाले मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १३ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई

दोषीमाथि आवश्यक कारबाही हुनुपर्ने देखिन आयो ।

१०. अतः जिल्ला ... गाविस वडा नं. ... बस्ने ... को घर, गोठमा सुरक्षाकर्मीबाट २०५९।१।३ मा बम विष्फोटसमेत गराई क्षति पुगेको पाइएकाले निजको सम्पत्तिसम्बन्धी अधिकारमा असर पुगी मानव अधिकारको उल्लङ्घन भएको देखिँदा दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति स्वरूप रु. १,००,०००।– (अक्षरेपी एक लाख रूपियाँ) उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने**

......................
यज्ञप्रसाद अधिकारी
प्रमुख, संरक्षण तथा अनुगमन महाशाखा ।

............ ............. .............
सदस्य सदस्य सदस्य

............. .............
सदस्य . अध्यक्ष

इति संवत् २०६३ साल असार ६ गते रोज ३ शुभम् ।

## श्री राष्ट्रिय मानव अधिकार आयोग

## ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री

माननीय सदस्य श्री सुशीला सिंह शिलु

माननीय सदस्य श्री सुदिप पाठक

माननीय सदस्य श्री गोकुल पोखरेल

माननीय सदस्य श्री डा. राम दयाल राकेश

विषय : **गैरन्यायिक हत्या ।**

**मृतक दुर्गा राईसँग कुनै हतियार नभएबाट दोहरो भिडन्त नभएको र उनलाई सेनाले आत्मसमर्पणपछि पनि थप गोली प्रहार गरी मारेको देखिँदा त्यस्तो कार्यले उनीहरूको हत्या गैरन्यायिक भई मानव अधिकार र मानवीय कानुनको उल्लङ्घन हुन गएको देखिन आयो ।** (प्रकरण नं. २० )

**नेपालको विद्यमान कानुनअनुसार जोसुकै व्यक्तिले कसुर गरेको भए पनि पक्राउ गरी सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही** (Due process of law) **गर्नुपर्नेमा सुरक्षाकर्मीद्वारा गोली चलाउनुपर्नेसम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधारसमेत देखाउन सकेको पाइँदैन । सुरक्षाफौजको उक्त गैर कानुनी कार्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक अधिकार, नागरिक अधिकार ऐन २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध१९६६ को धारा ६ समेतको उल्लङ्घन भएको देखिने ।** (प्रकरण नं. २५)

१. जिल्ला मोरङ बेलवारी गाविस वडा नं. ६ तेलकुँडीमा २०६२ असोज २९ गते पूर्ण श्रेष्ठ, मोहन खनाल, विदुर भट्टराई र दुर्गा राई सुरक्षा कारबाहीमा मारिएको भनी सोही दिन साँझ ६:३० बजे प्रसारित सामाचारको आधारमा २०६२ असोज ३० गते एड्भोकेसी फोरम ... र पीडित परिवारहरूद्वारा अनुसन्धानको क्रममा २०६२ कातिक ९ गते यस आयोगमा उजुरी प्राप्त हुन आएको ।

२. आयोगमा उजुरी प्राप्त हुन आएपछि २०६२ असोज ३१ गते घटनाको सम्बन्धमा स्थलगत निरीक्षण गरी मिति २०६२।०७।०२ देखि विस्तृत अनुसन्धान सुरु गरिएको रहेछ ।

३. घटना घटेको दिन बिहान मेरो १८ वर्षीय ... ... र ... को २५ वर्षको छोरा ... सँग कसेनी बजारबाट दुई जना व्यक्तिहरू जवर्जस्ती साइकलमा बसेर आएछन् । त्यसरी आएका ती दुई अपरिचित व्यक्तिहरू घरको विचबाट छिरेर मलाई 'सु' गर्न पाइन्छ भनेर सोध्दा ट्वाइलेट छैन घारी त्यतैछ जानु भनेपछि एकजना घरतिर छिरी तुरुन्त निस्क्यो । उनीहरू दुर्गा नुहाइरहेको ठाउँमा गएर हामी पनि पार्टीको मान्छे हौं भनेर हात मिलाउन खोजे तर दुर्गाले म चिन्दिनँ भने । तीमध्ये एक जनाले मसँग तपाईंहरूको टीका लाउन धमाधम रहेछ पनि भने । त्यति नै खेर अर्को जनाले बन्दुक झिकेर दुर्गातिर पड्काए र खेदे । अलिपर पुगेपछि दुर्गाले हात उठाएको देखें । पहिला दुई जना मात्र थिए, पछि गोली पड्केपछि चार जना देखें, तर

दुर्गा ढलेको देखिनँ । पहिला त मैले तिनीहरूलाई पनि माओवादी नै होलान् भन्ठानेको थिए । मेरो छोरा ... ले गोली हानेको देखेकोले उसले मसँग दुर्गालाई मारे भन्यो । ती व्यक्तिहरू दुर्गालाई मारिसकेपछि मेरो घरमा आउँदा मर्नेको भतिजो ... मेरै घरमा बसिरहेको थियो । उसलाई देखाउँदै यो को हो ? भनी सोधे । उसले ... केटा भन्यो । मैले मर्ने केटो (दुर्गा) उसको अङ्कल भनिदिए । मर्नेको दाजुभाइ छन्, तर घरमा छैनन् र उनीहरू पार्टीमा लागेका मान्छे होइनन् भनेपछि उसको भतिजोलाई उसकै घरमा ल्याएर तेरो अङ्कल मऱ्यो । हामीले मारिदियौं, साले कति नै भाग्ने भएको भने। त्यसपछि उसलाई घर खोल्न लगाए र पैसा, हतियार कहाँ राखेको छ भनेर सोधे । उसले मलाई थाहा छैन भन्यो । साइकल कुन हो भने, उसले यही हो भनेर देखाएपछि त्यो साइकल पनि लगे । सो घटना घटने बेला सुरुमा दुई जना थिए, पछि आठ जना भए । उनीहरूले वाकिटकीबाट कुराकानी गरेको देखेँ । अनि पछि आर्मीहरू सोही ड्रेसमा आएपछि तिनीहरू सेना रहेछन् भनेर थाहा पाएँ । घटना घटाउनेमध्ये एक जनाले कालो बुट र रुमालले मुखमा बाँधेको थियो । एक जनाले हातमा ब्यान्डेज बाँधेको थियो । उनीहरू समान्य मान्छेको भेषमा आएका थिए । तीमध्ये एकले रुखमा चढेर फोन गरेको थियो । त्यस दिनदेखि साइकल घरमा फालेर हिडेंको मेरो छोरा ...को अत्तोपत्तो छैन भन्ने मृतक दुर्गा राईको ... वार्ड नं... बस्ने वर्ष ... को ... को मिति २०६२।७।२ गतेको बयान ।

४. म बिहान ६ बजे उठेर चिया खाई बाबुको फोटो खिच्न थालेँ । ममीहरू टिका लगाउँदै हुनुहुन्थ्यो । त्यति नै बेला दक्षिणबाट पुरानो लुगा, कानमा कुन्डल लगाएको र ब्याग बोकेको मान्छे हिड्दै आएको देखेँ । एक जना मेरो छेउबाट कल (पानीको धारा) नेर गयो, त्यति बेला दुर्गा दाइ भेस्ट धुँदै हुनुहुन्थ्यो । अर्को एक जना मेरो ममीसँग कुराकानी गर्दै हुनुहुन्थ्यो । एक जना बाटोमा बसिरहनुभएको थियो । दुई जनाले दुर्गा दाइलाई हेलो कमरेड हामी तपाईको साथी हौँ भनी हात मिलाउन खोजेपछि दुर्गा दाइले तपाईहरू को हो म चिन्दिनँ भने पनि उहाँहरूले हात मिलाउन खोज्नुभयो । त्यति नै बेला एक जनाले ब्यान्डेज गरेको हातले सानो कालो पेस्तोल झिक्यो । त्यतिखेर दुर्गा दाइ मेरो छेउबाट भाग्नुभयो । भाग्दाखेरि चार जनाले लखेट्दै थिए । उहाँको देब्रे पाखुरामा गोली लाग्यो । त्यसपछि के भयो देखिनँ । यो घटना ७:३० बजेतिरको हो । त्यसपछि तिनै लखेट्ने मध्येमा दुई जना आएर यो केटी को हो भनेर सोध्यो । काठमाडौँबाट भर्खर आएकी मेरी छोरी हो भनेर ममीले भन्नुभयो । त्यसपछि माथि लुक्नुस् भनेर हामीलाई भनेपछि सबै जना माथि गयौँ । त्यति बेला ... दाइको भतिजो पनि हामीसँगै माथि चढ्न लागेको थियो । यो केटा को हो, तल झर् भनेपछि उसले म ... भनी जवाफ दियो । अनि मर्ने को हो भनेर सोद्धा

... भन्यो । त्यसपछि उसलाई तेरो ... का हतियारहरू झिक् भनेपछि उसले मैले हतियार देखेको छैन भन्यो । ठग्छस् साले भन्दै फेरि तेरो ... कहिले आएको भनेर भने । उसले बिहान भन्यो । त्यसपछि सामानहरू कहाँ छ तँलाई थाहा होला खोज भन्यो । तीमध्ये एक जनाले ठोक्देन सालेलाई ... लाई जस्तै भन्दै थियो । अनि हिँड् भनी दुर्गाको घरमा लगेर सामानहरू खोज्न थाले, तर केही पनि भेटेनन् । तल आएपछि उनीहरूले किताब भेटे । तेरो ... को साइकल कुन हो भनी सोधे । यो हो भनी देखाएपछि त्यो साइकल लिएर गए । त्यसपछि उनीहरू एकछिन बसे र रुखमा चढेर फोन गरे । एकछिनपछि उनीहरू यताउता गर्न थाले । पछि हातमा ब्यान्डेज बाँधेको मान्छेले मेरो दाजुलाई खोज्न थाल्यो । अलि परसम्म खोज्न गएको थियो । ९:३० बजेतिर पूर्वपट्टिबाट तीन जना मोटर साइकलमा दुई जना अघिअघि आए र एक जना मोटर साइकल घिसार्दै पछाडि आउँदै थिए । सादा पोसाकका मान्छेहरूले हातको इसाराले बोलाए र उनीहरू हात उठाउँदै आए । त्यसपछि उनीहरूको झोला खोसी दुई जनालाई घोप्टो पारेर लात्तीले हान्न थाले । मोटर साइकल लिएर आउने चाहिँ मोटर साइकल छोडी उतै भागेको देखेँ । अर्को एक जनाले उसलाई लखेट्दै गयो । समातिएका दुई जनालाई गाडीमा आएका सेनाले गोली हाने । त्यसपछि उनीहरू हाँसे, रमाए र गाडीमा लासहरू राखे, धानबारीमा एउटा लास छ भने । लास राख्ने बेलामा सबैलाई घरभित्र लुक्नु भने । मैले दुर्गा दाइको लास देखेँ । उहाँले हाफ पाइन्ट मात्र लगाएको र खुट्टाको हड्डी निस्केको थियो । उनीहरूले मुखमा एसिड हालिदिएका थिए । तीन चार गोली लागेको थियो । मैले उहाँलाई लुगा र खुट्टाले चिनेको हुँ भन्ने मृतक दुर्गा राईको ... वर्ष ... को ... को मिति २०६२।७।२ गतेको बयान ।

५. दुई जना गाउँका भाइहरू आएर दुर्गा दाइ हुनुहुन्छ भनेर सोधे । मलाई थाहा छैन भने । राती झगडा हुँदा मलाई कुटेको छ, त्यही झगडा मिलाउन खोजेको भनेर रुँदै भने । मलाई थाहा छैन आएपछि भेट्छ होला बस्दै गर भने । त्यसपछि हामी धान काट्न बूढाबूढी खेततिर गयौँ । धान काट्न सुरु गरेको मात्र थियौँ । दक्षिणतिरबाट पड्केको आवाज आयो । हामीले पड्केतिर हेर्दा त्यतिखेर ... दुर्गा अघिअघि कुदिरहेको थियो । उसको ठिक पछाडि तीन जना र तीन जनाको पछाडि एक जना खेद्दै थिए । देब्रे हातमा हतियार बोकेका थिए । अपशव्द प्रयोग गर्दै खुट्टामा ठोक् भनेको सुनियो । मलाई नमार्नुस् भनी दुर्गाले हात उठाएपछि ऊ लड्यो । उनीहरू ऊ लड्को ठाउँमा पुगे र हातहतियार कहाँ छ भनी सोधे । फेरि त्यहाँ निजकबाट एक फायर गरे । अहिले मरेको रहेनछ भनी झ्याइँकुटी पारी गाडीमा फाल्यो । ... । दिदीलाई पनि ल्याउनु भन्यो अनि हामी आआफनो हँसिया लिएर आयौं । सादा पोसाकका सेना हामी भएको ठाउँमा आए र घर कहाँ हो भनी

सोधे । हामीले तल चोकमा भन्यौँ । यो जग्गा कसको भने, हामीले हाम्रै हो भन्यौँ । अनि यो मान्छेलाई चिन्नुहुन्छ भनी सोधे । मेलै ... हो भनैं । हामीले तपाईंको भाइलाई मार्‍यौँ, यसको खोज खबर गर्नु पर्दैन भनेपछि मेलै सर डर लाग्छ, कसरी खोज्ने भन्दा एक जनाले यस्तो देशद्रोहीलाई हामी खोजीखोजी मार्छौं भन्यो । तपाईलाई आफ्नो ... को लास लिने हो भने हाम्रो सरसँग कुरा गर्नुस् भन्दा मेलै सर, मलाई डर लाग्छ, हजुरले नै कुरा गरिदिनुभए मलाई सजिलो हुन्थ्यो भनैं तर उनीहरू हामी सक्दैनौ भन्दै लास भएतिर गए । त्यहाँ एक जनाले भन्यो- गोपाल सर मर्ने मान्छेको ... यही रहेछ, लास लिन तयार छ जिम्मा दिने हो भनी सोध्दा त्यही समूहका मानिसहरूबाट छोड्दे छोड्दे, सालालाई पनि ठोक्दे भन्दै अपशव्द बोल्यो । धान काटिरहेको बेला नै पूर्वतिरबाट मोटरसाइकलको आवाज आयो । एक जना खोलाको डिलबाट मोटरसाइकल चढेर आइरहेको थियो । एकछिनपछि पट्ट आवाज आयो । धानबारीतिरबाट फायर गरेको आवाज आयो । त्यति नै खेर ... को लास रुँघेर बसेकोले घेरघेर भनेको सुनियो र एक छिनमा युनिर्फममा भएका मान्छेहरू लिएर सेनाको गाडी आयो । ती लासहरू गाडीमा हालेको देखिनँ भन्ने मृतकका ... को मिति २०६२।७३ को बयान ।

६. बिहान ६ बजेको समयमा दूध दिएर फर्किँदै गरेको बेला पान पसलेले हामीलाई डाकेर यी मान्छेलाई लगिदेऊ भने । हामीले उनीहरूलाई कहाँ जाने भनी सोध्दा पथरीसम्म भने । हामीले मानेनौँ तर पनि जवर्जस्ती साइकलमा आएर बसे । मेलै उसको नाम सोधिनँ र उसले पनि बताएन । साइकलमा हात भाँचिएको सेतो ब्यान्डेज बाधेको हातमा रातो टाटो लागेको मान्छे बसेको थियो । ऐयाऐया पनि गर्दथ्यो । उसले हाफ पाइन्ट र टि-र्सट लगाएको थियो भने बोकेदारी पालेको थियो । उसले मलाई टाँडीमा झगडा भएकाले घाउ भएको भन्यो । पथरी जान टेम्पु चढेर जानु १५ रूपैया मात्र लाग्छ भन्दा त्यताबाट जानु हुँदैन भाइ पुलिसले समात्छ होला भनेर भन्यो । ... । तिमी त हाम्रै पार्टीको मान्छे होला नि भनेपछि मेलै पार्टीसार्टी थाहा छैन । म नयाँ मान्छे हुँ, म पार्टीको होइन भनैं । त्यसपछि उसले तिमीजस्तो युवा त पार्टीमा लाग्नुपर्ने भन्यो । अनि मेलै म घर बस्दिनँ भने । उसले कहाँ बस्छौ त भनेर सोध्यो । मेलै काठमाडौं भनैं । भुटानी चोकमा छोडी अब यहाँबाट उता लाग्न सक्दिनँ भन्दा मलाई पुर्‍याईदेऊ भनेको थियो । मेलै फेरि अब सक्दिनँ बिरामी छु भनैं । उसो भए साइकल देऊ भन्यो । मेलै त तपाईंको खुट्टा ढोग्छु, साइकल पनि दिन सक्दिनँ र पुर्‍याउन पनि सक्दिनँ भनैं । त्यतिखेर उताबाट साइकलमा एउटा भाइ आयो, ऊ त्यही साइकलमा चढेर गयो । त्यही भुटानी चोकमा एक जना ... र अर्को एउटा मान्छेलाई पनि छोडेको देखैं । मेलै पनि त्यो दिन पार्टीको मान्छे भनेको भए सायद मलाई पनि मार्थे होला । अर्को एक जना पनि जबर्जस्ती ... को

साइकलमा बसेर आएको थियो । ... ले उसलाई पनि त्यही साइकलसहित छोड्यो। हालसम्म पनि उसको अत्तोपत्तो छैन भन्ने ... को भनाइ ।

७. म बिहान ७:३० बजेतिर खाजा खाई कामको सिलसिलामा गइरहेको बेला ... ले मलाई अन्तरे दाइ (दुर्गा राई) लाई माऱ्यो भन्यो । म अगाडि जान लाग्दा दुई जनाले हात उठा भने र मैले हात उठाएँ, त्यसपछि उनीहरूले मेरो जिउको खानतालसी लिए । दुर्गाको घरसम्म आउन दिएपछि म र कसेनी वार्ड .. कै ... लाई पनि घोप्टो पर भनी आदेश दिए, म घोप्टो परेँ । ... ले ढिलो गरेको भनी छिटो घोप्टो पर भनी लात र हातले हाने । त्यसपछि दुर्गाको ... लाई तेरो ... को हतियार देखा भनेपछि उसले थाहा छैन भन्दा तलाई पनि हान्दिऊँ, तेरो ... त भाग्यो र हान्दिएँ भनेको सुनियो । हतियार केही भेटेनन् साइकल र कागजात लगे । उनीहरूले शिरीषको रुख चढी फोनसमेत गरेका थिए । उनीहरूमध्ये कसैले सेतो त कसैले रातो भेस्ट, काटेको प्यान्ट, त कसैले हाफ पैन्ट लगाएका र रुमालले मुखसमेत छोपेको थियो भन्ने ... बस्ने वर्ष ... को ... को भनाइ ।

८. बिहानपख लगातार पाँच छपटक बन्दुक पड्केको आवाज आयो । पड्केको अवाज सुनेपछि घरबाट पश्चिमतर्फ हेर्दा उँभो जान लागेका मान्छेहरूलाई फर्काएको देखिन्थ्यो । ८:३० वा ९.०० बजेको समयतिर केसल्या खोलापूर्वबाट तीन जना मोटर साइकलमा चढी आए । खोला परेकाले दुई जना मोटर साइकलबाट उत्री हिँड्दै आए, एक जना मोटर साइकल डोऱ्याउँदै थियो । अगाडिका दुई जनामध्ये एक जनासँग कुराकानी गरे जस्तो देखिन्थ्यो । मोटर साइकल डोऱ्याउने चाहिँ मोटर साइकल छोडी पूर्वतिर कुदेको देखियो । उसलाई तीनतिरबाट गोली प्रहार गरी धानवारीमा ढाले र पुनः चारपटक गोलीको आवाज आयो । मेरो ... र घटना भएको धानवारी झन्डै एक सय मिटर पूर्व पर्छ । त्यसपछि उनीहरू घरमा आई चर्को स्वरमा को छ यहाँ भनी कराए । म बाहिर निस्कँ । तल दाइ पनि हुनुहुन्थ्यो । कोही पनि छैनन् भनेपछि राँडीका छोराहरू कोही पनि रहेनछन् भन्दै फर्के । घटना भएको चार घण्टापछि धानबारीबाट लास घिसारी चार जना सादा पोसाकमा भएकाहरूले झुन्ड्याउँदै चोकमा राखेको गाडीमा फाले र केही समयपछि गाडी लास लिएर गयो भन्ने ... को भनाइ ।

९. बिहानको ६:०० बजेको समयमा दुर्गा राईको घर पश्चिमबाट सादा ड्रेसमा रहेका मानिस दक्षिणतिर गएका थियो । मैले खासै वास्ता गरिनँ । ७:३० बजेतिर हुनुपर्छ । एक मिनेटको अन्तरालमा पाँच-छ राउन्ड गोली चलेको आवाज आयो । स्थानीय महिलाले माओवादीले मान्छे मारे भनेर सुनाएपछि कसले भनी सोध्दा थाहा छैन भने । घटनास्थलतिर आउन लाग्दा एक जना महिलाले हातले नआउन सङ्केत गरेपछि म गइनँ । त्यसपछि मैले घरबाटै चोकको स्थिति

नियाल्दा सादा पोसाकका तीन जना मानिसहरू तलमाथि गरिरहेको थिए । ९:०० बजेतिर केसल्या खोला डाँगीहाट पारिबाट मोटरसाइकलमा आएको देखियो। चोकमा आइपुगेपछि दुई जनाले त्यही रहेकाहरूले नियन्त्रणमा लिई हात समाती घोप्टो पारे। एक जनालाई अर्को एक जनाले लखेट्दै गरेको र खोलापारि पुगेपछि गोली चलेको अवाज आयो । त्यसको लगतै गाडी आयो र पट्ट गोली चलेको सुनियो । त्यसपछिको घटना थाहा भएन । सोही दिन दिउँसो तीन बजेतिर एक जना अपरिचित व्यक्ति आई घटना विवरण बुझ्न खोजेपछि ... र मेलै उसको परिचय माग्दा नदिई गएको थियो । भोलिपल्ट १२ बजेतिर सोही व्यक्तिको लास लिन आउनु भन्न आएको थियो भन्ने ... ६ बस्ने ... को भनाइ ।

१०. बिहान हातमुख धोई चिया खाइरहेको बेला दक्षिणतर्फ चार जना आए। तीमध्ये दुई जनाले रुमालले मुख छोपेका र दुई जनाले छोपेका थिएनन् । तीन जनाले भेस्ट र एक जनाले सर्ट लगाएका थिए। एक जनाको हात भाँचिएर ब्यान्डेज गरेको थियो । उसले पछि ब्यान्डेज खोली गोलीजस्तो चिज निकाल्यो । उसले कर्डलेस पनि बोकेको थियो। चार जनामा एक जना कलतिर, एक जना गल्ली, एक जना बाटोमा र एक जना पिसाब फेर्न पाइन्छ भन्दै ... को घरतिर लागे । कलतिर गएको मान्छेले अन्तरे (दुर्गा) लाई हात मिलाउन भन्दा अन्तरेले तपाईंलाई चिन्दिनँ, तपाईंको घर कहाँ हो भनी सोध्दा जहाँ बस्छौ, त्यही हो भनेपछि उहाँ पछि सर्नुभयो । त्यसपछि अन्तरेलाई समाई पेस्तोल झिक्न लाग्दा उसलाई लडाई अन्तरे दाइ भाग्नुभयो । उनीहरूले गोली चलाउदै लखेट्दै लगे। ६-७ गोली जति पड्कियो। गोली लागी लडेपछि नमार भने पनि गोली हाने भन्ने ... को भनाइ ।

११. चोकनिजक चार जनाले दुर्गालाई खेदाउँदै गोली हान्दै लगे। गोली हानेकामा तीन गोली पाखुरामा मात्र लागेछ भनेको सुनेँ । बाटो छेवैमा पश्चिमपट्टि रहेको घरमा ज्वाइँ र मेलै बरन्डामा बसी हेर्‍यौ । मर्ने बेलामा तेरो साथी खोई भनेर सुरक्षाकर्मीहरूले सोधेका थिए । मेलै देख्दा दुर्गाले लामो खालको हाफ प्यान्ट मात्र लगाएका, हात भाँचिएको एक्टिङ गरेका, कटुवा बन्दुक, मोबाइल र पेस्तोलसमेत बोकेका थिए भन्ने ... बस्ने वर्ष ... को ... को भनाइ ।

१२. मेरो ... अगाडि दुई जना मान्छे आए । उनीहरूले दुर्गालाई बोलाए र हामी पार्टीको मान्छे हौँ भनें तर मेलै उनीहरूको कुरालाई ध्यान दिइनँ । यसभन्दा पहिला उनीहरूलाई मेलै कहिले देखेको थिइनँ । मेरो ... मा उनीहरू ४/५ मिनेट जति मात्र बसेका थिए। एकछिनपछि उनीहरूले पूर्व जाने एउटा साइकल रोकिदेऊ न भने। मेलै कसैलाई चिन्दिनँ भने । त्यो अपरिचित व्यक्तिले मलाई एक जना भाइ बिरामी छ उसलाई लगिदिनु भनेका थिए । त्यति नै बेला ... आइपुग्यो र उसले ... बाट मेहन्दी किन्यो। त्यस बेला ... को

पसलमा ... खान आएको मान्छे ... लाई बिरामीलाई पुऱ्याइदेऊ न भन्यो। प्रत्येक दोकानमा फलानोको घर कहाँ छ भनेर ती अपरिचितहरूले भन्ने गरेका थिए रे भन्ने ... बस्ने ... को भनाइ।

१३. म ... घर बाहिर बसिरहेको बेला दुर्गा दाइ कुदेको मात्र देखें। उसले एउटा कट्टु मात्र लगाएको थियो। एक्कासि एक जना आएर भित्र पस् भनेपछि म भित्र पसेँ। दुर्गाले केही राख्न दिएको छ भनेर सोध्यो। मैले खोइ थाहा छैन घर हेरे हुन्छ भनेँ भन्ने ... को भनाइ।

१४. उनीहरू पाँच जना ड्रेसमा थिएनन्। शिरीषको रुखमुनि बसेका दुई भाइले अरु तीन जना भाइलाई भन्दै थिए। छिटोभन्दा छिटो आउनु, हामीसँग हतियार समान केही छैन। रुखको फुर्कामा बसेर ज्यान बचाएका छौँ। छिटोभन्दा छिटो आइज भने। त्यसपछि मलाई डर लाग्यो। तिनीहरू पुलिस होइन, माओवादी रहेछन् भन्ने लाग्यो। त्यतिखेर तीन भाइमध्ये एकजना रुख चढ्दै गरेको पनि देखेँ। रुखमा चढेर केही बोल्दै थियो। हातमा डायरीजस्तो थियो। फर्केर हेर्न सकिनँ। अनि घरमा गएँ। कसैले पनि त्यता नजानु आर्मी होइन माओवादी रहेछन् भने। त्यसपछि सबैले माओवादीले मार्छन् भनेर मलाई गाली गरे भन्ने ... को भनाइ।

१५. पूर्वबाट तीन जना खोला तरेर हाँस्दै आउदै थिए। मोटर साइकलले नतानेको कारणले दुई जना ओर्लिएर अघि आए। उनीहरूले कालो झोला बोकेका थिए। एक जना मोटर साइकल डोऱ्याउदै पछिपछि आइरहेका थिए। अगाडि गएका दुई जनालाई के-के भनेर च्याप्प समाते। त्यो देखेर मोटर साइकल डोऱ्याउने मान्छे मोटर साइकल छोडेर भाग्दै थियो। ती समातेका दुई जनालाई लात्तैलात्तले कुटे। हामीले अइया-अइया भनेको सुन्यौँ। आर्मीको ड्रेस लगाएको मान्छेले गाडीबाट फायरिङ गरेको देख्यौँ। दुई जना छट्पटाउँदै थिए। पछि घिसार्दै ल्याएर गाडीमा हाले। मोटरसाइकल छोडेर भाग्नेलाई हात भाँचिएको मान्छेले पेस्तोल पड्काउदै लखेटेर पर धानबारीमा लगेर माऱ्यो भन्ने ... को भनाइ।

१६. हामीले घटना भएको एक दिन पछाडि लास पायौँ। पहिला लास बुझ्न बेलबारीमा आउनु भनेको तर पछि त्यहाँबाट घोपामा पुऱ्याएको रहेछ र त्यहीबाट ... ले लास बुझि लिनुभयो। लास पथरीमा ल्याएर सद्गत गरिएको थियो। लास सद्गत गर्नुअघि मैले लासलाई निरीक्षण गरेको थिएँ। लासको अवलोकन गर्दा मान्छेलाई कब्जामा लिएपछि सुताएर कुनै तरिकाले हानेको हुनुपर्छ। गोली short range बाट हानेको देखिन्छ, Long range बाट हानेको भए प्वाल सानो हुन्थ्यो। तर प्वाल ठुलो थियो। यदि Long range बाट हानेको भए त्यसरी शरीरमा खोका अड्किँदैनथ्यो। शरीरमा ११ बटा गोली हानेको देखियो। नौवटा गोली घाँटीदेखि मुनि, पेटदेखि मुनि र छाती वरिपरि देखिन्थ्यो। त्यसैगरी एउटा

दाहिने आँखामा र अर्को टाउकोमा दाहिनेतिर लागेको थियो भन्ने मृतक ... को भिनाजु ... को भनाइ ।

१७. मलाई ऊ पार्टीमा लागेको थाहा छैन । लागेकै भए पनि उसलाई पकाउ गरी कानुनी कारबाही चलाएको भए हुन्थ्यो । एक मात्र ... युद्ध विरामको अवस्थामा पकाउ गरी मार्दा कसरी .. को चित्त बुझ्छ ? के ऊ युद्ध विरामको अवस्थामा हतियार लिएर भिड्न हिँड्यो होला त ? लास जलाउँदा पनि चार पाँचवटा गोली चितामै पड्केका थिए । चारभन्दा बढी कागजमा सही गराइएको थियो भन्ने मृतक ... का ... को भनाइ ।

१८. उहाँ पार्टीमा लाग्नुभएको हो । मिति २०६२।६।२९ गते दिउँसो घटनाको बारेमा हल्ला भयो । त्यसपछि मैले दिनको १:०० बजेतिर ... को मोबाइल नं. ... मा फोन गर्दा अपरिचित स्वर आएपछि तपाई को बोल्नुभो भन्दा मिटिङमा हुनुहुन्छ, एक घण्टापछि फोन गर्नुहोस् भनेपछि मलाई ... परेको भन्ने पूरा विश्वास भयो । बेलुका ६:३० बजेको कान्तिपुर सामाचारबाट घटनाबारे पूरै सुन्न पाइयो । बी.पी. स्वास्थ्य विज्ञान धरानमा लास लिन जाँदा लासलाई सिमेन्टीको कोठामा लापरवाही तरिकाले फालिएको थियो । लासको प्रकृति हेर्दा जिउ पूरै सुन्निएको, मुखबाट रगत आएको, टाउकोमा चोटको डाम, बन्दुकको कुन्दाले हिर्काए जस्तो दुईवटा खोबिल्टा देखिन्थे, गोली वा केले हो थाहा हुनु सकेन । दाहिने पाखुरामा गोली लागेको थियो । लासको प्रकृति हेर्दा पकाउ गरी चरम यातना दिएको जस्तो देखिन्थ्यो । ... सँग ... को अनुहार मिल्न जाने हुनाले ... लाई पनि समस्या परेको छ भन्ने मृतक पूर्ण श्रेष्ठका ... को भनाइ ।

१९. उहाँ पार्टीमा लाग्नुभएको दुई वर्ष जति भयो । पाचँछ महिनामा घरमा आउनुहुन्थ्यो । टीकाको दिन घरमा आउनुभएको थियो । उहाँ पहिला गाउँकै विद्यालयमा शिक्षक हुनुहुन्थ्यो । अगाडि दुईपटक उहाँलाई सुरक्षाकर्मीले पकाउ गरेका थिए । उहाँ मारिएको खबर बेलुकी रेडियोबाट सुनेँ । परिवारले लास भोलिपल्ट पाए । लास हेर्दा पहिला कुटी घिसारेर गोली हानेको जस्तो देखिन्थ्यो । नाकमुखबाट रगत आएको थियो । मृतक पूर्ण श्रेष्ठको परिवारको आर्थिक स्थिति कमजोर छ । जग्गा छैन । १० वर्षको छोरा कक्षा ६ मा र पाचँ वर्षकी छोरीले भर्खर पढ्न सुरु गरेकी छे भन्ने ... को भनाइ ।

२०. मिति २०६२।६।२९ गते मोरङ जिल्ला बेलवारी गाविस वडा न. ६ तेलकुडी लिम्बूचौकमा दुर्गा राईलाई अपरिचित व्यक्तिहरूले नुहाउन लागेको बखत हामी पनि पार्टीका मानिस हौँ भनी हात मिलाउन खोज्दा शङ्का लागी भाग्न लाग्दा दुर्गा राईलाई लखट्दै पटकपटक गोली प्रहार गरेको र गोली लागी आत्मसमपर्ण गरिसकेपछि पनि पुनः गोली प्रहार गरी हत्या गरेको देखिन्छ । दुर्गा राईसँग कुनै हतियार नभएबाट दुर्गा राई सुरक्षाकर्मीको कब्जामा

परिसकेको अवस्था भएको देखिन्छ । मृतक दुर्गा राईसँग कुनै हतियार नभएबाट दोहरो भिडन्त नभएको र उनलाई सेनाले आत्मसर्म्पणपछि पनि थप गोली प्रहार गरी मारेको देखिँदा त्यस्तो कार्यले उनीहरूको हत्या गैरन्यायिक भई मानव अधिकार र मानवीय कानुनको उल्लङ्घन हुन गएको देखिन आयो । अन्य तीन जनाका सम्बन्धमा घटनास्थलमा देखीजान्ने र इलाका प्रहरी कार्यालय बेलवारीद्वारा घटनाको वस्तुस्थिति ब्यहोरा मुचुल्का हेर्दा केसलिया खोलाबाट मोटरसाइकलमा तीन जना आएकोमा दुई जना अघिअघि र एक जना मोटर साइकल डोऱ्याउँदै आएको कुरामा विवाद देखिँदैन । ती दुई जना व्यक्तिहरू सुरक्षाकर्मीको कब्जामा आइसकेको अवस्था देखिन्छ । स्वाभाविक रूपमा शत्रु पक्षबाट बच्न सर्वप्रथम आफनो साथमा रहेको ... कार्य विश्वसनीय देखिँदैन । नियन्त्रणमा आइसकेको व्यक्तिका साथमा रहेका वस्तुहरू खानतलासी गरी कब्जामा लिइने हुदाँ ग्रिनेट प्रहार गर्न खोजेको भनेको तथ्यलाई प्रमाणित गर्ने आधारहरू देखिँदैन । उनीहरूलाई सुरुमा यातना दिएपछि गोली प्रहार गरी मारिएको प्रत्यक्षदर्शीहरूको भनाइले प्रस्ट पार्छ । मोटरसाइकल र हेलमेट छोडी भाग्दै गरेको र अघि बढदा मृत्यु भएको भनिएको छ, तर प्रत्यक्षदर्शीको बयान, भनाइ, प्रहरी मुचुल्कासमेतबाट पनि दोहरो भिडन्तको स्थिति रहेको नदेखिएको हुदाँ कब्जामा लिई गैरकानुनी रूपमा हत्या गरी मानव अधिकार र मानवीय कानुनको समेत बर्खिलाप गरेको देखिन्छ भन्ने आयोगको अनुसन्धान टोलीको मिति २०६२।१०।७ को अनुसन्धान प्रतिवेदन ।

२१. यस घटनाका सम्बन्धमा विभिन्न पत्रपत्रिकाहरूमा सुरक्षाफौजद्वारा मोरङको बेलवारीमा चार माओवादी कार्यकर्ताको हत्या भन्ने शीर्षकमा समाचार प्रकाशित तथा प्रसारित भएको ।

२२. उक्त घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय, बेलवारी मोरङबाट मिति २०६२।८।७ आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा प्राप्त हुन आएको आधिकारिक पत्रमा मिति २०६२।६।२९ गते पूर्वी पृतना इटहरी ब्यारेकका सहसेनेनी दिपेन्द्रबहादुर ऐरसमेतको कमान्डमा खटी आएको सुरक्षाफौजको टोली मोरङ बेलवारी -६, तेलकुडीमा आइपुग्दा आतङ्ककारी समूहसँग भिडन्त हुँदा दुर्गा राईसमेत अन्य तीन जना आतङ्ककारीको मृत्यु भएको भन्ने व्यहोराको पत्र साथै लास घटनास्थल लास जाँच मुचुल्कासमेत प्राप्त हुन आएको रहेछ ।

२३. मिति २०६२ साल असोज २९ गते मोरङ जिल्ला बेलवारी गाविस वडा नं. ६ तेलकुडीमा पूर्ण श्रेष्ठ, मोहन खनाल, विदुर भट्टराई र दुर्गा राई सुरक्षा कारबाहीमा मारिएको भनी सोही दिन बेलुका ६:३० को प्रसारित सामाचारका आधारमा मिति २०६२।६।३० गते एडभोकेसी फोरमद्वारा टेलिफोन मार्फत

पीडित परिवारहरूद्वारा अनुसन्धानको क्रममा मिति २०६२।७।९ गते उजुरी प्राप्त हुन आएको रहेछ ।

२४. यस घटनाको सम्बन्धमा आयोगको अनुसन्धानको टोलीले ... लिएका प्रत्यक्षदर्शीहरूका बयान, रेडियोमा आएको समाचार, विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरू, प्रत्यक्षदर्शीहरूको भनाइसमेतका तथ्य एवम् आधारबाट मिति २०६२।६।२९ गते मोरङ जिल्ला बेलवारी गाविस वडा न. ६ तेलकुडी लिम्बूचोकमा दुर्गा राईलाई अपरिचित व्यक्तिहरूले नुहाउन लागेको बखत हामी पनि पार्टीका मानिस हौँ भनी हात मिलाउन खोज्दा शङ्का लागी भाग्न लाग्दा दुर्गा राईलाई लखेट्दै पटक-पटक गोली प्रहार गरेको र गोली लागी आत्मसमपर्ण गरिसकेपछि पनि पुनः गोली प्रहार गरी हत्या गरेको देखिन्छ । दुर्गा राईसँग कुनै हतियार नभएबाट पनि दोहरो भिडन्त नभएको र सो अवस्थासमेत रहेको देखिँदैन । साथै लखेट्दै गोली प्रहारबाट घाइते भई आत्मसमर्पणपछि पनि थप गोली प्रहार गरी मारिएबाट सो कार्य गैरन्यायिक, मानव अधिकारको उल्लङ्घन र मानवीय कानुनविपरीत देखिन आउँछ । अन्य तीन जनाको सवालमा घटनास्थलमा देखीजान्ने र इलाका प्रहरी कार्यालय बेलवारीद्वारा घटनाको वस्तुस्थिति ब्यहोरा मुचुल्का, प्रत्यक्षदर्शीले दुई जनालाई नियन्त्रणमा लिई गोली चलाएको र प्रहरी मुचुल्कामा दुई जना व्यक्तिहरू सुरक्षाफौजनिर आई पुगी शङकास्पद तरिकाले हेरेपछि सुरक्षाफौजले पकाउ गर्न खोज्दा दुबैले सुरक्षाफौजसँग बल प्रयोग गरी हतियार खोस्न खोजेको र एक जनाको गोजीबाट प्लास्टिक ग्रिनेट पड्कन नपाएको साथै थप आक्रमणको सम्भावना भएकाले सुरक्षाफौजले फायर गर्दै अघि बढ्दा पहिलेको घटनास्थलभन्दा चार सय मिटरपूर्व केसलिया खोलापारि मृत्यु भएको भनिएको भनाइतर्फ विचार गर्दा सुरुका दुई जना व्यक्तिहरू सुरक्षाकर्मीको कब्जामा आइसकेको अवस्था र एक जनालाई लखेट्दै गरेको अवस्था देखिन्छ। नियन्त्रणमा आइसकेको व्यक्तिको साथमा रहेको बस्तुहरू खानतलासी गरी कब्जामा लिइने हुँदा ग्रिनेट प्रहार गर्न खोजेको भनेको तथ्यलाई प्रमाणित गर्ने आधारहरू देखिँदैन ।

२५. नेपालको विद्यमान कानुनअनुसार जोसुकै व्यक्तिले कसुर गरेको भए पनि पक्राउ गरी सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही (Due process of law) गर्नुपर्नेमा सुरक्षाकर्मीद्वारा गोली चलाउनुपर्ने सम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधारसमेत देखाउन सकेको पाइँदैन । सुरक्षाफौजको उक्त गैरकानुनी कार्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक अधिकार, नागरिक अधिकार ऐन २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ समेतको उल्लङ्घन भएको

देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ को (१) र(२) बमोजिम दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतक दुगा राई, विदुर भट्टराई, पूर्ण श्रेष्ठ र मोहन खनालको परिवारलाई रु १,५०,००० ।- (अक्षरेपि एक लाख पचास हजार रूपियाँ) का दरले क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी लेखी पठाउने ठहर्छ ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने :**

..............................

यज्ञप्रसाद अधिकारी

प्रमुख, संरक्षण महाशाखा

................. .................

सदस्य सदस्य

............... ..............

सदस्य सदस्य

...............

अध्यक्ष

इति संवत् २०६३ साल जेष्ठ २३ गते रोज ३ शुभम् ...

## श्री राष्ट्रिय मानव अधिकार आयोगको ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री

माननीय सदस्य श्री सुशीला सिंह सिलु

माननीय सदस्य श्री सुदिप पाठक

माननीय सदस्य श्री गोकुल पोखरेल

माननीय सदस्य श्री डा. राम दयाल राकेश

विषय: **गैरन्यायिक हत्या**

**सुरक्षाकर्मीले युद्धमा भाग नलिएका क्याम्बेट ड्रेस नलगाएका, निःशस्त्र साधारण व्यक्तिलाई आफ्नो कब्जामा लिएको र कब्जामा लिइसकेपछि सोधपुछका क्रममा बेहोस भएको व्यक्तिलाई उपचारका लागि कुनै पहल नगरी त्यसै छाडी फेरि होस आएपछि सोध्ने काम गरेको, सुरक्षाकर्मीले नियन्त्रणमा लिएको व्यक्तिलाई बिरामी भएको अवस्थामा उपचार गराउनुपर्ने, कब्जामा राख्दा मानवीय व्यवहार गर्नुपर्ने भन्ने जेनेभा कन्भेन्स १९४९ को साझा धारा ३ नागरिक अधिकार ऐन २०१२ को दफा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ को उल्लङ्घन भएको देखिने ।** (प्रकरण नं. २१)

१. भोजपुर जिल्ला देवान्टार गाविस वडा नं. घर भएका ... वर्ष २० का देवेन्द्र राईलाई मिति २०६२।०९।२० गते भोजपुर जिल्लाको रानीवास गाविस वडा नं. ८ स्थित हतुवागडी संयुक्त सुरक्षाफौजले पकाउ गरी सुरक्षा बेस क्याम्पमा राखिएकै अवस्थामा यातना दिइएको कारणबाट मिति २०६२।९।२१ गते निजको मृत्यु हुन गएकाले आयोगका तर्फबाट उक्त घटनाको निष्पक्ष छानबिन गरी पीडकलाई सजाय र पीडितलाई क्षतिपूर्तिको माग राख्दै भोजपुर जिल्ला ... गाविस वडा नं. ... का ... ले र मिति २०६२।९।२६ र मानव अधिकारका लागि नागरिक समाज, भोजपुरबाट निजको सैनिक हिरासतमा रहेको अवस्थामा मृत्यु भएको र सो मृत्युका सम्बन्धमा कुनै पनि विवरण बाहिर नल्याइएकाले उक्त घटनाको सम्बन्धमा यथार्थ छानबिनका लागि भन्दै मिति २०६२।९।२८ मा यस कार्यालयमा निवेदन दर्ता हुन आएको रहेछ ।

२. उजुरी प्राप्त भएपछि आयोगको टोली अनुसन्धानको लागि घटनास्थलमा गई अनुसनधान सुरु गरेको रहेछ ।

३. मृतक मेरो ... देवेन्द्र राई घरमा हलो जोत्ने, भारी बाक्ने तथा बनीबुतो गरी घरायसी खर्च टार्ने गर्दथ्यो । सोहीक्रममा हरियो काठ बोकी पैसा कमाउन धनकुटा जिल्लामा गएको थियो । उसलाई ... ले उसको जेठो ... को जुम्ल्याहा छोराहरूको पौष २७ गते छेवर (व्रतबन्ध) परेकोले २ वटा काँसको थाल किनेर ल्याउन भनेका थिए र ऊ २५/२६ गते लिएर आउँछु भनी घर बाट हिँडेको थियो । २६ गते बिहान ११:०० बजेतिर ... ले देवेन्द्रको मृत्यु भएको कुरा रेडियोबाट सुनेको भन्यो । २८ गते बिहान ७:०० बजे गाँउका

२५/३० जना गाउले मिलि घोरेटार गयौं । त्यहाँका सुरक्षाकर्मीले हामीलाई माथि लगेनन् । देवेन्द्रसँग २ वटा गोली र हाफ प्यान्ट कम्व्याट ड्रेस रहेको भने । बिरामी भएर जिल्ला पठाएको छ भने । पछि तपाईंको देवेन्द्र मरिसकेकोले उसलाई गाडिसकेको भने । गाडिसकेको भनेपछि सुरक्षाकर्मीहरूसँग ... जस्तो र जुन हालतमा भए पनि देवेन्द्र चाहियो भनेर कुरा राखेपछि उनीहरू बोलेनन् । ऊ नचिनेको मानिससँग नबोल्ने, नेकपा (माओवादीं) का मानिसहरू आए भने पनि माथि कोठामा गई बस्ने गर्दथ्यो । उसलाई कुनै रोग लागेको थिएन बलियो र काम गर्न सक्ने थियो । उसलाई सुरक्षाकर्मीहरूले नै कुटेर मारेको हुनुपर्दछ भन्ने भोजपुर जिल्ला ... गाविस वडा नं. ... बस्ने ... को मिति २०६२ माघ ९ गतेको बयान ।

४. मेरो ... पौष १० गते दाउरा बोक्न भनी धनकुटा जानुभएको थियो । घर बाट निस्कँदा पौषको २५/२६ गतेतिर घर आउने भनी जानुभएको थियो । ... ले एक जोडी काँसेथाल लिएर आउन भन्नुभएको थियो । ... को मृत्युको खवर पौष २६ गते ... ले लिएर आए । उनले देवेन्द्रको मृत्यु भएको कुरा सप्तकोशी एफएममा सुनेको भनी ... लाई बताएछन् । उनले भन्नेवित्तिकै म, ... र ... भएर घोरेटारमा गयौं । मैले बेस क्याम्पको एक जना सिपाहीलाई माथि बाटोमा आउँदाआउँदै घटनाका बारेमा सोधैं उसले सबै ठेगाना हाम्रै घरको दियो र नाम पनि देवेन्द्रको नै दियो पछि तल घोरेटार बजारमा आई सोधपुछ गर्दा देवेन्द्रलाई त्यही मरेको नभनी बेहोस भएकाले भोजपुर लिएर गएको जानकारी गराए । देवेन्द्र कुनै प्रकारको राजनीतिक कियाकलापमा लाग्नुभएको थिएन । वहाँ २३ वर्षको निरोगी र पहिला पनि बेहोस भएको मैले जानेको थिइनँ । ... लाई कुनै पनि सरकारी कार्यालयबाट यस घटनाको सम्बन्धमा सदरमुकाममा बोलाइएन, ... घोरेटार सुरक्षा बेस क्याम्पकमा लास माग्न गएका थियौ उनीहरूले लास त हिजै गाडिसकेको भनेर भने । घरमा मुख्य काम गरी कमाई ल्याउने देवेन्द्र नै भएको हुँदा कानुनबमोजिम केही क्षतिपूर्ति पाइन्छ भने पहल गर्नका लागि अनुरोध गर्दछु भन्ने भोजपुर जिल्ला ... को मिति २०६२ ।१०। ८ गतेको बयान ।

५. भोजपुर जिल्ला देवान्टार गाविस वडा नं. ७ बस्ने ... मृतक देवेन्द्र राई एक सिधा र सोझो व्यक्ति थिए । निजले घर खेत गर्ने सामान्य किसान र फुर्सतको समयमा आर्थिक आय आर्जनका लागि साहूको भारी बोक्ने काम गर्दथे । निजका वालवच्चा नभएका र जम्मा परिवार सख्या ८ जना थिए । निजको बुबा विगत ८ वर्षदेखि कहाँ छन् थाहा छैन । उनी कुनै राजनीतिक पार्टीको सदस्य नरहेको र आबद्ध पनि नभएका व्यक्ति थिए । हामीलाई थाहा भएसम्म मृतक देवेन्द्र राई धनकुटामा काठ बोक्नका लागि पौष १० गते गएका थिए । घरमा जेठी सासूको छोराको

छेवर (व्रतबन्ध) भएकाले घरमा आएका रहेछन । सप्तकोशी एफएममा देवेन्द्र राईको सैनिक हिरासतमा मृत्यु भएको भन्ने सुनेपछि बुझ्दै जाँदा देवान्टार कै देवेन्द्र रहेछन् । गाँउलेहरू पौष २८ गते घोरेटार सैनिक क्याम्पमा सो घटनाबारे बुझ्न जाँदा त्यहाका क्याप्टेनले देवान्टारकै देवेन्द्र राईलाई सोधपुछको लागि लिएर आएकोमा सोधपुछ गर्ने क्रममा निज अचानक बिहोस भएकाले जिल्लातर्फ पठाएको जानकारी गराउनुभएको । त्यस्तो घटना घटेपछि उसको परिवारलाई घटनाको वारेमा खवर पठाउनुपर्ने किन नपठाएको भनेपछि खवर पठाएको हो भन्नुभयो । हामीले पौष २८ गते नै हाम्रो मानिस जस्तो अवस्थामा छ सोही अवस्थामा हामीलाई दिलाइदिनुहोस् भनेपछि उहाँहरूले जिल्ला सभापति, उपसभापति, क्षेत्रपाल र स्थानीय सचिवको रोहोवरमा दाहसंस्कार गरिएको बताउनुभयो तर हामीले पछि उक्त व्यक्तिहरूसँग बुझ्दा वहाहरूले यसबारेमा केही थाहा नभएको बताउनुभयो । यी सबै घटनाक्रमलाई केलाउदा देवेन्द्र राईलाई हतुवागडीको संयुक्त सुरक्षा बेस क्याम्पमा नै यातना दिई मारेको हुनुपर्दछ भन्ने मृतक देवेन्द्र राईको घर देवान्टार गाविसका स्थानीय ३३ जना को संयुक्त बयान ।

६. देवेन्द्र राईको मृत्युको सम्बन्धमा सप्तकोशी एफएममार्फत थाहा पायौँ । देवेन्द्र राईको बारेमा बेस क्याम्पका क्याप्टेन दिनेश श्रेष्ठले हामी ... लाई जानकारी दिँदा सुरुमा सामान्य सोधनी गरेपछि देवेन्द्रलाई छोडिदिएको तर उनी घर जाने बाटो रानीवास जानुपर्नेमा तल सिन्द्राङतर्फ गएकाले जावानले शङ्का गरी पछि खानतलास गरेको र खानतलास गर्दा दुईवटा गोली, कम्ब्याट ड्रेससहित उसलाई क्याम्प एरियाको पश्चिम पोस्टको गडी आहालछेउको पोस्टबाट पक्रेका हौँ भन्ने जानकारी दिए । उनले विद्रोही पक्षको जिम्मेवार मान्छेबाट होङताङबाट भर्खर छुटेको र मलाई यहाँको वस्तुस्थिति बुझ्न पठाएको भन्ने सम्म बयान गरेपछि हामीले उसलाई कब्जामा राख्नुपर्ने परिस्थितिमा राखेको भनी बताए । उनी वेलावेलामा सेन्सलेस हुने गर्थे र बिरामी भएकाले उपचारार्थ भोजपुर पठाइएको जानकारी पनि दिएका थिए । बिरामी भएको भए किन निजकैको हेल्थपोस्टमा ल्याइएन भनी सोद्धा गम्भीर बिरामी भएको कारण छिटो उपचारको लागि भोजपुर लगिएको भन्ने जानकारी दिइयो । अनि हामीले यतिका गम्भीर कुरा सार्वजनिक गरेको भए हुन्थ्यो भन्ने कुरा राख्यौँ, भन्ने ... को भनाइ ।

७. मिति २०६२/११/२ मा ... ले भोजपुर बाट रा.मा.अ.आ. क्षेत्रीय कार्यालय विराटनगरलाई फोनवाट जानकारी गराएअनुसार नेकपा (माओवादी) घोरेटार २ नं. इलाका इन्चार्ज रोहितले मृतक देवेन्द्र राई आफ्नो पार्टीको कार्यकर्ता नभएको भन्ने जानकारी आफूलाई दिएको हुँदा सोको जानकारी आयोगलाई गराएको भन्ने जनाएका भन्ने ... उजुरीकर्ताको भनाइ ।

८. मृतक देवेन्द्र राई माओवादी हो या साधारण मानिस हामी भन्न सक्दैनौं । स्पष्ट कुरा गर्न जनता डराउदछन् । भोजपुर गाविस र जिविसलाई जिल्ला प्रहरी कार्यालयबाट पत्र आएको थियो । खैराङको एक नाम थाहा नभएको मानिसलाई मृतकको घरमा खवर पुऱ्याउनको लागि मौखिक खवर पठाएका थियौ । पछि परिवारले सूचना पाएको भनेर खवर आएन । पछि माघ ५ गते भोजपुरमा परिवार आउँदा उनीहरूले खवर नपाएको भनेर हामीलाई भनेका थिए । बसेर राम्रोसँग कुरा गरौं भन्दा डराएर हो या किन हो सोही दिन फर्किहाले । लास बुझ्ने क्रममा हामी कसैलाई पनि रोहोवरमा राखेका थिएनन् भन्ने भोजपुर जिल्ला सभापति ..., उपसभापति ..., ...नं इलाका सदस्य ... समेतको संयुक्तको भनाइ ।

९. पुष २६ गते जिल्ला प्रहरी कार्यालयबाट लास सद्‌गत गराइदिनुहुन भनी लिखित पत्र आएको थियो । मैले नियमबमोजिम सोही दिन लास बोक्ने मानिसका लागि सूचना निकालें । सूचना यहाँबाट निकाले पनि खाडल खन्ने र बोक्ने मानिस प्रहरीले नै व्यवस्था गरिदिएका थिए । म हस्पिटलमा गइनँ र लास पनि हेरिनँ । माघ २६ गते नै लासको सद्‌गत गरि दिएका भन्ने भोजपुर गाविस सचिवको भनाइ ।

१०. दिदीको नागरिकता बनाउन गाविस कार्यालयमा आएको थिए । कार्यालयको भित्तामा हेर्दा सूचना देखें र पढें । सूचनामा एक बेवारिसे लास सद्‌गत गर्न मानिस खोजिएको रहेछ ज्याला रु ३०००। तोकिएको देखें । त्यही एउटा पुलिससँग सोही विषयमा सामान्य कुराकानी भएपछि उनले मलाई जिल्ला प्रहरी कार्यालयमा लिएर गए । त्यहाँ गएर रु. ३०००। हजारमा कुरा मिलाएर गाविस कार्यालयमा आई सो काम गर्न निवेदन दिएपछि एक जना मेरो ... नाता पर्ने ... लाई लिएर हस्पिटल गएँ । पुलिसहरू ३ जना गएका थिए । पुलिसले लास राखेको कोठाको साँचो खोल्न प्रयास गरे नखुलेकाले मैले ढुङ्गाले हानेर फुटालें । साँचो खोलेर भित्र पस्दा लास टेबुलमा उत्तानो पारेर राखिएको, छाती चिरिएको अवस्थामा थियो । त्यसपछि लासलाई प्लास्टिकले बेऱ्यौं । टेबुलमा कोठे सट टुकाटुका परेको र रगत लागेको थियो पछाडि ढाडमा हरियो भेस्ट थियो । प्लास्टिकले बेरेपछि लासलाई फेरि बोराले बेऱ्यौं र एउटा बाँसमा डोरीले बाधेर बजारको तल्लो बाटो राधाकृष्ण मन्दिरको पश्चिमपट्टि बाटोमाथि लगेर आफैले खाल्टो खनेर सबै लुगा कपडासँगै पुऱ्यौं । मान्छे अग्लो गरुङ्गो थियो । शरीर सुन्निएको जस्तो देखिन्थ्यो छाती फुलेर माथि आएको थियो । खुट्टाहरू हरिया र चिसा थिए । पुलिसहरू तीनै जना खाल्टो खन्ने ठाँउसम्म सँगै गएका थिए भन्ने लास बोक्ने र गाड्ने ... को भनाइ ।

११. पोस्टमार्टम गरेको मिति मलाई थाहा भएन लासको देब्रेपट्टिको काँध र छातीनजिकै सानो एक इन्च जतिको

घाउ थियो । अरु ठाँउमा घाउ चोट भएको देखिनँ । लासलाई पोस्टमार्टम गरेपछि ३ दिनसम्म लासलाई शवगृहमा नै राखिएको थियो । मैलै जानेसम्म मान्छे मरेको केही दिनपछि शरीरमा खुन जमेर पूरै शरीर हरियो हुने गर्दछ र देवेन्द्रको शरीर पनि हरियो भएको थियो । पोस्टमार्टम गर्दा डक्टरपनि सँगै बस्नुभएको थियो । यसभन्दा पहिलाका लासहरूको पोस्टमार्टम गर्दा डक्टरसावले शरीरभित्रका विभिन्न भाग निकाल्न भन्नुहुन्थ्यो तर देवेन्द्रको शरीरबाट कुनै पनि कुरा बाहिर निकाल्न भन्नु भएन । शरीरको अन्य भागमा कुनै प्रकारको निल डाम थिएन । लासलाई सुताएर राखिएको हुँदा पछाडि ढाडपट्टि सबै निलो थियो । यो प्रायजसो सबै लासमा हुने गर्दछ । लासमा भएका कुराहरू कसैलाई पनि नभन भनेर मलाई कसैले पनि भनेका थिएनन् । छातीमा देखिएको घाउमा पछाडिपट्टि छेडिएको थिएन सो घाउ निकै सानो देखिन्थ्यो भन्ने ... को भनाइ ।

१२. देवेन्द्र राई धनकुटा गएको र फर्किंदा ससुराली बास बसेर पौष २१ गते बिहान ४:३० बजे उठेर आफ्नो घरतर्फ गएको तर घर नपुगेको खवर ... ले थाहा पाएपछि चिठ्ठी लेख्ने काम भएको भन्ने किसिमको पत्रको ब्यहोरा रहेकोको मृतक देवेन्द्र राईको ... ले आफ्नो ... लाई घटना घटेको थाहा पाएपछि लेखिएको चिठ्ठीको ब्यहोराको भनाइ ।

१३. बिहान ८:३० बजेतिर देवेन्द्र हामी ड्युटी बसेको ठाँउमा आएको थियो । नियमित कामअनुसार उसको पनि झोला चेक गर्न थाल्यौँ । झोला चेक गर्न लाग्दा दिन मानेन । झोला हेर्दाहेर्दै भाग्यो, भाग्दा लड्यो, हामीले उठाएर ल्यायौँ । घर देवान्टार बताएको थियो तर जाँदा सिन्द्राङतर्फ लाग्यो । किन भागेको हो भन्दा बोलेन । कमान्डरले एक झापट गालामा हिर्काएपछि उसले म अहिले विदामा आएको हो भन्यो । माथि क्याम्पमा लिएर आएपछि सोधपुछ गरियो । सोधपुछ गर्दा म बिरामी छु भनेको थियो । दुईवटा झोला एउटा भिरेको र अर्को पछाडि बोकेको थियो । सुरुमा राम्रो बोलेको थियो तर पछि बोली लटपटाई लटपटाईकन बोलेकाले गालामा एक झापट हानेपछि राम्रोसँग बोल्न थाल्यो । उसको सास रक्सी खाएको जस्तो गनाइराखेको थियो । माथि बेस क्याम्पमा लिएर आउँदा आँखामा मात्र पट्टि बाँधेर हामी दुई जनाको वीचमा राखेर ल्याएका थियौँ । माथि लिएर आउँदा आउँदै राख्ने ठाँउमा आइपुगेपछि एक पटक ढल्यो । एकछिन बेहोस भयो त्यसपछि १० मिनेटपछि होस आयो भन्ने हतुवागडी संयुक्त सुर क्षा बेस क्याम्पका लेस नायक कमल अर्यालको भनाइ ।

१४. दिनको २:०० बजेपछि मेरो ड्युटी थियो । मलाई मृतक देवेन्द्रले आफूलाई सारो भयो पानी दिनुहोस् भन्यो । मैले निजकैको बाल्टिनबाट पानी झिकी खान दिएँ । पानी खान दिएको २/३ मिनेटपछि भुइँमा ढल्यो । उसले पानी धेरै खाएको थिएन । के भयो देवेन्द्र भनेर चलाएको

बोलेन । उपसेनानीले कान छातीमा राखेर सुन्नुभयो । छातीमा लप्टन सापले थिच्नुभयो । मेडिकलाई बोलाउनुभयो । पल्सहरू हेरिनँ । त्यतिखिर करिब २.३० बजेको थियो भन्ने सेन्ट्रि बसेका सिपाही एलजित राई (को भनाइ ।

१५. निज देवेन्द्र राईलाई २१ गते बिहान पकाउ गरिएको हो । पकाउपछि सोधपुछ गर्दा माओवादी भएको कुरा प्रस्ट भएको । बेलुकी ३:१५ बजेतिर he is no more भन्ने हतुवागडी संयुक्त सुरक्षा बेस क्याम्प घोरेटारबाट जानकारी आयो । सो दिन मृत लासलाई त्यही राख्न भने । भोलिपल्ट २२ गते लासलाई भोजपुर सदरमुकाम हेलिकप्टर (हेली) बाट लिएर आइयो । उसको शरीर तथा झोला खानतलास गर्दा एउटा हाफ प्यान्ट कम्ब्याट ड्रेस, दुई राउन्ड गोली, अर्कै मानिसको कम्ब्याट लगाएको फोटो र ऊ र उसको परिवारसँगै खिचिएको फोटो पाइएको । हामीले लासको फोटो खिच्ने काम गरेनौँ । यहाँ लिएर आउनेबित्तिकै लासलाई प्रहरीको जिम्मा लगाइदिएका हौँ । लासलाई घोरेटार बजारमा सबै जनालाई सुरक्षाको कारणले देखाउन सकिएन भन्ने कालीध्वज गण भोजपुरका कर्नेल नविन बस्नेत भनाइ ।

१६. श्री उपनाम गरेका देवेन्द्र राईलाई पौष २१ बिहानको ९:०० बजे हतुवागडी संयुक्त सुरक्षा बेस क्याम्पले पकाउ गरी क्याम्पमा लगेको र १५:०५ मा मृत्यु भएको भन्ने जानकारी आएको । कालीध्वज गण भोजपुरबाट हामीलाई मिति २०६२।९।२२ मा आवश्यक कारबाही गरिदिन भनी लाससहित पत्र आयो । लास आएपछि पोस्टमार्टमका लागि सोही दिन जिल्ला अस्पताल कार्यालयमा पठायौँ । लासको प्रकृति मुचुल्का अस्पतालमा नै गरिएको थियो । हामीले लासको फोटो खिचेनौँ तर खिच्नुपर्ने थियो । हाम्रो क्यामेरा बिग्रिएको हुँदा फोटो खिच्न नसकेको हो । तर, भाडामा लिएर भए पनि लासको फोटो खिच्नुपर्ने थियो । त्यसरी पनि खिचिएन यो हाम्रो भुल थियो । स्थानीय मानव अधिकारवादीहरू कोही पनि लास हेर्न र लासको फोटो खिच्न भनी हामीसँग आएनन् । मृतकका परिवारहरू हाम्रो गेटमा समेत हामीसँग भेट गर्न भनी आएका थिएनन् । परिवार जनलाई खवर पुऱ्याउनका लागि जिविस कार्यालयलाई हाम्रो कार्यालयबाट मिति २०६२।९।२२ गते नै पत्राचार गरिएको थियो । १३ नं इलाका सदस्य, उपसभापति, सभापति तथा भूतपूर्व अनुगमन समितिका अध्यक्ष ... लगायतका व्यक्तिहरूलाई परिवारलाई खवर पुऱ्याउनका लागि मौखिक जानकारी पठाइएको थियो । पोस्टमार्टमपछि लासलाई शवगृहमा नै राखिएको थियो । ६/७ दिनपछि लास गनाउन थाल्यो । परिवारहरू कोही नआएकाले हाम्रो कार्यालयबाट भोजपुर गाविसलाई २६ गते लास दाहसंस्कार गर्नका लागि पत्र दिइएको र त्यही दिन कानुनबमोजिम लासलाई दाहासंस्कार गरिएको जानकारी गाविस कार्यालयबाट आएको थियो भन्ने जिल्ला

प्रहरी कार्यालय भोजपुरका डिएसपी नलप्रसाद उपाध्यायको भनाइ ।

१७. देवेन्द्र राईको मृत्युका सम्बन्धमा छानबिन गर्न पूर्वी पृतनाबाट महासेनानी ताजमान सिंह बस्नेत, सेनानी फत्तेबहादुर बस्नेत र सहसेनानी महेन्द्रजङ्ग शाहसहितको Inquary Team गठन गरिएको र उक्त Inquary Team ले अत्यधिक बल प्रयोग गरेको कारण सो घटना भएको ठहर गरी त्यस बेस क्याम्पका पतिसहित केही सुरक्षाकर्मीलाई दोषी देखाएर कारबाहीको प्रक्रिया चालिसकेको छ । अब सैनिक अदालत गठन गरेर फैसला गर्न मात्र बाँकी छ । अनुसन्धान प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोग, आई.सी.आर .सी. तथा ओ.एच.सी.एच.आर लाई उपलब्ध गराइनेछ भन्ने पूर्वी पृतना प्राड विभाग,इटहरीका अर्जुन सापकोटाको मिति २०६२।१०।३० गतेको भनाइ ।

१८. पुष २२ गते प्रहरीबाट लास प्रकृति मुचुल्कासहित पोस्टमार्टमको लागि चिठ्ठीसहित जिल्ला प्रहरी कार्यालय भोजपुरबाट लास लिएर आएका थिए । लास लिएर आएपछि पोस्टमार्टम सोही दिन गरिदिए । लासको दाहिने काँध वरिपरि छालाको माथिल्लो भाग (layer) खुइलिएको थियो । अन्य भागमा कुनै प्रकारको चोट थिएन । शरीरको कुनै पनि भित्री भागमा कुनै प्रकारको चोट थिएन । निजको मृत्यु सकबाट भएको देखिन्छ । सक दुई किसिमको हुन्छ एक न्युरोजोनिक र अर्को हाइपोभोलुपिङ । सक अचानक फेन्ट भएर ब्रेनमा अक्सिजन नपुगेको हुँदा हुने गर्दछ । न्युरोजनिक सक भनेको अचानक मस्तिष्कमा अक्सिजन कम भएकाले फेन्ट हुनु हो । फेन्ट, एक डरको कारणले र अर्को इन्जुरीको कारणले हुने गर्दछ यस किसिमले भएको सकलाई न्युरोजोनिक सक भनिन्छ भने हाइपोभालुपिङ सक हुनको लागि शरीरका भित्री भागहरू ड्यामेज भएकाले हुने गर्दछ । मृतक देवेन्द्र राईको शरीरको कुनै पनि भित्रीभाग ड्यामेज नभएको कारण निजको मृत्यु न्युरोजनिक सकबाट भएको देखिन्छ भन्ने मेडिकल सुपरि टेन्डेन्ट ... को भनाइ ।

१९. भोजपुर जिल्ला देवान्टार गाविस वडा नं. ७ राधुन घर भएका वर्ष २० का देवेन्द्र राईलाई मिति २०६२।९।२० गते भोजपुर जिल्लाको रानीवास गाविस वडा नं. ८ स्थित हतुवागडी संयुक्त सुरक्षाफौजले पकाउ गरी सुरक्षा बेस क्याम्पमा राखिएकै अवस्थामा यातना दिइएको कारणबाट मिति २०६२।९।२१ गते मृत्यु हुन गएकोले आयोगको तर्फबाट उक्त घटनाको निष्पक्ष छानबिन गरी पीडकलाई सजाय र पीडितलाई क्षतिपूर्तिको माग राख्दै ... मिति २०६२।९।२६ र मानव अधिकारका लागि नागरिक समाज, भोजपुरबाट निजको सैनिक हिरासतमा रहेको अवस्थामा मृत्यु भएको र सो मृत्युका सम्बन्धमा कुनै पनि विवरण बाहिर नल्याइएकोले उक्त घटनाको सम्बन्धमा यथार्थ छानबिनको लागि भन्दै यस

आयोगमा २०६२।९।२८ गते निवेदन दर्ता हुन आएको रहेछ ।

२०. यस घटनाको सम्बन्धमा आयोगको अनुसन्धान टोलीले सङ्कलन गरेका विभिन्न बयान तथा भनाइ घटनासँग अन्य सम्बद्ध प्रमाणहरूबाट प्राप्त हुन आएका तथ्य तथा प्रमाणहरूको आधारमा मृतक देवेन्द्र राई एक साधारण मानिस रहेको र निजलाई सुरक्षाकर्मीहरूले मिति २०६२।९।२१ गते बिहान ९:०० बजे प्रकाउ गरी सोधपुछ गर्ने क्रममा निजमाथि आवश्यकभन्दा बढी बल प्रयोग हुँदा र सो कारणबाट उनमा अत्यधिक डर उत्पन्न भई डरको कारणबाट बेहोस भएको र पुनः होस नआएको कारणबाट सोही दिन मृत्यु भएको पाइन्छ ।

२१. युद्धमा भाग नलिएका क्याम्बेट ड्रेस नलगाएको, निःशस्त्र साधारण व्यक्तिलाई आफनो कब्जामा लिइएको र कब्जामा लिइसकेपछि पनि सोधपुछको क्रममा बेहोस भएको व्यक्तिलाई उपचारको लागि कुनै पहल नगरीकन त्यसै छोडी फेरि होस आएपछि सोध्ने काम गरेको, सुरक्षाकर्मीले नियन्त्रणमा लिएको व्यक्तिलाई बिरामी भएको अवस्थामा उपचार गराउनुपर्ने, कब्जामा राख्दा मानवीय व्यवहार गर्नुपर्ने भन्ने जेनेभा कन्भेन्स १९४९ को साझा धारा ३, नागरिक अधिकार ऐन २०१२ को दफा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ को उल्लङ्घन भएको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ (१ र २) बमोजिम दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतक देवेन्द्र राईको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन र दोषीलाई कारबाही गर्नुपर्ने देखिन्छ ।

२२. अतः भोजपुर जिल्ला देवान्टार गाविस वडा नं. ७ बस्ने देवेन्द्र राईलाई मिति २०६२ पौष २० गते जिल्लाको हतुवागढी संयुक्त सुरक्षा वेस क्याम्प घोरेटारमा पक्राउ गरी राखिएको र त्यही राखेकै अवस्थामा निजलाई यातना दिएको कारण भोलिपल्ट २१ गते मृत्यु भएको सम्बन्धमा उजुरी परी आयोगबाट अनुसन्धानको लागि खटिई गएको टोलीले घटनाको सम्बन्धमा स्थानीय व्यक्तिहरूको भनाइ, मृतकको ... तथा ... को बयानलगायतका अनुसन्धान प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र कालीध्वज गण भोजपुरको लिखित जवाफसमेतबाट सुरक्षाफौजद्वारा मारिएको पाइएकाले उक्त कारबाहीबाट मानव अधिकारको उल्लङ्घन हुन गएको देखिँदा विशेष अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितका परिवारलाई दुई लाख पचास हजार क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गरी पठाउने ठहर्छ ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने**

..................

यज्ञप्रसाद अधिकारी

प्रमुख, संरक्षण महाशाखा

....... ............ ............

सदस्य सदस्य सदस्य

............. ............

सदस्य अध्यक्ष

इति संवत् २०६३ साल जेठ २३ गते रोज ३ मा शुभम्

## श्री राष्ट्रिय मानव अधिकार आयोग

## ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री

माननीय सदस्य सुशीला सिंह सिलु

माननीय सदस्य सुदिप पाठक

माननीय सदस्य गोकुल पोखरेल

माननीय सदस्य डा. राम दयाल राकेश

**विषय : विद्युतीय धरापमा परी मृत्यु तथा घाइते ।**

**नेकपा (माओवादी) को सार्वजनिक सडकमा विद्युतीय धराप थापि विष्फोट गराउने कार्यले मानवीय कानुनले सैन्य र गैरसैन्यबीच गर्नुपर्ने व्यवहार तथा गैरसैनिक जनसङ्ख्या तथा गैरसैनिक सम्पत्तिको विनास गर्न नहुने भनी जेनेभा महासन्धि १९४९ को साझा धारा ३ ले गरेको व्यवस्थाको प्रतिकूल कार्य भई मानवीय कानुनको उल्लङ्घन भएको हुँदा त्यस्तो कार्य मानवीय कानुनको बर्खिलाप भएको देखियो ।** (प्रकरण नं. १३)

प्रस्तुत उजुरीको सङ्क्षिप्त विवरण यसप्रकार छ

१. कपिलवस्तु जिल्ला खुरहुरिया गाविसमा मिति २०६२।३।२४ गते नेकपा (माओवादी) ले थापेको विद्युतीय धरापमा परी एक सर्वसाधारण सहित २ सुरक्षाकर्मीको मृत्यु र विष्फोटपछि थप २ जना सर्वसाधाराणको मृत्यु भएको भन्ने राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएकाले घटनाको गाम्भीर्यतालाई मनन गरी आयोगले आफ्नै स्वविवेकमा घटनाको कारबाही, छानबिन तथा अनुसन्धान अगाडि बढाइएको रहेछ ।

२. अनुसन्धानको क्रममा उक्त घटना भएको दिन म घरमा थिएँ । ठूलो आवाज आएको सुनेँ । अन्धाधुन्ध गोली फायर गर्दा मसुरादेवी पन्थीको धारामा पानी थापिरहेको अवस्थामा छातीमा गोली लागी मृत्यु भएको हो । यसैगरी सोही धारामा खुमबहादुर गन्धर्वलाई गोली लागेको थियो । सुरक्षाकर्मीले ... लाई कुटपिट गरी घाइते भएपछि उनीहरूले नै बोलाएको एम्बुलेन्समा राखी उपचारका लागि अञ्चल अस्पताल बुटवलमा लगी उपचार गराएछन् । विद्युतीय धरापमा परी सुरक्षाकर्मी २ र ड्राइभरको घटनास्थलमा नै मृत्यु भएको हो, सुरक्षाकर्मी केकति घाइते भए मलाई थाहा भएन भन्ने ब्यहोराको मिति २०६२।४।४ को ... को बयान ।

३. उक्त दिन म घटनास्थलमा थिइनँ । पछि गाउँमा आउँदा सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाएको र त्यसबाट मसुरादेवी पन्थीको धारामा पानी थापिरहेको वेलामा मृत्यु भएको थाहा पाएँ । ... लाई सोही धारामा नुहाउन लाग्दा साँप्रामा गोली लागेको भन्ने थहा पाएँ । ...लाई चोटपटक लागी घाइते भई सुरक्षाकर्मीले बुटवल अञ्चल अस्पतालमा लगी उपचार गरेको थाहा पाएको छु । अन्य गाउँका १६ जनालाई सुरक्षाकर्मीले सोधपुछ गरेको

थाहा पाएको छु भन्ने ब्यहोराको मिति २०६२।४।४ को ...को बयान ।

४. करिब ७:०० बजेको बजार चोकदेखि ५० मिटर पर थियौं । ठूलो आवाज आयो । वाहिर निस्की हेर्दा ट्याक्टरको ट्रलीबाट सुरक्षाकर्मी बाहिर निस्किरहेका थिए र त्यसैको अन्तरालमा उनीहरूले अन्धाधुन्ध गोली वर्षाए । करिब १ घण्टासम्म गोली चलिरहेको थियो । घर बाट निस्कन सकिन्थेन । ९:०० बजेतिर गोली चल्न कम भएपछि ... को घरमा आउँदा ... लाई गोली लागी मृत्यु भइसकेको र ... लाई साँप्रामा गोली लागी घाइते भई पल्टिएको अवस्थामा फेला पारी उपचारको लागि ४ नं. हाट बजारको ... मेडिकलमा लगी उपचार गर्ने काम भयो । त्यसको भोलिपल्ट ७:०० बजेतिर सुरक्षाकर्मीहरू घटनास्थलमा आई निरीक्षण गरे र एक जना मसुरादेवीको घरमा आई यो गोली हाम्रो होइन, माओवादीको हो, केही गर्न सक्दैनौं भनेर लास पोस्टमार्टम गर्न आउनु होला भनेर गए। ... को उपचारको लागि कृष्णनगरमा डाक्टर ... कहाँ लगिएको हो र उपचारमा रु १,२५०। खर्च भएको भन्ने सुनेको छु भन्ने मिति २०६२।४।४ को ... को बयान ।

५. उक्त दिन साँझ करिव ७ बजेको समयतिर म साइकल पन्चर भएकाले पन्चर टाल्न भनी ४ नं. चोक गएको थिएँ । त्यही वेला निजकै आर्मीका २ वटा ट्रयाक्टर दक्षिण गणेशपुरतिर गइसकेको र तेस्रो ट्रयाक्टर विष्फोटमा परेको थाहा छ। विष्फोटपछि हामी सबै घरभित्र बसेका थियौं । त्यसपछि सेना आएर हामीलाई कुटपिट गऱ्यो । हामी करिब १७ जना घाइते भएका छौं। मेरो टाउकोमा ढुङ्गा आएर लागेछ। दायाँतर्फ कन्चटमा २ वटा टाँका लगाएको छ । दाहिने हातको बूढीऔंलामा पनि चोट लागेको छ । त्यति वेला सोचाहिँ थाहा पाइनँ, टाउकोमा चोट लागी बेहोस भई लड्न पुगेछु। होस खुल्दा टाउकोबाट र गत वगिरहेको थियो । गणेशपुरतिरबाट आएको एम्बुलेन्सले आर्मी पुलिसको घाइतेसँगै मलाई बुटवल अस्पताल लगेको थियो । उपचारमा लागेको पैसाचाहिँ मैले तिर्नु परेन । अर्को दिन अस्पतालले मलाई डिस्चार्ज गरेको हो । मलाई अहिले दायाँ कोखामा दुख्छ, टाउकोको पनि एक्स रे भएको छैन । स्वास्थ्य सुधारको लागि अव अगाडिको उपचार खर्च सरकारले नै व्यहोरिदेओस् भन्ने मिति २०६२।४।४ को घाइते ... को बयान ।

६. मिति २०६२।३।२४ गते बिहान ७:०० बजेतिर गणेशपुर क्याम्पका सुरक्षाकर्मी आई गस्तीका लागि ट्रयाक्टर आवश्यक परेकोले ८:०० बजेसम्म गणेशपुर क्याम्पमा पुऱ्याई सहयोग गरिदिनुपऱ्यो भन्नुभएकाले सो गाडी सधैँ चलाउने ड्राइभर नभएकाले आफ्नै नाती पर्ने डाक्टर भनी बोलाउने राजेश कुर्मीलाई उक्त दिन ट्रयाक्टर दिई पठाएकोमा ट्रयाक्टर साँझसम्म पनि आएन । अर्को दिन बिहान सो ट्रयाक्टर विद्युतीय धरापमा परेको गाउँलेबाट थाहा पाई बुझ्न जाँदा उक्त घटनामा गस्तीमा गई

फर्किरहेका सुरक्षाकर्मीसहित चालक डाक्टर भन्ने राजेश कुर्मीको पनि मृत्यु भएकाले सुरक्षाकर्मीले निजको लास बहादुरगन्जको अस्पतालमा पुऱ्याई पोस्टमार्टम गरी वेवारिसे अवस्थामा राखेको पाएपछि सो लास बुझेको कागज लेखिदिएपछि संस्कारबमोजिम दाहसंस्कार गरेको हो । घटना कसरी घट्यो सोबारेमा हामी कसैलाई पनि केही थाहा छैन । मेरो ट्र्याक्टर पूर्ण रूपमा क्षति भई काम नलाग्ने भएकाले सरकारबाट सो को क्षतिपूर्तिका र किरिया खर्च तथा पाउनुर्पछ भन्ने मिति २०६२।४।४ को ट्र्याक्टर धनी ... को बयान ।

७. सोही ब्यहोरालाई सर्मथन हुने गरी ... र ... समेतका अन्य व्यक्तिहरूले गरि दिएको बयान ।

८. उक्त दिन साँझ करिब ७.०० बजेतिर म घरको धारामा नुहाउन लागेको थिएँ । मेरो छिमेकी मसुरादेबी पानी लिन आउनुभएको थियो । त्यति नै बेला विष्फोटको ठूलो आवाज आयो । यसैक्रममा गोली आई मेरो तिघ्रामा लाग्यो । साथै मसुरादेवीलाई छातीमा गोली लागी त्यहीँ नै ढल्नुभयो । म डरले घर आएँ । भोलिपल्ट सर्वसाधारणको सवारी साधन प्रयोग गरी सधैँझैं गस्तीका लागि गणेशपुर क्याम्पबाट मिति २०६२।३।२४ गते ... समेतको ३ वटा ट्याक्टरमा चढी गणेशपुर क्याम्पबाट सुरक्षाकर्मीहरू आइटी रोड हुँदै धानखोलातर्फ गई फर्किआउने क्रममा खुरहुरिया गाविस वडा नं. ६ मा आइपुग्दा २ वटा ट्र्याक्टर विद्युतीय धराप पार गरी गएको र पछाडि रहेको डाक्टर भन्ने राजेश चौधरीले चलाएको सुरक्षाकर्मीसहितको लु.१त.३०२४ नं. को ट्र्याक्टर शक्तिशाली विष्फोटनमा परेको रहेछ । उक्त ट्याक्टरको बडीको मध्य भाग डाइभर बस्ने भन्दा मुनिको भागमा विष्फोटनको असर परेको, एक साइडको बडीको भागको ठूलो चक्का उच्छिटिएर खेततर्फ पुगेको, पार्टपुर्जाहरू यत्रतत्र छरिएको, ट्याक्टरको वडीको भागमा बस्ने चालक तथा २ जना सुरक्षाकर्मीको घटनास्थलमा नै मृत्यु भएको, ५ जना सुरक्षाकर्मीहरू गम्भीर रूपमा घाइते भएको, घटनास्थलमा करिव ६ फिट लम्बाइ र ५ फिट चौडाइको खाल्डो परेको, घटनास् थलबाट करिव ३०० मिटर दक्षिणतर्फ रहेको सिसौको रुखको आडसम्म तार बिछ्याई विष्फोट गराइएको भन्ने सर्वसाधारण तथा सुरक्षाकर्मीबाट जानकारी प्राप्त भएको थियो । उक्त ट्याक्टरमा गणेशपुर क्याम्पका सुरक्षाकर्मीहरू मात्र सवार रहेको पाइयो । घाइते सुरक्षाकर्मीहरूलाई एम्बुलेन्समा राखी सुरुमा लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार गराई त्यसपछि काठमाडौं लगिएको रहेछ । घटनापछि घटनास्थल वरपर रहेका नागरिकको घर खानतलासी गर्ने, तत्काल भेटिएका मानिसहरूलाई कुटपिट गर्ने जस्ता कार्य शाही नेपाली सेनाका अर्को २ वटा ट्याक्टरमा रहेका सुरक्षाकर्मीबाट भएको र सोही क्रममा गणेशपुर गाविस ... बस्ने

... को टाउकोमा चोटपटक लागी बेहोस भई सोही स्थानमा नै ढलेपछि घाइते सुरक्षाकर्मी लैजान ल्याइएको एम्बुलेन्समा राखी लुम्बिनी अस्पतालमा लगि टाउकोमा २ वटा टाँका लगाई उपचार गराइदिएका रहेछन् । कुटपिट गर्ने कार्यका अतिरिक्त सुरक्षाकर्मी आत्मसंयम नभई जथाभावी गोली फायर गर्दा विद्युतीय धराप विष्फोटन भएको घटनास्थलबाट करिव ४०० मिटर टाढा उत्तरतर्फ रहेको ... को घर वाहिरको चापाकल (पानीको धारा) मा नुहाउँदै गरेका ... को दाहिने साँप्रामा गोली लागी घाइते भएका र उपचार गर्ने रकम नभएर ऋण सापटी मागी आफ्नै खर्चमा उपचार गराई हाल घरमा बसिरहेका रहेछन् । यसैगरी सोही पानी धारामा पानी थाप्न भनी डेक्ची हातमा लिई आउँदै गरेकी मसुरादेवी पन्थीको छातीमा गोली लागी तत्काल घटनास्थलमा नै निजको मृत्यु भएको रहेछ । ... को घरको भित्ता तथा अन्य धेरै घरको भित्तामा गोली लागी गोलीको निसान रहेको समेत पाइएबाट गोली जथाभावी फायर भएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदन रहेछ ।

९. जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको च.नं. ६४० मिति २०६२।७।१४ को पत्रानुसार “उक्त घटनामा ट्र्याक्ट्र चालक जि. कपिलबस्तु गणेशपुर गाविस वडा नं. ४ बस्ने राकेश चौधरीसहित अन्य २ जना सुरक्षाकर्मीको घटनास्थलमा नै मृत्यु भएको ५ जना सुरक्षाकर्मी घाइते भएको, विष्फोटनपश्चात्को दोहोरो भिडन्तमा क्रस फायरमा परी जिल्ला कपिलबस्तु खुरहुरिया गाविस वडा नं. ६ प्रेमनगर बस्ने मसुरादेवी पन्थीको घटनास्थलमा नै मृत्यु भएको, बस्ने ... को दायाँ साप्रामा गोली लागी घाइते भएको, सुरक्षाकर्मीबाट कुनै पनि किसिमको कुटाइ नभएको र कुटाइबाट घाइते ... को सम्बन्धमा कहीँकतैबाट कुनै किसिमको उजुरी पनि नपरेको र स्थानीय मानिसबाट बुझ्दा पनि उक्त घटना नभएको, लु.१ त ३०२४ नं. को ट्र्याक्ट्र आफ्नै कामले कपलिवस्तुको खुरहुरिया गाविस वडा नं. ६ स्थित प्रेमनगर गाउँतर्फ गै काम सकिएपछि फर्किआउने क्रममा घटनास्थलमा संयोगवश पुग्न गएकोले सुरक्षाकर्मी फर्किने क्रममा घटना घटेको, मृत्यु भएका सर्वसाधारण नागरिकको किरिया खर्च तथा क्षतिपूर्तिको लागि जि.प्रशासन कार्यालय कपिलवस्तुसमेतमा पत्राचार समेत गरिएको, सोही ठाउँ बस्ने ... लाई कही कतैबाट कुटपिट भएको भन्ने खुल्न नआएको” भन्ने जिल्ला प्रशासन कार्यालय कपिलबस्तुको जानकारी पत्र र सोही ब्यहोराको गृह मन्त्रालयको च.नं. १३४६ मिति २०६२।८।८ को पत्र ।

१०. कपिलवस्तु जिल्लाको खुरहुरिया गाविसमा २०६२ असार २४ गते नेकपा (माओवादी) ले थापेको विद्युतीय धरापमा परी एक सर्वसाधारणसहित २ सुरक्षाकर्मीको र विष्फोटपछि थप २ जना सर्वसाधाराणको मृत्यु भएको भन्ने राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा

समाचार प्रकाशित भएकाले घटनाको गाम्भीर्यतालाई मनन गरी आयोगले आफ्नै स्वविवेकमा घटनाको कारबाही, छानबिन तथा अनुसन्धानको कारबाही अगाडि बढाइएको रहेछ ।

११. विद्युतीय धरापमा परी मृत्यु तथा घाइते विषयमा नेकपा (माओवादी) द्वारा थापिएको विद्युतीय धरापमा परी १ सर्वसाधारण डाक्टर भनिने राकेश चौधरीसहित २ सुरक्षाकर्मीको मृत्यु भएको र ५ जना सुरक्षाकर्मीहरू घाइते भएको तथा विष्फोटपछि २ वटा ट्रयाक्ट्रका सुरक्षाकर्मीहरूले घटनास्थल वरपरका घर खानतलासी गरी उक्त समयमा भेटिएका मानिसहरूलाई कुटपिट गरेको र सोही क्रममा गणेशपुर ... बस्ने ... को टाउकोमा चोटपटक लागी बेहोस भई सोही स्थानमा ढलेपछि घाइते सुरक्षाकर्मी लैजान ल्याइएको एम्बुलेन्समा राखी लुम्बिनी अस्पतालमा लगी टाउकोमा २ वटा टाँका लगाई उपचार गराइदिएका, कुटपिट गर्ने कार्यका अतिरिक्त सुरक्षाकर्मी आत्मसंयम नभई जथाभावी गोली

१२. फायर गर्दा विद्युतीय धराप विष्फोटन भएको घटनास्थलबाट करिव ४०० मिटर पर उत्तरतर्फ रहेको ... को घर बाहिरको चापाकल (पानीको धारा) मा नुहाउँदै गरेका ... को दाहिने साँप्रामा गोली लागी घाइते भएका र उपचार गर्ने रकम नभएर ऋण सापटी मागी आफ्नै खर्चमा उपचार गराई हाल घरमा बसिरहेको, यसैगरी सोही धारामा पानी थाप्न भनी डेक्ची हातमा लिई आउँदै गरेकी मसुरादेवी पन्थीको छातीमा गोली लागी तत्काल घटनास्थलमा नै निजको मृत्यु भएको, ... को घरको भित्ता तथा अन्य घरको भित्तामा गोली लागी गोलीको निसान रहेको समेत पाइएबाट गोली जथाभावी फायर भएको देखिन आउछ ।

१३. यसमा मिसिल संलग्न रहेका सम्पूर्ण प्रमाण कागजातहरूको अध्ययन विश्लेषण गर्दा कपिलवस्तु जिल्ला खुर हुरिया गाविसमा मिति २०६२।३।२४ गते नेकपा (माओवादी)ले थापेको विद्युतीय धरापमा परी १ सर्वसाधारणसहित २ सुरक्षाकर्मीको मृत्यु तथा ५ सुरक्षाकर्मी घाइत भएको तथा घटनापश्चात् सुरक्षाकर्मीहरूले घटनास्थल वरपरका घरमा खानतलासी लिई भेटिएका मानिसहरूलाई कुटपिट गरी घाइते पार्नुका अतिरिक्त अन्धाधुन्ध गोली फायर गरी २ सर्वसाधारण व्यक्तिको मृत्यु भएको पाइयो । यस घटनामा नेकपा (माओवादी) को सार्वजनिक सडकमा विद्युतीय धराप थापी विष्फोट गराउने कार्यले मानवीय कानुनले सैन्य र गैरसैन्यबीच गर्नुपर्ने व्यवहार तथा गैरसैनिक जनसङ्ख्या तथा गैरसैनिक सम्पत्तिको विनास गर्न नहुने भनी जेनेभा महासन्धि १९४९ को साझा धारा ३ ले गरेको व्यवस्थाको प्रतिकूल कार्य भई मानवीय कानुनको उल्लङ्घन भएको हुँदा त्यस्तो कार्य मानवीय कानुनको बर्खिलाप भएको देखियो । त्यस्तै शाही नेपाली सेनाले सैनिक प्रयोजनको लागि सार्वजनिक, निजी तथा भाडाका

सवारी साधनको प्रयोग गरिएको समेत पाइयो । सुरक्षाकर्मीको उक्त गैरकानुनी कार्यले नेपाल अधिराज्यको संविधान २०४७ को स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ६ ले प्रदत्त गरेको प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले प्रदान गरेको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकारको प्रावधान विपरीत हुन गएको छ ।

१४. अतः कपिलवस्तु जिल्लाको खुरखुरियामा नेकपा (माओवादी) ले थापेको विद्युतीय धरापमा परी डाक्टर भन्ने राजेश कुर्मीले चलाएको ट्र्याक्टर (लु १ त ३०३४) विष्फोट भई सुरक्षाफौजका २ जनाको मृत्यु भएको, सुरक्षाफौजले चलाएको गोलीबाट मन्सुरादेवी पन्थीको मृत्यु भएको तथा ... घाइते भएको देखिँदा मृतकको परिवारलाई रु. १,५०,०००।– क्षतिपूर्ति उपलब्ध गराउने र घाइतेलाई उपचार गराउँदा लागेको खर्चसमेतको आधारमा घाइते ... लाई रु. ६०,०००।– (अक्षरेपि साठी हजार रूपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो । साथै नेकपा (माओवादी) बाट सर्वसाधारणको आवगमन गर्ने सार्वजनिक स्थलमा विष्फोटक पदार्थ थाप्ने, छाड्ने कार्य जथाभावी रूपमा गरिएको पाइएकाले मानवीयता विरुद्धका यस्ता कार्य नगर्न आह्वान गर्ने निर्णय गरियो ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनु ।

**पेस गर्ने**

................................

यज्ञप्रसाद अधिकारी

प्रमुख, संरक्षण तथा अनुगमन महाशाखा ।

........... ........... .............

सदस्य सदस्य सदस्य

............. ............

सदस्य अध्यक्ष

इति संवत् २०६३ साल जेठ ३० गते रोज ३ शुभम् ................................ ।